# भारतीय नेपाली कथामा सिकार प्रसङ्गको विश्लेषणात्मक अध्ययन

**लघु शोध प्रबन्ध**

**सिक्किम विश्वविद्यालय**

भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विभागमा एमफिल

उपाधिका निम्ति प्रस्तुत

**लघु शोध प्रबन्ध**


**शोधार्थी**

विजय मोक्तान

**शोध निर्देशक**

प्रो कविता लामा

**नेपाली विभाग**

**भाषा अनि साहित्य सङ्काय**


**जुलाई २०२२**

# भारतीय नेपाली कथामा सिकार प्रसङ्गको विश्लेषणात्मक अध्ययन

**लघु शोध प्रबन्ध**

**सिक्किम विश्वविद्यालय**

भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विभागमा एमफिल

उपाधिका निम्ति प्रस्तुत

**लघु शोध प्रबन्ध**


**शोध निर्देशक**

प्रो कविता लामा १५/०७/२२

प्राध्यापक

SUPERVISOR
Department of Nepali
Sikkim University

नेपाली विभाग

सिक्किम विश्वविद्यालय

**शोधार्थी**

विजय मोक्तान
१५/०७/२०२२

विजय मोक्तान

पञ्जीकरण सङ्ख्या 20/M.Phil/NEP/02

नेपाली विभाग

सिक्किम विश्वविद्यालय


**जुलाई २०२२**

पाली विभाग
epartment of Nepali

# सिक्किम विश्वविद्यालय
# SIKKIM UNIVERSITY

(भारत की संसद के अधिनियम द्वारा वर्ष 2007 में स्थापित और नैक (एनएएसी) द्वारा वर्ष 2015 में प्रत्यायित केंद्रीय विश्वविद्यालय)
(A central university established by an Act of Parliament of India, 2007 and accredited by NAAC in 2015)

**Date: 15/07/2022**

## PLAGIARISM CHECK REPORT

This is to certify that plagiarism check has been carried out for the following M.Phil Dissertation with the help of URKUND SOFTWARE. The similarity index of the document is **9 %** which is below the permissible limit (upto 10% tolerance rate) as per the norms of Sikkim University.

Title of the Dissertation **"भारतीय नेपाली कथामा सिकार प्रसङ्गको विश्लेषणात्मक अध्ययन"**

The Dissertation is submitted by Mr. **Bijay Moktan**, an **M.Phil student** under the supervision of **Prof. Kabita Lama, Professor**, Department of **Nepali**, School of **Languages and Literature**, Sikkim University.

विजय मोक्तान
१५/०६/२०२२
(Bijay Moktan)

Signature of the Scholar

(Prof. Kabita Lama) 15/07/22

Signature of the Supervisor

SUPERVISOR
Department of Nepali
Sikkim University

15/7/2022
(Similarity Index Verified by the Librarian)

सिक्किम विश्वविद्यालय
(भारत के संसद के अधिनियम द्वारा स्थापित केंद्रीय विश्वविद्यालय)
SIKKIM UNIVERSITY
(A central university established by an Act of Parliament of India in 2007)

Dr. Kabita Lama, PhD
ofessor, Department of Nepali
hool of Languages & Literature

# शोध निर्देशकबाट अग्रसारण

सिक्किम विश्वविद्यालय, नेपाली विभागका एमफिल शोधार्थी विजय मोक्तान (पञ्जीकरण सङ्ख्या 20/MPhil/NEP/02)-द्वारा *भारतीय नेपाली कथामा सिकार प्रसङ्गको विश्लेषणात्मक अध्ययन* शीर्षकमा प्रस्तुत गरिएको यो लघु शोध प्रबन्ध यिनको मौलिक शोध कार्यको परिणाम हो। यो लघु शोध प्रबन्ध मेरो निर्देशनमा रही परिश्रमपूर्वक तयार पारेका हुन्। विजय मोक्तानले यस शोध प्रबन्धमा शोध विषयक नियम एवम् सिद्धान्तहरूको यथावश्यक तथा यथाविधि पालन गरेका छन् भन्ने कुरा म प्रमाणित गर्दै यो लघु शोध प्रबन्ध आवश्यक मूल्याङ्कनका लागि सिक्किम विश्वविद्यालयको सम्बन्धित निकायसमक्ष अग्रसारित गर्दछु।

२५/०६/२२

SUPERVISOR
Department of Nepali
Sikkim University

प्रो. कविता लामा
शोध निर्देशक
नेपाली विभाग
सिक्किम विश्वविद्यालय

6th Mile, Samdur, Tadong -737102, Gangtok, Sikkim, India
Mob. : +91 98320 66182 / 97758 41185
Email : klama@cus.ac.in
website : www.cus.ac.in

# प्रतिबद्धता पत्र

सिक्किम विश्वविद्यालय भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विभागमा एमफिल उपाधिका निम्ति *भारतीय नेपाली कथामा सिकार प्रसङ्गको विश्लेषणात्मक अध्ययन* शीर्षकमा तयार पारिएको यो लघु शोध प्रबन्ध नितान्त नवीन एवम् मौलिक कार्य हो। प्रस्तुत शोध प्रबन्धलाई मैले प्रो कविता लामाका कुशल निर्देशनमा रहेर गरेको हुँ। यस शोध कार्यमा विभिन्न स्रोत माध्यमबाट सामग्री सङ्कलन गरी त्यसलाई वैज्ञानिक ढङ्गमा उपयोग गरेको छु। यस शोध प्रबन्धको निष्कर्ष यसअघि मैले कुनै पनि उपाधि अथवा अन्य प्रयोजनका लागि प्रयोग गरेको छैन साथै शोध प्रबन्ध भित्रका कुनै पनि अंश पत्र पत्रिका तथा कुनै पनि पाठ्य पुस्तकको अंशका रूपमा प्रकाशित गराएको छैन।

उपर्युक्त शोध अध्ययनका विरुद्ध यदि कुनै प्रमाण भेटिएमा त्यसप्रति म पूर्णतः उत्तरदायी हुनेछु भनी यो प्रतिबद्धता प्रकट गर्दछु।

शोधार्थी,

विजय मोक्तान

१५/०८/२०२२

विजय मोक्तान

एमफिल, नेपाली विभाग

सिक्किम विश्वविद्यालय

## कृतज्ञता ज्ञापन

सिक्किम विश्वविद्यालय नेपाली विभागअन्तर्गत एमफिल पाठ्यक्रममा रहेको लघु शोध प्रबन्ध लेखनअन्तर्गत मेरो विषय *भारतीय नेपाली कथामा सिकार प्रसङ्गको विश्लेषणात्मक अध्ययन* रहेको छ। यस शोध कार्यमा भारतीय नेपाली कथामा प्रयुक्त सिकार प्रसङ्गको अध्ययन गरिएको छ।

प्रस्तुत लघु शोध प्रबन्ध श्रद्धेय गुरुआमा प्रो कविता लामा, नेपाली विभाग, सिक्किम विश्वविद्यालयका निर्देशनमा मैले तयार पारेको हुँ। श्रद्धेय गुरुआमाबाट प्राप्त सुझाउ एवम् मार्गदर्शनले म यो शोध अध्ययन गर्न सक्षम भएको छु। उहाँको मार्गदर्शन र सहयोगबिना यो शोध कार्य गर्न सम्भव थिएन। शोध कार्य लेख्ने क्रममा उहाँले मेरो कमी कमजोरी खुट्ट्याएर मलाई उचित सुझाउ र यथेष्ट समय दिएर मार्ग निर्देशन गर्नु भएको छ। तसर्थ श्रद्धेय गुरुआमाको प्रोत्साहनमय सहयोगका निम्ति म उहाँप्रति सदैव ऋणी रहने छु। यस कार्यमा मलाई आवश्यक सुझाउ र मार्ग निर्देशक गर्नु हुने तथा आवश्यक सामग्री तथा पुस्तक आदि उपलब्ध गराइदिनु हुने नेपाली विभाग, सिक्किम विश्वविद्यालयका श्रद्धेय गुरुजनमा प्रो पुष्प शर्मा, डा समर सिन्हा, डा देवचन्द्र सुब्बा, प्रा बलराम पाण्डे, डा अरुणा राई र डा सुमन बान्तवाप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु।

सिक्किम विश्वविद्यालय साथै उत्तर बङ्ग विश्वविद्यालय नेपाली विभागका शोधार्थी अग्रज दाजु, दिदी तथा मित्रगणबाट पनि यस शोध लेखनमा धेरै सहयोग र हौसला प्राप्त भएको छ, जसका निम्ति म उहाँहरूलाई विशेष धन्यवाद दिँदछु। विभागका शोधार्थी दाजुहरूमा डा कृष्णकुमार सापकोटा, योगेश लिम्बू लगायत मेरा मित्रगणमा पनि विशेष धन्यवाद दिँदछु।

यस शोध लेखनका समयमा सदैव साथ दिनु हुने मेरा परिवारका सम्पूर्ण सदस्यहरूप्रति पनि हार्दिक कृतज्ञता प्रकट गर्दछु। यस कार्यका लागि सदैव आशीर्वाद दिनु हुने स्वर्गीय आमा सुकूडोल्मा मोक्तानप्रति नमन गर्दछु।

विनीत,

विजय मोक्तान

१५/०४/२०२२

विजय मोक्तान

नेपाली विभाग

# सङ्केताक्षर सूची

| | |
|---|---|
| अनु | अनुवाद |
| आइएलएआर | इन्स्टिट्यूट फर ल्याब्रोटरी एनिमल रिसर्च |
| इ. पू | इसा पूर्व |
| एमएलएन | मोर्डन ल्याङ्ग्वेज नोट्स |
| जेएसएल | जेनेरल सेल्स लाइसेन्स |
| डा | डाक्टर |
| दो संस्क | दोस्रो संस्करण |
| प्र सम्पा | प्रधान सम्पा |
| प्रा लि | प्राइवेट लिमिटेड |
| बिबिसी | ब्रिटिस ब्रोडकास्टिङ कर्पोरेसन |
| सम्पा | सम्पादक |
| सा संस्क | सातौँ संस्करण |
| सिआइआइएल | सेन्ट्रल इन्स्टिट्यूट अव् इन्डियन ल्याङ्ग्वेज |
| सं | सम्वत् |

# विषय सूची


| | विषय | पृष्ठ सङ्ख्या |
|---|---|---|
| | भावहरणको प्रमाण पत्र | क |
| | शोध निर्देशकबाट अग्रसारण | ख |
| | प्रतिबद्धता पत्र | ग |
| | कृतज्ञता ज्ञापन | घ |
| | सङ्केताक्षर सूची | ङ |
| **पहिलो अध्याय:** | **शोध परिचय** | **१-७** |
| | १.१ शोधको शीर्षक | १ |
| | १.२ शोध परिचय | १-२ |
| | १.३ शोध समस्या | २ |
| | १.४ शोधको उद्देश्य | ३ |
| | १.५ पूर्वकार्यको सर्वेक्षण अनि समीक्षा | ३-६ |
| | १.६ शोध प्रयोजन | ६ |
| | १.७ शोध विधि | ६ |
| | १.७.१ शोध सामग्री सङ्कलन पद्धति | ६ |
| | १.८ शोध सीमा | ६-७ |
| | १.९ लघु शोध प्रबन्धको रूपरेखा | ७ |
| | १.१० भावी शोधकर्तालाई सुझाउ | ७ |
| **दोस्रो अध्याय:** | **समाजमा सिकारको अवधारणा र यसको विकास** | **८-३६** |
| | २.१ सिकारको परिचय | ८ |
| | २.१.१ सिकारको अर्थ र परिभाषा | ८-९ |
| | २.२ सिकारको पृष्ठभूमि | ९-१२ |
| | २.३ सिकारको उद्देश्य | १२ |
| | २.३.१ आहारको खोजीका निम्ति | १२-१३ |
| | २.३.२ मनोरञ्जन वा सौकका निम्ति | १३ |
| | २.४ सिकार र बलिप्रथाको सम्बन्ध | १४ |
| | २.५ सिकार गरिने विधि र उपकरण | १४ |

२.५.१ परम्परागत विधि १५
२.५.२ आधुनिक विधि १५
२.५.३ विभिन्न पशु प्राणीको प्रयोग १५
२.५.३.१ कुकुर १६
२.५.३.२ घोडा १६-१७
२.५.३.३ चितुवा १७
२.५.३.४ बाज १७
२.५.३.५ हात्ती १७-१८
२.६ सिकारको वर्गीकरण १८
२.६.१ प्रयोजनका आधारमा १८
२.६.१.१ अनुसन्धानका रूपमा १८-१९
२.६.१.२ शक्ति प्रदर्शनका रूपमा २०
२.६.१.३ व्यापारका रूपमा २०-२१
२.६.२ पद्धतिका आधारमा २१
२.६.२.१ पासो लगाएर गरिने सिकार २१
२.६.२.२ हिर्काएर गरिने सिकार २२
२.६.२.३ खेदेर गरिने सिकार २२
२.६.२.४ मचान बनाएर गरिने सिकार २२
२.६.२.५ पशु प्राणीले झैँ आवाज निकालेर गरिने सिकार २३
२.७ सिकारको अभिप्राय २३-२५
२.८ लोकसाहित्यमा वर्णित सिकारको प्रसङ्ग २६
२.८.१ लोकगीत २६-२७
२.८.२ लोकगाथा २७-२८
२.८.३ लोकोक्ति २८-२९
२.८.४ लोकचिकित्सा २९
२.८.५ लोकविश्वास २९-३०
२.९ लोकसंस्कृति ३०-३१
२.१० परिवेश विमर्शका दृष्टिले सिकार ३१
२.१०.१ पारिस्थितिकी तन्त्र ३१-३२

| | | | |
|---|---|---|---|
| | | २.१०.१.१ प्राकृतिक पारिस्थितिकी तन्त्र | ३२ |
| | | २.१०.१.२ कृत्रिम वा मानव निर्मित पारिस्थितिकी तन्त्र | ३२-३३ |
| | | २.१०.२ पारिस्थितिकी तन्त्रमा सिकारको प्रभाव | ३३-३४ |
| | २.११ | सिकार सम्बन्धित कानुन | ३४-३६ |
| | २.१२ | निष्कर्ष | ३६ |
| **तेस्रो अध्याय:** | | **भारतीय नेपाली समाज र नेपाली साहित्यमा सिकारको सन्दर्भ** | **३७-५९** |
| | ३.१ | नेपाली समाजको परिचय | ३७ |
| | ३.२ | नेपाली साहित्यमा सिकारको अवधारणा र विकास | ३८-४२ |
| | ३.३ | सिकारसम्बन्धी लेखिएका भारतीय नेपाली कथाको सङ्क्षिप्त अध्ययन | ४२-५८ |
| | ३.४ | निष्कर्ष | ५८-५९ |
| **चौथो अध्याय:** | | **सिकार प्रसङ्गका आधारमा भारतीय नेपाली कथाको विश्लेषण** | **६०-९४** |
| | ४.१ | भारतीय नेपाली कथामा पाइने सिकारका विविध पक्ष | ६० |
| | | ४.१.१ उद्देश्यका आधारमा | ६१ |
| | | ४.१.१.१ जीविकोपार्जनका निम्ति | ६१-६६ |
| | | ४.१.१.२ मनोरञ्जन वा सौकका निम्ति | ६६-७१ |
| | | ४.१.२ प्रयोजनका आधारमा | ७१ |
| | | ४.१.२.१ अनुसन्धान | ७१-७३ |
| | | ४.१.२.२ शक्ति प्रदर्शन | ७३-७४ |
| | | ४.१.२.३ व्यापार वाणिज्य | ७५-७६ |
| | | ४.१.३ विधिका आधारमा | ७६ |
| | | ४.१.३.१ परम्परागत | ७६-७९ |
| | | ४.१.३.२ आधुनिक | ८०-८१ |
| | | ४.१.४ पद्धतिका आधारमा | ८१ |

| | | | |
|---|---|---|---|
| | | ४.१.४.१ हिर्काएर गरिने सिकार | ८१-८२ |
| | | ४.१.४.२ जाली वा पासो लगाएर गरिने सिकार | ८२-८३ |
| | | ४.१.४.३ खेदेर गरिने सिकार | ८३-८५ |
| | ४.१.५ सिकारमा प्रयोग गरिने प्रमुख साधनहरू | | ८५ |
| | ४.१.६ परिवेश विमर्शका आधारमा | | ८६-८९ |
| | ४.१.७ अन्यान्य पक्षका आधारमा | | ९० |
| | | ४.१.७.१ संस्मरणात्मक | ९०-९१ |
| | | ४.१.७.२ लोकविश्वास | ९१-९२ |
| | | ४.१.७.३ सिकार विरोधी | ९२-९४ |
| | ४.२ निष्कर्ष | | ९४ |
| **पाँचौँ अध्याय:** | **उपसंहार एवम् निष्कर्ष** | | **९५-१०१** |
| | ५.१ उपसंहार | | ९५-९८ |
| | ५.२ निष्कर्ष | | ९८-१०१ |
| | **ग्रन्थसूची** | | **१०२-१०८** |

# पहिलो अध्याय

# शोध परिचय

## १.१ शोधको शीर्षक

प्रस्तुत लघु शोध प्रबन्धको शीर्षक *भारतीय नेपाली कथामा सिकार प्रसङ्गको विश्लेषणात्मक अध्ययन* रहेको छ।

## १.२ शोध परिचय

सामान्यतः कथा भनेको प्रवचनको एउटा प्रकार हो। जुन घटना वा अनुभव समयसँगै बित्दै जान्छ र केही कुराको जानकारी गराउँदछ वास्तवमा कथा त्यही हो। कथा 'भन्ने र सुन्ने परम्परा' आदिम मानव जीवनदेखि नै चल्दै आएको पाइन्छ। घनश्याम नेपालले *आख्यानका कुरा* (सन् २००५)-मा मानव शरीरमा आवश्यकता बोध गर्ने चारवटा मूल ठाउँ छन् जसले गर्दा मानिसलाई चारथरीका भोक लाग्दछन्। ती हुन्- भुँडीको भोक, यौनको भोक, प्रेमको भोक वा सहजीवनको भोक अनि बौद्धिकताको भोक वा ज्ञानको भोक। मानिसका यिनै भोकका कारणले कथा सिर्जना भएको हुन्छ भनेर देखाएका छन्। उनले कथाको पहिलो उत्पत्ति भुँडीको भोकका कारण मानिसहरूले सिकार गर्न जाँदा वा फलफुलको खोजीमा जाँदा सामना गर्नु परेका परिस्थिति वा घटनालाई कथकले विषयवस्तु बनाएको थियो भन्ने कुरा गरेका छन्। पुरुषले दिनभरि सिकार कसरी गरे? त्यस अनुभवलाई राति परिवारका सदस्यहरूलाई वरिपरि राखेर शारीरिक हाउभावद्वारा सुनाउने गर्दथे अनि परिवारका सदस्यहरूले त्यो पुरै घटना चाख मानेर सुन्ने गर्दथे। यहीँबाट कथा भन्ने परम्परा सुरु भएको मानिन्छ अर्थात् मौखिक परम्परालाई कथा विकासको प्रारम्भिक चरण मानिन्छ।

सिकारको प्रसङ्ग मानवीय समाजमा आदिम काल वा ओडार कालदेखि नै सुरु भएका हुनाले सांस्कृतिक पक्ष र प्रकृतिसँग यसको घनिष्ठ सम्बन्ध रहेको देखिन्छ। घनश्याम नेपालले *नेपाली साहित्यको परिचयात्मक इतिहास* (सन् २००९)-मा नेपाली भाषाको विकासको पूर्वमध्यकाल (सन् १५००-१७५०)-का आख्यानहरूमा सिकारसित सम्बन्धित ग्रन्थहरू लेखिएको पाइन्छ भनी उल्लेख गरेका छन् भने शान्तिराज शर्माले *कथाको संसार र संसारका कथा* (सन् १९९७) पुस्तकमा पनि पहिला कथाहरू

सिकारसम्बन्धी रहेका हुन् भनी स्विकारेका छन्। यसबाट स्पष्ट हुन्छ कि सिकारको सम्बन्ध मानव जीवनसित सुरुदेखि नै जोडिएको देखिन्छ।

पूर्वीय एवम् पाश्चात्य दुवै साहित्यमा सिकारको प्रसङ्गबारे लेखिँदै आएको पाइन्छ। पूर्वीय साहित्यको परिप्रेक्ष्यमा आदिकाव्य वाल्मीकिकृत *रामायण*, त्यसपछि व्यासका *भागवद्गीता*, कालिदासका *अभिज्ञान शाकुन्तलम्* आदि पौराणिक कृतिहरूमा यसको प्रसङ्ग उल्लिखित छन्। लोकसाहित्यका विविध विधा लोककथा, लोकगाथा, लोकनाटक आदिमा सिकारका प्रसङ्गहरूको उल्लेख कहीँ कतै लेखिएको देखिन्छ। सिकारको प्रसङ्ग लोकपरम्परा हुँदै लिखित साहित्यसम्म उल्लेख भएको पाइन्छ।

आधुनिक साहित्यमा सिकारको प्रसङ्ग विविधताका साथ प्रयोगमा आएको देखिन्छ। जस्तै, प्रकाश कोविदको *तर कहिले* (सन् १९८३) उपन्यासमा 'मृगे' पात्रलाई साहसका रूपमा, शिवकुमार राईका 'हिँउले पुरेको रहस्य', 'तिब्बतको हुलाक-पथ', 'ज्यानमारा?' आदि कथाहरूमा रहस्यपूर्ण कथानकका रूपमा, *सहारा* (सन् १९९५) उपन्यासमा हौदेलाई भालुले मारेपछि त्यसको त्रासले अङ्ग्रेज साहेब बौलाहा समेत भएका प्रसङ्ग आदिले साहित्यमा सिकारको वर्णन र चित्रण हुँदै आएको पाइन्छ।

**१.३ शोध समस्या**

प्रस्तुत शोध कार्यको शीर्षक नै पहिलो समस्या हो। यस लघु शोध प्रबन्धअन्तर्गत अन्य समस्याहरू निम्न लिखित छन्-

(क) सिकार प्रथा सुरु हुनाका कारण के हुन सक्छ?

(ख) नेपाली साहित्यमा सिकारको प्रसङ्ग भित्रिनाका कारणहरू के के छन्?

(ग) भारतीय नेपाली कथामा अभिव्यक्त सिकार प्रसङ्गले कस्तो समाजलाई देखाएको छ?

(घ) नेपाली कथामा अभिव्यक्त सिकारको अभिप्रायलाई कसरी बुझ्न सकिन्छ र यसको प्रभाव परिवेश विमर्शमा कस्तो परेको छ?

## १.४ शोधको उद्देश्य

माथि उल्लिखित शोध समस्याको समाधान गर्नु नै शोधको मूल उद्देश्य हो। ती उद्देश्यहरू निम्न लिखित छन्-

(क) सिकारको अवधारणालाई बुझेर यसको उद्देश्य खोजी गर्नु।

(ख) नेपाली साहित्यमा सिकारको प्रसङ्ग भित्रिनाका कारणहरू खोजेर पत्तो लगाउनु।

(ग) भारतीय नेपाली कथामा चित्रित सिकार प्रसङ्गले नेपाली समाजलाई केलाएर हेर्नु।

(घ) नेपाली कथामा सिकारको अभिप्रायलाई बुझेर साथै वर्णित सिकार प्रसङ्गले परिवेशमा पारेको प्रभावको अध्ययन गर्नु।

## १.५ पूर्वकार्यको सर्वेक्षण अनि समीक्षा

भारतीय नेपाली कथाहरूको अध्ययन परम्परालाई हेर्दा विभिन्न विषयहरूमा शोधमूलक कार्यहरू भएको पाइए तापनि भारतीय नेपाली कथामा वर्णित सिकार प्रसङ्गलाई लिएर कुनै समालोचना लेखिएको वा अध्ययन भएको पाइँदैन। यहाँ पूर्वकार्यको समीक्षामा केवल सिकारसम्बन्धी अध्ययन गरिएका तथा प्राप्त पुस्तक, पत्र पत्रिका तथा शोधपरक जर्नल र शोध प्रबन्ध आदिलाई निम्न प्रकारले राखिएको छ।

### (क) पुस्तकभित्र सङ्कलित लेखहरूका आधारमा

चूडामणि बन्धुको *नेपाली लोकसाहित्य* (सन् २००१)-मा ‘केही नमुना लोककथाहरू’-अन्तर्गत बुढा सुब्बा (किरात किंवदन्ती)-को चर्चा गरिएको छ। यस कथामा उनले किराती बुढा सुब्बाले सिकार खेल्न जाँदा एउटा मृगको पछिपछि लागेर विजयपुरसम्म आएका थिए। त्यहाँ उनले एउटा काँडले मृगलाई आक्रमण गरेको कुरा किराती किंवदन्तीमा उल्लेख रहेको पाइन्छ भनी लेखेका छन्।

प्रेम प्रधानले *केही अध्ययन केही विवेचना* (सन् २०१०) पुस्तकको ‘शिवकुमार राई-एक दृष्टि’ नामक समालोचनामा कथाकार राईका पाँचवटा कथा सङ्ग्रहहरूको समीक्षात्मक अध्ययन गरेका छन्। नेपाली वाङ्मय साहित्यमा जङ्गल, वन्य प्राणी, सिकार र पर्यावरणसम्बन्धी लेखिएको रचना धेरै कम पाइन्छ। उक्त लेखमा अभयारण्य र वन्य प्राणीहरूको स्वभाव र प्रकृतिको चित्रण गरिएको पाइन्छ।

तिनीहरूको प्राकृतिक जीवनसम्बन्धी ज्ञान बटुलेर कथाकारले सुन्दर ढङ्गमा रोचकताका साथ पाठकलाई जानकारी दिएका छन्। कथाकार राईले सिकार लगायत वन्य प्राणी र पर्यावरणमा कलम चलाएर नेपाली वाङ्मयलाई समृद्धि बनाएको छ भन्ने उनको मत रहेको छ।

कुमार प्रधानले आफ्नो पुस्तक *पहिलो पहर* (सन् २०१०)-मा 'पाद्री गंगाप्रसाद प्रधानको सन्दर्भमा'-को परिशिष्टमा 'हांस्को नराम्रो चल्लाको कथाहा'-को उद्धरण दिएका छन्। उक्त कथामा एक झुन्ड सिकारीहरू राजाहाँसको सिकार गर्न आएको प्रसङ्ग छ। कथामा हाँसको चल्लालाई मानवीय पात्रको रूपमा प्रस्तुत गरिएको छ। ती सिकारीहरूसित आएको सिकारी कुकुरले चल्लालाई नखाएकाले त्यस चल्लालाई आफू नराम्रो छु भन्ने लागेको प्रसङ्ग यस कथामा पाइन्छ।

**(ख) सम्पादित पुस्तकका आधारमा**

ईश्वर बरालले *झ्यालबाट* (सन् १९९६) पुस्तकमा 'नरबहादुर गुरुङ'-को कथामा साहसी सिकारीको वर्णन गरेका छन्। यसलाई उनले नरबहादुर गुरुङको वास्तविक जीवनमा आधारित कथा मानेका छन्।

जीवेन्द्रदेव गिरीको सम्पादनमा प्रकाशित *नेपाली लोकवार्ता* (सन् २०१३)-मा मोतीलाल पराजुलीका 'लोकगाथामा लोकतत्त्व' लेखमा भाग्यप्रति विश्वास गर्दा 'आठपहरिया' कथामा राजा सिकार खेल्न गएको उल्लेख पाइन्छ। यस कथामा सिकार खेल्न गएका राजा एक रातका निम्ति किसानको झोपडीमा बास बस्न पुग्छन्। त्यसै रात नवजात शिशुको छैटीको दिन पर्छ। मध्य रातमा शिशुको कर्मरेखा लेख्न आउने भावीलाई राजाले त्यस शिशुको भाग्य के लेख्यौ? भनी सोद्धा भावीले 'यस देशका राजाको उत्तराधिकारी भइस्' भन्ने कर्मरेखा लेखेँ भन्दछ। राजाले त्यस किसान पुत्रलाई तिनपल्टसम्म मार्न लगाउँदा पनि मर्दैन र अन्तमा राजकुमारीसँग विवाह गरी ऊ राजाको उत्तराधिकारी नै बन्दछ। कथाको अन्त सुखद भए तापनि उक्त कथामा राजा र सिकारको सन्बन्ध रहेको देखिन्छ।

यसै पुस्तकको अर्को कथा 'पाखण्डी महात्माको कथा'-मा पनि सिकारको प्रसङ्ग छ।

रिन्जी इडेन वाङ्गदीले *शिवकुमार राईका कथाहरूको अध्ययन* (सन् २०१८) पुस्तकमा नेपाली साहित्यमा थोरै कथाहरू सिकारबारे लेखिएका छन् तर सिकार कुनै समय विशेष हिमाली सुदुर ठाउँका

मानिसहरूको दिनचर्याको एउटा हिस्सा थियो। यही कमी कथाकार शिवकुमार राईले पुरा गरिदिएका छन् भनी लेखेकी छन्।

**(ग) शोध प्रबन्धका आधारमा**

जस्टिन बेन्दरले सन् १९९५ मा द *हन्टिङ मोटिफ लिटरेचर अव् द युनाइटेड स्टेट्स : १७८२-१९९२* शीर्षकमा विद्यावारिधि गरेका छन्। यसमा उनले उत्तर अमेरिकाको सिकारसम्बन्धी इतिहासबारे चर्चा गरेका छन् साथै १३ जना लेखकहरूलाई कालक्रमिक रूपमा राखेर उनीहरूका कृतिलाई अध्ययन गरी निष्कर्ष दिएका छन्। उनले यस शोध प्रबन्धमा सिकारको सैद्धान्तिक पक्ष राखेका छैनन्।

रायन रुस्सेल जुडकिन्सले *नोवेल वेनरी: हन्टिङ एन्ड द एरिस्टोक्रेटिक इन मेडिवल इङ्ग्लिस लिटरेचर* (सन् २०१२) विषयमा स्नातकोत्तर तहको लघु शोध प्रबन्ध लेखेका छन्। यसमा उनले सिकारलाई विभिन्न विम्ब, अलङ्कार र उपमाहरूसँग तुलना गरेका छन्।

जेरिको विलियम्सले द *अमेरिकन हन्टिङ स्टोरी एन्ड द फरमेसन अव् इन्भाइरोमेन्टल लिटरेचर* (सन् २०१७) विषयमा विद्यावारिधि गरेका छन्। यस शोध प्रबन्धमा विश्लेषित सिकार कथाहरूमा अमेरिकी इतिहास र साहित्यमा सिकारले पर्यावरणमाथि पारेको प्रभावबारे विशेष प्रकाश पारेको पाइन्छ। उनले संरक्षणवादी चिन्तनबाट यस शोध कार्य गरिएको देखिन्छ। जसरी परिवेश विमर्शले वैश्विक तापक्रममा वृद्धि र जलवायु परिवर्तनको प्रभावबारे चिन्ता व्यक्त गर्दछ उसरी नै विश्व पनि यस विषयमा चिन्तित छ। संसारमा विभिन्न पशु प्राणीहरूको सिकार गरिएकाले तिनीहरूको सङ्ख्या घटदै गएको छ। यसले पर्यावरण असन्तुलन बनाइरहेको छ भन्ने प्रसङ्ग उक्त शोध प्रबन्धमा चर्चा गरिएको छ।

चन्द्रिका राईले *शरद छेत्रीका कथामा मानवेतर पात्रको विश्लेषणात्मक अध्ययन* (सन् २०१९) विषयमा लघु शोध प्रबन्ध लेख्ने क्रममा सुखनमका कथाहरू 'टल्कने आँखा' र 'दिन बिग्रेको' कथाका पात्रहरूले सिकार गरेको कुरा देखाइएकी छन्। तर यसको विश्लेषण सिकारको सैद्धान्तिक आधारमा गरिएको छैन।

**(घ) वेब पत्रिका वा वेब स्रोतका आधारमा**

हेलेन फ्रिन्कले 'द हन्टिङ मोटिफ इन होफम्यानस्थाल्स वर्क्स' (सन् १९८०) नामक शीर्षकमा आख्यानकार होफम्यानस्थालका कृतिहरू *डाइ फ्राउ ओहने स्काटेन* र *एन्ड्रियास* उपन्यासमा प्रयुक्त सिकार प्रसङ्गहरूको विश्लेषण गरेकी छन्। होफम्यानस्थालका कृतिहरूमा नारीहरूलाई मृगसँग तुलना गरेकी छन् भने पुरुषलाई बाज वा हिंस्रक पशुका रूपमा देखाएको छ भनी उनले यस लेखमा बताएकी छन्।

## १.६ शोधको प्रयोजन

भारतीय नेपाली कथामा उल्लिखित र वर्णित सिकार प्रसङ्गबारे अध्ययन गर्नु प्रस्तुत शोधको प्रयोजन रहेको छ।

## १.७ शोध विधि

साहित्यमा सिकारसम्बन्धी कुनै स्थापित सैद्धान्तिक पक्षको विकास नभएकाले प्रस्तुत शोध कार्य आगमनात्मक विधिद्वारा अध्ययन गरिएको छ। यो शोध अध्ययन गुणात्मक र विश्लेषणात्मक पद्धतिद्वारा गरिएको छ। शोध कार्यमा चलाइने शब्दार्थका लागि *प्रयोगात्मक नेपाली शब्दकोश* (सन् २०२१)-को प्रयोग गरिएको छ। शोधको ढाँचा, पाद टिप्पणी, ग्रन्थसूची आदिका लागि सिक्किम विश्वविद्यालय, नेपाली विभागद्वारा निर्देशित *अनुसन्धान प्रारूप* (सन् २०२१)-लाई आधार बनाइएको छ।

### १.७.१ शोध सामग्री सङ्कलन पद्धति

यस लघु शोध प्रबन्धमा प्रयोग गरिने द्वितीय स्रोतअन्तर्गत विभिन्न पुस्तकालयबाट प्राप्त पुस्तक, शोध प्रबन्ध, पत्र पत्रिका, जर्नल आदिबाट अध्ययन सामग्री लिइएको छ। यसअतिरिक्त वेबसाइटहरूबाट प्राप्त शोधपरक लेख वा आवश्यक अध्ययन सामग्रीलाई समावेश गरिएको छ।

## १.८ शोध सीमा

नेपाली भाषा साहित्यमा सुरुदेखि नै सिकारसम्बन्धी लेखिएका विविध रचना तथा कृतिहरू प्राप्त भए तापनि प्रस्तुत शोध कार्य *भारतीय नेपाली कथामा सिकार प्रसङ्गको विश्लेषणात्मक अध्ययन*मा

भारतबाट लेखिएका नेपाली कथा सङ्ग्रहहरूमा सिकारको प्रसङ्ग रहेका कथालाई मात्र समावेश गरिएको छ।

### १.९ लघु शोध प्रबन्धको रूपरेखा

प्रस्तुत लघु शोध प्रबन्धलाई पाँचवटा अध्यायमा विभाजन गरिएको छ-

| | |
|---|---|
| पहिलो अध्याय - | शोध परिचय |
| दोस्रो अध्याय - | समाजमा सिकारको अवधारणा र यसको विकास |
| तेस्रो अध्याय - | भारतीय नेपाली समाज र नेपाली साहित्यमा सिकारको सन्दर्भ |
| चौथो अध्याय - | सिकार प्रसङ्गका आधारमा भारतीय नेपाली कथाको विश्लेषण |
| पाँचौँ अध्याय - | उपसंहार एवम् निष्कर्ष। |
| | ग्रन्थसूची |

### १.१० भावी शोधकर्तालाई सुझाउ

(क) नेपाली लोकसाहित्यमा सिकार र संस्कृतिको सम्बन्ध

(ख) भारतीय नेपाली आख्यानमा सिकारको अभिप्राय

(ग) प्रकृतिमा सिकारको प्रभाव र नेपाली साहित्यमा त्यसको लेखन विकास

# दोस्रो अध्याय

# समाजमा सिकारको अवधारणा र यसको विकास

## २.१ सिकारको परिचय

### २.१.१ सिकारको अर्थ र परिभाषा

'सिकार' शब्द फारसीबाट हिन्दी हुँदै नेपालीमा आएको हो। जनकलाल शर्माले आफ्नो पुस्तक *हाम्रो समाज : एक अध्ययन* (सन् २००१)-मा अथर्ववेदमा जातिको व्यवसायका आधारमा समाजको वर्गीकरण गरिएको उल्लेख गरेका छन्। उनीअनुसार 'पुञ्जिष्ठ'-को अर्थ व्याधा अनि 'मृगयु'-को अर्थ मृग मार्ने सिकारी हो।[1] *प्रायोगिक नेपाली शब्दकोश*अनुसार 'सिकार' भन्नाले 'वन्यजीवलाई मासुका निम्ति वा मनोरञ्जनका निम्ति मारिने'[2] काम बुझिन्छ। अङ्ग्रेजीमा यसलाई 'हन्टिङ' वा 'प्रे' भनिन्छ। अमेरिकामा सिकार सबै वर्गका मानिसहरूले गर्न सक्थे भने ब्रिटेन तथा युरोपीय देशहरूमा केवल गोरा, राजपरिवार तथा कुलीन वर्गका मानिसहरूले मात्र गर्न पाउँथे।[3]

अमेरिकाको राष्ट्रपति थियोडर रुजबेल्टले 'सिकार गर्न जानु भनेको लडाइँमा जानु जत्तिकै हो भनेका छन्। उनले सिकारलाई एउटा साहसिक कार्यका रूपमा हेरेका छन् अनि यसले सिकारीमा धैर्य र क्षमतामा प्रेरकको काम गर्दछ'[4] भनेका छन्। नेपाली समाजमा सिकारलाई मासुको पर्यायवाची शब्दका रूपमा पनि चिनाइएको पाइन्छ।

विभिन्न शब्दकोशका आधारमा सिकारलाई निम्न प्रकारले अर्थ्याएको र परिभाषित गरिएको पाइन्छ-

*नेपाली शब्दसागर*अनुसार 'मासु खान वा मनोविनोद गर्न वन्य जन्तु, पशुपन्छी आदिलाई लखेटेर वा हिर्काएर खाइने मासु'[5] सिकार हो।

---

[1] जनकलाल शर्मा, सन् २००१, *हाम्रो समाज : एक अध्ययन* (तेस्रो संस्क), काठमाडौँ : साझा प्रकाशन, पृ. ५८

[2] हेमाङ्गराज अधिकारी, बद्री विशाल भट्टराई, सन् २०१३, *प्रयोगात्मक नेपाली शब्दकोश,* काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा लि, पृ. १४५८

[3] जस्टिन बेन्दर, सन् १९९५, द *हन्टिङ मोटिफ लिटरेचर अव् द युनाइटेट स्टेट्स : १७८२-१९१२*, डिपार्टमेन्ट अव् इङ्ग्लिस स्टडिज् : युनिभर्सिटी अव् स्ट्रिलिङ, पृ. २४

[4] उही, पृ. १०३

[5] वसन्तकुमार शर्मा नेपाल (सम्पा), सन् २००६, *नेपाली शब्दसागर*, काठमाडौँ : भाभा पुस्तक भण्डार, पृ. १३१७

*नेपाली बृहत् शब्दकोश*अनुसार 'मनोविनोदका निम्ति तथा मासु खान वा दुर्लभ वस्तु प्राप्त गर्न वन्यजन्तु र पन्छीलाई लखेट्ने, समाउनका साथै बन्दुक वा आदिले हिर्काएर मार्ने काम'[6] नै सिकार हो।

*अक्सफर्ड इङ्ग्लिस डिक्सनेरी*मा 'वन्य प्राणी वा खेलको सिकार गर्ने गतिविधि'[7] भनी परिभाषित गरिएको छ।

विभिन्न पुस्तकका आधारमा सिकारलाई निम्न प्रकारले अर्थ्याएको र परिभाषित गरेको पाइन्छ-

थियोडर रुजबेल्टले आफ्नो पुस्तक *द वाइल्डरनेस हन्टर* (सन् १८९३)-का प्रस्तावनामा सिकारलाई दिनचर्या भनेका छन्।[8]

जस्टिन बेन्दरअनुसार सिकार एउटा क्रुर प्रवृत्ति हो। जसरी शत्रुलाई कुनै दया मायाबिना मारिन्छ त्यसरी नै पशु प्राणीलाई पनि मार्ने गरिन्छ।[9]

माथिका अर्थ र परिभाषाका आधारमा सामान्यतः 'सिकार' भन्नाले मानिसद्वारा कुनै पशु प्राणीको हत्या गर्नु हो।

## २.२ सिकारको पृष्ठभूमि

पृथ्वीमा लगभग बिस लाख वर्षअघि 'प्लिओपिथिकस' वा 'पिथिकेन्थ्रोकस' नामक 'कपिमानव'-लाई मानव जातिको पूर्वज मानिएको छ।[10] त्यस बेला ती वनमान्छेहरू रुख-रुखमा फलफुल, पातपत्कर आदि खाँदै एक ठाउँदेखि अर्को ठाउँ जाने गर्दथे। यहीँबाट मानव जातिको इतिहास सुरु भएको मान्न सकिन्छ। इतिहासकारहरूले समाजको विकास क्रमलाई (१) ढुङ्गे-युग, (२) काँस-युग र (३) फलाम-युग[11] गरी तिनवटा चरणमा विभाजन गरेको पाइन्छ।

---

[6] कृष्णप्रसाद पराजुली (सम्पा), सन् २०१०, *नेपाली बृहत् शब्दकोश*, काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान, पृ. १२७२

[7] जोन स्काइस (सम्पा), सन् १९९३, *अक्सफोर्ड इङ्ग्लिङ डिक्सनेरी*, लन्डन : अक्सफोर्ड युनिभर्सिटी, पृ. १२९६

[8] जस्टिन बेन्दर, सन् १९९५,पूर्ववत्, पृ. २४

[9] उही, पृ. १७०

[10] गोपीरमण उपाध्याय, सन् २०१२, *प्राकृतिक भौतिकवाद*, काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान, पृ. ३९

[11] सीताराम तामाङ, सन् २००४, *नेपाल : समाज विकासको ऐतिहासिक भौतिकवादी निरूपण*, काठमाडौँ : निरन्तर प्रकाशन, पृ. १४

सर्वप्रथम होमो हेबिलियस नामक वनमान्छेले ढुङ्गाको प्रयोग गरेको कुरा इतिहासकारहरू मान्दन्छन्।[12] सुरुमा उनीहरूले मारेका पशुहरूको मासु काँच्चै खान्थे, किनभने यस बेला उनीहरूले आगोमाथि नियन्त्रण गर्न जानेका थिएनन्। मध्यपाषाण युगमा आएर मात्र आगोलाई नियन्त्रण गर्न थालेको थाहा लाग्दछ। त्यसपछि मानिसहरूले कन्दमूल र सिकारहरू आगोमा पोलेर खान थाले।[13] बिस्तारै उनीहरूले ढुङ्गा-दाउरालाई तिखारेर वा अन्य ठुला ठुला मरेका जीवहरूको हड्डी वा दाँतलाई तिखो, धारिलो बनाएर हतियारका रूपमा प्रयोग गर्न थाले।

मानिसले आफ्नो विचारको आदान प्रदान गर्ने माध्यम ध्वनि वा भाषा हो। मानव विकासको क्रम अघि बढ्दै जाँदा ती आदिम मानव वा कपिमानवले विभिन्न आवाज निकाली बोल्न सिकेको देखिन्छ। यसलाई इतिहासकारहरूले नवपाषण युग भनेका छन्। मानिसले बिस्तारै बोल्न थालेपछि उनीहरूले पशुहरूको सिकार गर्नका लागि रणनीति तयार पार्न भाषाले धेरै सहयोग पुऱ्याएको देखिन्छ। फलस्वरूप उनीहरूको जनसङ्ख्यामा वृद्धि हुन थाल्यो। तसर्थ उनीहरूलाई खाद्य सामग्रीको पनि अधिक मात्रामा खाँचो पर्न गयो। त्यस कारण उनीहरूले सिकार पनि धेरै परिणाममा गर्नु पर्ने अवस्थाको सिर्जना भयो। यहीँबाट उनीहरूले साना साना पशुहरूको साटो ठुला ठुला पशुहरूको सिकार गर्न थाले। यस बेला पुरुषहरूले महाहात्ती[14]-को सिकार गर्दथे भने स्त्री जातिहरूले माछाको सिकार गर्दथे।[15] स्विजरल्यान्डमा ९० प्रतिशत भालु, मोरावियामा ९० प्रतिशत महाहात्ती, डेनमार्कमा ९० प्रतिशत सङ्खे किरा, सिप र माछा आदि प्राणीहरूलाई आहारका निम्ति सिकार गरेको पाइन्छ।[16]

मानव सभ्यताका विकासमा सिकारलाई महत्त्वपूर्ण मानिन्छ। किनभने उनीहरूले केवल पशु प्राणीलाई आहारका रूपमा मात्र नभएर त्यसका छाला, हड्डी आदिबाट विभिन्न किसिमका उपयोगी सामग्रीहरू पनि तयार गरी सङ्कलन गर्न थालेको देखिन्छ।[17] छालाबाट पोसाक बनाई जाडो वा गर्मीदेखि बाँच्नका निम्ति प्रयोग गर्न थाले साथै विभिन्न गीतहरू गाउँदै नाच्दै मनोरञ्जन गर्नका निम्ति विभिन्न

---

[12] गोपीरमण उपाध्याय, सन् २०१२, पूर्ववत्, पृ.३९-४०

[13] उही, पृ. ४४

[14] महाहात्ती भन्नाले हिमयुगमा पाइने विशालकाय हात्ती हो। जसको शरीरभरि लामालामा रौँहरू थिए। पृथ्वीमा डाइनासोरहरूको अन्त्यसँग यसको पनि अन्त्य भएको थियो भन्ने कुरा जीव वैज्ञानिकहरूको भनाइ छ।

[15] जनकलाल शर्मा, सन् २००१, पूर्ववत्, पृ. २६

[16] युवराज पन्थी, सन् २०००,*मानव समाज,* राहुल सांकृत्यायन(अनु), काठमाडौँ : निरन्तर प्रकाशन, पृ. ९-१४

[17] उही, पृ. १६

वाद्य सामग्रीहरू बनाए अनि हड्डीबाट विभिन्न उपयोगी वस्तुहरू जस्तै, छुरा, छालालाई सिउने सियो आदि बनाएर मानव सभ्यताको विकासतिर उन्मुख रहेको देखिन्छ। मानव विकास र सभ्यतामा यी सामग्रीहरूको सिर्जना र निर्माणलाई महत्त्वपूर्ण ठानिन्छ।

मानव सभ्यताको विकास क्रममा मानिस बर्बर जातिदेखि विकसित हुँदै सभ्य युगमा प्रवेश गरेको पाइन्छ। यसभन्दा अघिसम्म उनीहरू सामाजिक रूपले विकसित भएको देखिँदैन। उनीहरूले यस बेलासम्म पनि खेतीपाती गर्न सिकेका थिएनन् अनि एउटा गोष्ठीले अर्का गोष्ठीमाथि आक्रमण गरी लुटेर खाने प्रथा रहेको देखिन्छ। यसरी "लुटी ल्याई भुटी खाई" भन्ने मान्यतामा धेरै नै धन जनको नाश भएको देखेर उनीहरूले यस प्रथालाई त्यागेर खेतीपाती गर्न सिकेको कुरा एङ्गेल्सले गरेका छन्।[18] उपभोग गर्ने साधनहरूमा जङ्गली फलफुल बाह्रै महिना पाउन गाह्रो थियो अनि जङ्गली पशु प्राणीहरूको सिकार गर्न पनि त्यति सजिलो थिएन। मानव सभ्यता पूर्ण रूपले विकसित भएको समय मानिसले खेतीपाती गर्न थालेको हो भनी इतिहासकारले स्विकारेका छन्। लारिमरअनुसार मानिसहरूले खेतीपाती गर्न इ पू १०,००० मा फिलिस्तिनबाट प्रारम्भ गरेका हुन्।[19] यहीँबाट मानव सभ्यता पूर्ण रूपले विकसित भई बिस्तारै ठुल्ठुला नगर वा सभ्यतामा परिवर्तित भए। संसारका प्राचीनतम् नगरहरू जस्तै, माया, ग्रीस, युनान, एथेन्स, मेसोपोटामिया, इजिप्ट तथा सिन्धु सभ्यता आदि उल्लेखनीय छन्। मानिसले खेतीपाती गर्न थाले पनि सिकारलाई पूर्ण रूपले बहिष्कार गरेको देखिँदैन।

आर्य सभ्यताको उदय हुनुभन्दा अघि भारतमा विभिन्न जनजातिहरू थिए। यसमा द्रविड, भिल्ला आदिलाई प्रमुख मानिन्छ। लगभग इ पू ३३००-१३०० मा द्रविड जातिहरूले आहारका लागि सिकार गरेको पाइन्छ। सर्वप्रथम दक्षिण भारतको मुदुम प्रान्तको जङ्गलमा अवस्थित गुफाको चित्र कलाबाट यस कुराको प्रमाणित हुन्छ।[20] त्यसपछि आर्यहरूले वैदिक सभ्यताको विकास गरे। यसै सभ्यताले सिर्जना गरेको साहित्यलाई वैदिक साहित्य भनिन्छ। वैदिक साहित्यमा पनि राजा महाराजाहरूले सिकारलाई मनोरञ्जनका रूपमा लिएको देखिन्छ।

---

[18] सीताराम तामाङ, सन् २००४, पूर्ववत्, पृ. १८

[19] उही, पृ. १८

[20] ........, सन् २०१०, 'अ हिस्ट्री अव् हन्टिङ इन द इन्डियन सबकन्टिनेन्ट', मुम्बई : लास्ट वाइल्डरनेस मिडिया प्रा लि, पृ. १, स्रोत- http://thelastwilderness.org. 8/2016, 11:30

भारतको इतिहासमा विदेशी आक्रमणको लामो इतिहास छ। यसमा मुगल साम्राज्यले सबैभन्दा लामो समयसम्म राज गरेका थिए। मुगल राजाहरूले सिकारलाई युद्ध अभ्यासका रूपमा लिएको देखिन्छ।[21] भारतीय इतिहासमा मुगल कालीन समयमा सबैभन्दा अधिक पशुहरू मारिएको थियो। सन् १५८० देखि १६१६ सम्म जहाँगीरको शासन कालमा २३५३२ पशुहरू मारिएका थिए। जसमा जहाँगीरले मात्र १७,००० पशुहरू मारेका थिए।[22]

औपनिवेशिक शासकहरूले पनि मनोरञ्जन साथै व्यापारका निम्ति सिकार गरेको देखिन्छ। एसिया, अफ्रिका तथा अमेरिका आदि महादेशहरूबाट अत्यधिक रूपमा वन्य पशु प्राणी तथा काठहरू ब्रिटेन, फ्रान्स, स्पेन, जर्मनी, पोल्यान्ड आदि युरोपीय देशहरूमा पठाउन अधिक मात्रामा वन जङ्गल मासेको र पशुहरूको निर्मम हत्या भएको पाइन्छ।[23] यसको प्रत्यक्ष प्रभाव पर्यावरणमा पनि परेको छ। वैश्विक रूपमा  पारिस्थितिकी तन्त्र असन्तुलित बन्दै गएको छ। आजभोलि सिकार गर्न कानुनी रूपमा निषेध गरिएको छ। यद्यपि यस कुरामा पूर्ण रूपले नियन्त्रण भने हुन सकेको देखिँदैन। जसको फलस्वरूप पारिस्थितिकी असन्तुलनले विश्व नै चिन्तित बनेका छन्।

### २.३ सिकारको उद्देश्य

प्रारम्भमा मानिसले आहारका निम्ति अर्थात् आफ्नो जीवन बचाउनका लागि सिकार गर्न आवश्यक रहेको थाहा पाइन्छ। यस दृष्टिले हेर्दा मानिस र सिकारको सम्बन्ध धेरै पुरानो रहेको देखिन्छ। आदिम मानव रुख वा गुफाहरूतिर बस्दथे। यहीँ गुफामा बस्ने प्रक्रमबाट उनीहरूले सिकार गर्न सिकेको देखिन्छ। सिकार गर्नाका मूलतः दुईवटा कारणहरू देखिन्छन्, तीमध्ये आहारका निम्ति सिकार गरिनु पहिलो कारण हो भने मनोरञ्जन वा सौकका निम्ति सिकार गरिनु यसको दोस्रो प्रमुख कारण हो।

### २.३.१ आहारको खोजीका निम्ति

प्राचीन कालमा सिकार गर्नाका मूल उद्देश्य नै जीवनयापन गर्नु हो। मानवीय विकाससित यसको सम्बन्ध रहेको छ। सुरुमा मानिसहरू फलफुल खाएर पेट भर्थे। बिस्तारै संसाधन सकिँदै गएपछि उनीहरूले पशुहरूको सिकार गरी मासु खान सुरु गरे। पछि खेतीपाती गर्न थालेपछि पनि उनीहरूले सिकारलाई

[21] उही, पृ. ३

[22] उही, पृ. ३

[23] सञ्जीव उप्रेती, सन् २०११, *सिद्धान्तका कुरा*, काठमाडौँ : अक्षर क्रियसन्स नेपाल, पृ. ३१७

वैकल्पिक रूपमा लिइएको पाइन्छ। खेती गर्न उपयुक्त भूमि नरहेका क्षेत्रमा भने सिकारलाई प्राथमिक स्रोतकै रूपमा लिइएको देखिन्छ। उदाहरणका लागि अफ्रिकाका मरुभूमिमा बस्ने मानिसहरू साथै अमेजनका घना जङ्गलमा बस्ने आदिवासी तथा जनजातिहरूका निम्ति आहारका प्रमुख स्रोत नै सिकार रहेको पाइन्छ। आज पनि लुकिछुपी गैरकानुनी रूपमा उनीहरूले विशेषतः बनेल, मृग, माछा, खरायो साथै विभिन्न चराचुरुङ्गीहरू आदिको सिकार गरेको देखिन्छ।

### २.३.२ मनोरञ्जन वा सौकका निम्ति

मनोरञ्जन मानव जीवनको एउटा महत्त्वपूर्ण पक्ष हो। मनोरञ्जन नभएको भए मानव जीवन रुखो हुने थियो। सृष्टि कालदेखि नै मनोरञ्जन मानिसका निम्ति आवश्यक तत्त्वका रहेको देखिन्छ। उनीहरूले सिकार गरी मारेका पशुहरूको छालालाई एउटा खोक्रो काठमा ठोकी वाद्य वादक बनाएर आगोका वरिपरि घुम्दै, नाच्दै अनि गाउँदै उत्सव मनाउँथे र रमाइलो गर्दथे। मनोरञ्जनका बारेमा एम एम गुरुङ भन्छन्- 'सुरुमा मानिसले कन्दमूल मात्र खाएनन्। तिनीहरूले कुनै पनि पशुको सिकार मारी खाँदा हर्षले गाउँदै नाच्नका निम्ति च्याब्रुङ र डम्फु आदि तालबाजाका निर्माण गरेको हुनु पर्छ।'[24] आज हाम्रा समाजमा मादल, ढोलक, डमरु, डम्फु, च्याब्रुङ आदि जति पनि वाद्य सामग्रीहरू छन्। ती सबैको इतिहास सिकार मारेको पशुसित सम्बन्धित छन्।

मध्यकालीन युगमा राजा महाराजाहरूले समय बिताउन र मनोरञ्जनका निम्ति सिकार गरेको देखिन्छ। आधुनिक कालमा औपनिवेशिक शासकहरूले सिकारलाई मनोरञ्जनका साथै जुवाका रूपमा लिइएको देखिन्छ।[25] यसबाहेक गाउँ-गाउँ वाससाना सहरहरूको बाटाका किनार वा गल्छेडीतिर बाँदर, भालु तथा सर्प आदि वन्य पशुहरूलाई नचाएर मनोरञ्जन पनि गरेको देखिन्छ। यसका साथै सर्कसमा बाँदर, चिम्पान्जी, सिंह, हात्ती, बाघ, सुगा आदि विभिन्न पशु, पन्छीहरूले मनोरञ्जन दिएर मान्छेलाई खुसी बनाउँदछ।

---

[24] एम एम गुरुङ, सन् १९८०, *बिर्सिएको संस्कृति*, दार्जिलिङ : श्याम ब्रदर्स प्रकाशन, पृ. ६४

[25] ......., सन् २०१०, 'अ हिस्ट्री अव् हन्टिङ इन द इन्डियन सबकन्टिनेन्ट', पूर्ववत्', पृ. ४,

## २.४ सिकार र बलिप्रथाको सम्बन्ध

बलिको अवधारणा सिकारसँगै जोडिएको देखिन्छ। बलिप्रथा मानिसको संस्कृतिसँग जोडिएको छ। *प्रयोगात्मक नेपाली शब्दकोश*मा बलि भन्नाले 'देवतालाई भोगका लागि चढाइने पशु, पन्छी आदि'[26] बुझिन्छ। तसर्थ आफ्नो मनोकामना पूर्ण गर्नाका लागि दैविक शक्तिलाई भोज्य सामग्रीका रूपमा चढाइने फलफुल वा पशु प्राणी हो। यस कारण बलिप्रथा धार्मिक अनुष्ठानसँग गाँसिएको छ। सर्वप्रथम वैदिक कालमा बलिप्रथाको उल्लेख पाइन्छ।[27] भारतको सर्वप्राचीन ग्रन्थ ऋग्वेदमा पशुबलि, होमबलि, अन्नबलि आदि उल्लिखित छन्।[28] आर्य जातिले 'अश्वमेघ यज्ञ' गर्दा घोडालाई मात्र नभएर अन्य सत्रवटा वन्य पशुहरूको पनि बलि दिने प्रथा थियो।[29] सर्वप्रथम मानिसहरूले आहारका निम्ति सिकार गरे त्यसपछि धार्मिक अनुष्ठान वा दैविक शक्तिमाथि आस्था भने धेरै पछिदेखि गर्न थालेको पाइन्छ। उनीहरूले आफ्नो मनोकामना पुरा गर्न देवी देवता, भूत प्रेत आदिका निम्ति बलि दिने प्रथा विकास गरेको देखिन्छ।

साधारणतः बलिप्रथा र सिकार दुई अलग अलग धारणा हुन्। सिकार भन्नाले आफ्नो आहारका निम्ति गरिन्छ भने बलि मनोकामना वा स्वार्थपूर्तिका निम्ति देवी देवतालाई आराधना गर्नका निम्ति गरिन्छ। मूलतः बलिको सम्बन्ध धार्मिक अनुष्ठानसित रहेको पाइन्छ। सुरुमा बलिका निम्ति वन्यजीवहरूको भोग चढाउने गरिन्थ्यो भने आज घरमा पालिने पशुहरूलाई भोग दिने प्रचलन रहेको छ। यस कारण बलिप्रथा आज पनि समाजमा विद्यमान रहेको छ भने सिकार गर्न पूर्ण रूपले प्रतिबन्ध छ।

## २.५ सिकार गरिने विधि र उपकरण

सिकार गरिने विधि दुई किसिमका छन्-

२.५.१ परम्परागत विधि र

२.५.२ आधुनिक विधि

---

[26] हेमाङ्गराज अधिकारी, बद्री विशाल भट्टराई, सन् २०१३, पूर्ववत्, पृ. ९९७

[27] ........, सन् २०१०, 'अ हिस्ट्री अव् हन्टिङ इन द इन्डियन सबकन्टिनेन्ट', पूर्ववत्, पृ. १

[28] मनोज लिम्बू, सन् २०१५, *नेपाली लोकविश्वासमा बलिप्रथाको सांस्कृतिक अध्ययन,* लघु शोध प्रबन्ध, नेपाली विभाग : सिक्किम विश्वविद्यालय, पृ. ४९

[29] ......., सन् २०१०, 'अ हिस्ट्री अव् हन्टिङ इन द इन्डियन सबकन्टिनेन्ट', पूर्ववत्, पृ. १

### २.५.१ परम्परागत विधि

पारम्परिक विधिद्वारा पनि सिकार गरिन्छ। यस विधिलाई सर्वसाधारण मानिसले प्रयोग गर्दछन्। यसमा प्रयोग गरिने प्रमुख उपकरणहरू धनु-काँड, भाला-बर्छा, बल्छी, मटेङ्ग्रा, साधारण जाली वा पासो, बाँस वा दाउरा तथा आगो आदि हुन्। यस विधिद्वारा गरिने सिकारमा माछा, दुम्सी, मृग, खरायो, बनेल, चराचुरुङ्गी आदि पशु प्राणीहरू पर्छन्। यस विधिद्वारा गरिने सिकारको प्रमुख उद्देश्य मासु खानका निम्ति हो।

### २.५.२ आधुनिक विधि

आधुनिक हातहतियारको सहायताले गरिने सिकारलाई 'आधुनिक विधि' भनिन्छ। यो विधि औपनिवेशिक शासकहरूले अत्यधिक प्रयोगमा ल्याएको देखिन्छ। यस विधिमा अघि राजा वा जमिनदारहरूले पारम्परिक हतियारका साथसाथै बन्दुक तथा केही उन्नत किसिमका हतियारहरूको पनि प्रयोग गरेको पाइन्छ।

यस विधिमा बन्दुकहरू, ठुल्ठुला जाली, बल्छी, ठुल्ठुला साङ्लो, फलामकै फसाउने पासो वा खोर, रासायनिक पदार्थ आदिको प्रयोग गरिन्छ। यस विधि अपनाउनुका मूल उद्देश्य खानुभन्दा बढी व्यापार र मनोरञ्जनका निम्ति गरिएको बुझिन्छ। यसमा वेल, बाघ, चितुवा, भालु, बनेल, हात्ती, सिंह, गैँडा, अर्ना तथा चिम्पान्जी आदि पशुहरूको सिकार गरिन्छ।

### २.५.३ विभिन्न पशु प्राणीको प्रयोग

सिकार गरिने यी दुईवटा विधिअतिरिक्त सिकारमा हातहतियारका साथै विभिन्न पशु प्राणीको पनि प्रयोग गरिएको पाइन्छ। ती हुन्-

२.५.३.१ कुकुर

२.५.३.२ घोडा

२.५.३.३ चितुवा

२.५.३.४ बाज

२.५.३.५ हात्ती

### २.५.३.१ कुकुर

कुकुर मानिसको सबैभन्दा प्रिय पशु हो। मानिस सिकारमा जाँदा कुकुर साथमा लिएर जाने गर्दछ। यसको प्रयोग पौराणिक कालदेखि नै गर्दै आएको पाइन्छ। जनकलाल शर्माको उल्लेखअनुसार सर्वप्रथम अथर्ववेदमा 'व्याधा श्वनि'-को अर्थ सिकारमा जाँदा सिकारी कुकुर लिएर जाने 'वर्ग'-लाई भनेको पाइन्छ।[30] यसरी सिकारका निम्ति कुकुरको प्रयोग आदिम कालदेखि नै गरेको मान्न सकिन्छ। महाभारतमा पनि द्रोणाचार्यले पाण्डवलाई अस्त्र-शस्त्रको विद्या सिकाउन जङ्गलमा जाँदा सिकारी कुकुर गएको उल्लेख गरिएको छ। कुकुरको सुँघ्ने शक्ति भएकाले सिकारलाई पत्तो लगाउनकै निम्ति प्रयोग गरिन्छ। यसले सिकार खेदाउन र समात्नका निम्ति पनि सहयोग गर्दछ।

### २.५.३.२ घोडा

घोडा मानिसको लोकप्रिय सवारी हो। संस्कृतमा घोडालाई 'अश्व' भनिन्छ। घोडाको उल्लेख सर्वप्रथम ऋग्वेदमा गरेको पाइन्छ। प्रायः सबै हिन्दू देवी देवताहरू घोडामाथि बसेको पाइन्छ। आर्यहरूले प्रकृतिको पूजा गर्दा अश्वमेघको पनि पूजा गरिन्थ्यो।[31] सर्वप्रथम उनीहरूले घोडाको प्रयोग गरेको हो भन्ने इतिहासमा उल्लेख पाइन्छ।[32] यस कारण हिन्दू धर्ममा घोडाको विशिष्ट स्थान रहेको देखिन्छ। वैदिक युगमा राजा महाराजाहरूले दाइजोका रूपमा घोडा दिने गर्दथ्यो। राजाहरूले एक हजार घोडाको माग गरेको इतिहासमा पनि उल्लेख पाइन्छ।[33]

विशेषतः कुनै पनि ठाउँमा द्रुत गतिमा पुग्न सकिन्छ। यसै कारण मानिसले सर्वप्रथम घोडालाई युद्धको क्षेत्रमा प्रयोग गरेको पाइन्छ। घोडामा चढेर ती मानिसहरूले धनु-काँड, भाला, तलवार आदिका सहायताले युद्ध गरेको इतिहासमा पाइन्छ। युद्ध सकेपछि वा आरामको समयमा यी योद्धाहरू सिकार खेल्न जाने गर्दथ्यो। सिकारलाई पछ्याउनु वा खेदाउनका निम्ति घोडा तथा रथको प्रयोग गर्दथे। आज पनि कतिपय देशमा सिकार गर्न जाँदा घोडालाई नै प्रमुख सवारीको रूपमा लिएको देखिन्छ। नेपाली साहित्यमा घोडालाई सिकार गर्नाका लागि पनि प्रयोग गरिएको छ। जस्तै, प्रकाश कोविद्को *तर कहिले* (उपन्यास), राजबहादुर राईको *रङ्दु कमानको परिवेशभित्र* (उपन्यास), हायमनदास राई *'किरात'*-को

[30] जनकलाल शर्मा, सन् २००१, पूर्ववत्, पृ. ५८

[31] ........, सन् २०१०, 'अ हिस्ट्री अव् हन्टिङ इन द इन्डियन सबकन्टिनेट', पूर्ववत्, पृ. १

[32] उही, पृ. १

[33] रामशरण शर्मा, सन् २००४, *प्रारंभिक भारत का परिचय*, नई दिल्ली : ओरियंट ब्लैकस्वान प्रा लि, पृ. ९६

'जुडिथ' (*पंखी*, कथा सङ्ग्रह) आदि कृतिहरूमा अङ्ग्रेज साहेबहरू घोडामा चढेर सिकार खेल्न गएको प्रसङ्ग छ।

### २.५.३.३ चितुवा

प्राणीहरूमा सबैभन्दा वेगले दौडिने प्राणी चितुवा हो। सिकारलाई खेदाउन कुकुरको प्रयोग गरेझैँ चितुवालाई पनि सिकारको पछि लखेट्नका निम्ति प्रयोग गरिएको पाइन्छ। यो प्रथा भारतमा मुगल राजाहरूले प्रयोगमा ल्याएको हो।[34] यसको प्रयोग मृगको सिकार गर्न विशेष रूपले प्रयोग गरिएको देखिन्छ। विशेष गरी राजा वा महाराजाहरूले सिकार गर्नु चितुवा पक्रेर पालेको देखिन्छ। तसर्थ राजाहरूका निम्ति मानिसहरूले चितुवालाई पक्रेर सिकार गर्न अभ्यास गऱ्याएको देखिन्छ। यहीँ प्रथा भारतका अन्य राजाहरूले पनि अपनाउन थाले। राजाहरूले आफ्नो अहङ्कार देखाउन पनि चितुवा पाल्ने गरेको देखिन्छ। यसरी पक्रेर पाल्न थालेपछि चितुवाले आफ्नो वंश बढाउन सकेन। फलस्वरूप भारतमा चितुवा लुप्त हुन थाल्यो। स्वतन्त्रपछि भारत सरकारले चितुवा संरक्षण हेतु विभिन्न परियोजना बनाएका छन् यद्यपि आज भारतमा चितुवा पूर्ण रूपले विलुप्त भएको छ।

### २.५.३.४ बाज

पन्छीहरूमध्ये बाज सबैभन्दा तेजले उड्ने पन्छी हो। बाजले ससाना चराहरूलाई सिकार गरेर खाने गर्दछ। यस कारण यसलाई सिकार गर्नका निम्ति पनि प्रयोग गरिन्छ। बाजलाई सिकारका रूपमा प्रयोग गर्ने प्रथा मुगलहरूले नै भारतमा ल्याएको हो।[35] अकबरले पनि यस प्रथालाई अपनाएको देखिन्छ।[36] यसको प्रयोगले ससाना पन्छीहरू जस्तै, परेवा, ढुकुर तथा अन्य पन्छीहरूको सिकार गरेको पाइन्छ। कृषकहरूले चराचुरुङ्गीलाई भगाउन वा पक्रिनका निम्ति यसको प्रयोग गरिएको पाइन्छ।

### २.५.३.५ हात्ती

सिकार गर्नका निम्ति हात्तीलाई पनि प्रयोग गरिएको पाइन्छ। यो विशेष राजा महाराजाहरूजस्ता उच्च वर्गका मानिसहरूका सवारीको साधन हो। सिकारीहरूले हात्तीलाई मचानका रूपमा प्रयोग गरिएको पाइन्छ। किनभने सबै ठाउँमा मचान बनाएर सिकार गर्न सम्भव हुँदैन। विशेष गरी घाँसे मैदानतिर यस्तो

---

[34] उही, पृ. ३

[35] उही, पृ. ३

[36] उही, पृ. ३

समस्या अधिक हुने गर्दछ। यसै कारण सिकार गर्नाका निम्ति हात्तीलाई मचानका रूपमा प्रयोग गरिन्थ्यो। बालकृष्ण समको 'बर्दहामा सिकार' निबन्धमा युद्धशमशेरले बाघको सिकार गर्न जाँदा हात्तीलाई नै सवारीको साधन बनाएको देखिन्छ।

यसअतिरिक्त सिकारका निम्ति जिप, गाडी, नाउ तथा पानीजहाज आदिको पनि प्रयोग गरिएको पाइन्छ।

## २.६ सिकारको वर्गीकरण

सिकार प्रसङ्गलाई दुईवटा आधारमा छुट्ट्याएर अध्ययन गरिन सुविधा भएकाले यसलाई निम्न रूपमा राखिएको छ-

२.६.१ प्रयोजनका आधारमा र

२.६.२ पद्धतिका आधारमा

### २.६.१ प्रयोजनका आधारमा

सिकार प्रसङ्गलाई प्रयोजनका आधारमा निम्न प्रकारले वर्गीकरण गरिएको छ। प्रयोजनका निम्ति गरेका सिकारहरू यस प्रकारका छन्-

२.६.१.१ अनुसन्धानका रूपमा

२.६.१.२ शक्ति प्रदर्शन र

२.६.१.३ व्यापारका रूपमा

#### २.६.१.१ अनुसन्धानका रूपमा

अनुसन्धान भनेको शोध गर्नु हो। कुनै पनि कुराको खोजी गर्नुलाई 'अनुसन्धान' भनिन्छ। मानिस जिज्ञासु प्रवृत्ति भएकाले सुरुदेखि नै प्रकृतिप्रति चासो राख्दै आएको देखिन्छ। मानिस घुमन्ते जाति हो। आफ्नो सुख सुविधाका निम्ति एक ठाउँदेखि अर्को ठाउँ बस्दै जीवन निर्वाह गर्दछन्। मानिसले यसरी बसाइँ सराइका प्रक्रियामा नयाँ नयाँ भौगोलिक परिवेशहरूको भ्रमण गरेको देखिन्छ। नयाँ भूमिको खोजीका निम्ति सिकार एउटा वैकल्पिक उदाहरण मानिन्छ। किनभने सिकार गर्न मानिस टाढा टाढासम्म जाने गर्दछन् जसका कारण उनीहरूले त्यस स्थानको भौगोलिक परिवेशबारे ज्ञान हासिल गर्दछन्।

अनुसन्धानको अर्को क्षेत्र स्वास्थ्य पनि हो। मानिसहरूले सुरुदेखि नै विभिन्न विषयमा अध्ययन गर्न रुचि राखेको देखिन्छ। आज चिकित्सामाथि यथेष्ट अध्ययन अनुसन्धान भइरहेको छ। यो परम्परा प्रागैतिहासिक कालदेखि नै निरन्तर चल्दै आएको पाइन्छ। चिकित्साका निम्ति प्रति वर्ष लाखौँ पशुहरूमाथि परीक्षण गरिन्छ। यसमा मुसा, बाँदर, कुकुर, भ्यागुता, खरायो, सर्प, माछा, गँड्यौला, पुतली आदि विभिन्न जीव र किटपतङ्गहरू मुख्य रूपमा रहेका छन्। सर्वप्रथम इ पू ३८४-३२२ मा ग्रीक दार्शनिक एरिस्टोटलले औषधिशास्त्रका निम्ति पशु प्राणीहरूको प्रयोग गरेका थिए।[37]

१९औँ शताब्दीमा जीव वैज्ञानिक लुइस पाश्चरले रेबिज र एन्थ्रेक्सको खोप विकास गर्न भेडा, कुकुर र खरायोहरूमाथि परीक्षण गरेका थिए।[38] उनले मानव कल्याण र स्वास्थ्यका निम्ति पशुहरूको सफल प्रयोग गरी वैज्ञानिक क्षेत्रमा क्रान्ति ल्याए। २०औँ शताब्दीको प्रारम्भमा पाल एरलिचले केमोथेरापीको आविष्कार गर्न  विभिन्न खरायोहरूमा छ सयभन्दा अधिक रसायनको प्रयोग गरेका थिए। सन् १९५० मा पिटर मेडावारले मुसामाथि परीक्षण गरी मृगौला र अन्य प्रत्याङ्गहरूको प्रत्यारोपणको विकास गरेका थिए। त्यसरी नै सन् २०१० मा नोबल पुरस्कारद्वारा सम्मानित रोबर्ट एड्वर्ड्सले ‘इनभिन्ट्रो निषेचन’[39]-को आविष्कार गरे।[40] यसका निम्ति उनले मुसामाथि परीक्षण गरे। आज पनि अन्वेषकहरूले रोग उपचार, विज्ञान, चिकित्सा, पशु कल्याणका निम्ति विभिन्न पशु प्राणीहरूमाथि परीक्षण गरिरहेका छन्। हालैमा युनिभर्सिटी अव् मेरिल्यान्ड कलेज सेन्टरका चिकित्सकहरूले डेविड बेनेट (५७ वर्ष) नामक बिमारी व्यक्तिमा सुँगुरको मुटु प्रत्यारोपण गरेर शल्यक्रियाका क्षेत्रमा नयाँ आयाम थपेको पाइन्छ।[41]

यसरी विज्ञानका क्षेत्रमा परीक्षणका निम्ति अधिक मात्रामा पशु प्राणीहरूको प्रयोग गरिएकाले सधैँ पशुहरूको माग भइरहेको हुन्छ। यसको आपूर्तिका निम्ति अविकसित र विकासशील महादेशहरू जस्तै, अफ्रिका, दक्षिण अमेरिका र एसिया आदिबाट विभिन्न पशु प्राणीहरू आयात गरिएको देखिन्छ।

[37] माइकल एफ डब्ल्यु फेस्टिङ, टिवो नेभालेनेन, सन् २०१४, ‘एनिमल रिसर्चस् एन्ड  डिजाइन अव् नम्बर एनलाइसिस्’, *आइएलएआर जर्नल*,खण्ड ५५, अङ्क ३, पृ. ३७९, स्रोत- www.doi.org. 28/01/2022, 07:15

[38] उही, पृ. ३८०

[39] इनभिन्ट्रो निषेचन- यो एक प्रविधि उपकरण हो जो सन्तानबिहीन दम्पतीमा नानी जन्माउनका प्रयोग गरिन्छ।

[40] उही, पृ. ३८०

[41] सन् २०२२, ‘पिग हार्ट ट्रान्सप्लान्ट टु ह्युमन’, *बिबिसी न्युज*, स्रोत –https://www.bbc.com 12/01/2022, 09:54

### २.६.१.२ शक्ति प्रदर्शनका रूपमा

सामान्यतः 'शक्ति' भन्नाले क्षमता, बल, तागत, सामर्थ्य आदि बुझिन्छ। शक्ति अमूर्त हुन्छ। कुनै एउटा वस्तुले अर्को वस्तुलाई प्रभावित पारेर हुन्छ वा धाक लगाएर हुन्छ, शक्तिको प्रदर्शन गर्दछ। यसलाई हैकमवादीहरूले अस्त्रका रूपमा चलाएको देखिन्छ। तसर्थ यसलाई समाजमा नकारात्मक भावले हेर्ने गरिन्छ।

आज मानिस कतिको शक्तिशाली छ। त्यसलाई प्रमाणित गर्ने एउटा यथेष्ट माध्यम सम्पत्ति हो। तर आदिम युगमा मान्छेलाई सम्पत्तिको धारणाबारे कुनै ज्ञान थिएन। त्यस बेला मानिस शारीरिक रूपले बलवान् हुनु पर्दथ्यो। किनभने आहारको स्रोत नै सिकार थियो। आहार जुटाउन हिंस्रक पशु प्राणीसित सङ्घर्ष गर्नु पर्दथ्यो। यस कारण गोष्ठीमा व्यक्ति कतिको शक्तिशाली छ भन्ने कुरा जाँच गरिन्थ्यो। तसर्थ नानीहरूलाई हिंस्रक पशुको अगाडि छोडी दिन्थ्यो अनि ती नानीहरूले त्यस पशुलाई मारेर त्यसको छाला, दाँत, सिङ तथा रौँ (वा जुरो) आदि केही न केही भाग लिएर आउनु पर्थ्यो। यो प्रथा प्राचीन ग्रीसका स्पार्टाहरूमा पनि रहेको देखिन्छ।[42] स्पार्टाहरूमा शक्तिशाली पुरुषहरूले मात्र देशको रक्षा गर्न सक्दछ भन्ने मान्यता थियो। त्यसैले आफ्नो योग्यता देखाउनका निम्ति त्यस समयका मानिसहरूले सिकार गर्ने गर्दथे। यसबाहेक पाश्चात्य मिथकीय गाथाहरूमा र पूर्वीय पौराणिक कथाहरूमा पनि सिकारलाई शक्ति प्रदर्शनका प्रमुख साधनका रूपमा लिएको पाइन्छ। सिकारलाई आज पनि शक्ति वा साहसका रूपमा हेरिएको छ।

### २.६.१.३ व्यापारका रूपमा

पशु प्राणीको सिकारले जैविक विविधतालाई हानि पुऱ्याउने काम गरिरहेको छ। मानिसले वर्षौंदेखि वन्यजीवहरूको सिकार गर्दै आइरहेका छन्। यसमा स्तनपायी, चराचुरुङ्गी र अन्य केही जीवहरू छन्।[43] यसको प्रमुख कारण विश्वमा बढ्दो जनसङ्ख्या हो। जनसङ्ख्याका कारण उपभोक्ताहरूको माग पनि दिन प्रति दिन वृद्धि भइरहेको छ। जसमा विलासी खाना, घर पालुवा जीव र औषधीय उपचार आदि प्रमुख

---

[42] सञ्जीव उप्रेती, सन् २०१२, पूर्ववत्, पृ. २६१-२६२

[43] हान्ना रिची, माक्स रोजर, 'पोचिङ एन्ड वाइल्डलाइफ', पृ. १, स्रोत- www.ourworldindata.org, 30/01/2022, 10:40

रहेका छन्। विश्वमा व्यापारका निम्ति प्रति वर्ष ४-२० बिलियन युएस डलरको भुक्तान हुन्छ भन्ने अनुमान गरिएको छ।[44]

मानिसले आफ्नो लाभका निम्ति गैरकानुनी रूपमा वन्यजीवहरूको सिकार गरिरहेका छन्। द *हिन्दू*को आर्टिकलअनुसार- भारतको उडिस्सा राज्यमा १५ जनवरी २०२० को दिन पहरी र स्पेसल टास्क फोर्सको नेतृत्वमा विशेष अभियान चलाएको थियो। फलस्वरूप वन्य अपराधी र सिकारीहरूबाट २५ वटा चितुवा (ल्यापार्ड)-का छाला, १३ वटा हात्तीका दाँत, सातवटा मृगको छाला र नौवटा सालक (वा प्याङ्गोलिन) आदिका साथै ५५ जना तस्करीहरूलाई पक्राउ गरेका थिए।[45] आज पनि मानिसहरूले पैसाका लागि पशु प्राणीहरूको तस्करी गरिरहेको देखिन्छ।

### २.६.२ पद्धतिका आधारमा

सिकारको प्रसङ्गलाई बुझ्न पद्धतिका आधारमा विभिन्न वर्गमा राखेर अध्ययन गर्न सकिन्छ। तीमध्ये केही वर्गहरू यस प्रकार छन्-

२.६.२.१ पासो लगाएर गरिने सिकार

२.६.२.२ हिर्काएर गरिने सिकार

२.६.२.३ खेदेर गरिने सिकार

२.६.२.४ मचान बनाएर गरिने सिकार र

२.६.२.५ पशु प्राणीले झैँ आवाज निकालेर गरिने सिकार

### २.६.२.१ पासो लगाएर गरिने सिकार

पशुपन्छीलाई पासो लगाएर गर्ने सिकार सबैभन्दा सजिलो विधि हो। कुनै पनि पशुपन्छीलाई समात्नका निम्ति यसको प्रयोग गरिन्छ। यसका निम्ति सिकारीले उपयुक्त ठाउँ जस्तै, पानी भएको ठाउँ, दुबो भएको ठाउँ, पशुहरू हिँड्ने बाटोहरूको अवलोकन गरी पासो थाप्ने काम गरिन्छ। यसमा विशेष गरी खरायो, चराचुरुङ्गी तथा अन्य ससाना पशुहरूलाई पासो थापेर समात्ने गरिन्छ।

---

[44] उही, पृ. १

[45] सत्यासुन्दर बारिक, सन् २०२२, 'ओडिस्सा इज लुजिङ इट्स ल्यापोर्ड, वाइल्डलाइफ टु पोचर्स', *द हिन्दू*, भुवनेश्वर, ०७/०१/२०२२, 20:29

### २.६.२.२ हिर्काएर गरिने सिकार

पशु प्राणीलाई ढुङ्गा वा दाउराले हिर्काएर गरिने सिकार लोकप्रिय पद्धति हो। कुनै हिंस्रक पशुले अचानक आक्रमण गर्दा सबैभन्दा पहिले ढुङ्गा वा दाउराहरूलाई उपकरणको प्रयोग गरिन्छ। यो सबै ठाउँमा सहजै उपलब्ध हुन सक्छ। यसै कारण यसलाई आत्मरक्षाको साधन पनि मानिन्छ। उहिल्यै आदिम मानवदेखि चलाउँदै आएको यो उपकरण आज पनि उत्तिकै उपयोगी बनेको छ। यसबाहेक आज सिकारका निम्ति बन्दुकको अत्यधिक प्रयोग गरिएको पाइन्छ।

### २.६.२.३ खेदेर गरिने सिकार

पशुहरू आफ्ना गुफा वा अप्ठ्यारा ठाउँहरूमा बस्ने गर्छन्। त्यसैले एक्लो व्यक्तिले त्यसको सिकार गर्न सम्भव हुँदैन। तसर्थ गाउँका जम्मै मानिसहरू भेला भएर विभिन्न बाजागाजा अनि होहल्लाका साथ कराउँदै सिकार पाउने ठाउँतिर जान्छन्। यसो गर्नाले लुकेर बसेका पशुहरू डराएर बाहिर निस्कन्छन् अनि मानिसको झुन्डले उपयुक्त ठाउँमा खेदेर वा खेदाउँदै लगेर बन्दुक पडकाएर वा खाल्डा खनेर वा खोरमा थुनेर तिनीहरूको सिकार गर्ने गर्छन्। यो विधि भारतमा मुगल कालीन शासनमा अत्यधिक प्रचलनमा रहेको थियो।[46] यो अत्यन्तै रोमान्चक र चुनौतीपूर्ण विधि हो। कहिलेकाहीँ जीवजन्तु डराएर मान्छेकै भिड भएतिर पनि आउन सक्छन्। उनीहरूको आक्रमणले मान्छेले आफ्नो ज्यान पनि गुमाउनु पर्दछ। यस विधिले गरिने सिकारमा विशेष गरी हात्ती, सिंह, चितुवा, बाघ, गैँडा, भालु आदि आउँछन्।

### २.६.२.४ मचान बनाएर गरिने सिकार

घना जङ्गलमा मचान बनाएर पनि सिकार गरिन्छ। यो चारैतिर ठुल्ठुला रुखहरू र झ्याडीहरू भएका कारण सिकारलाई खेदेर वा पासो लगाएर मार्न सकिँदैन, यस कारण सिकार फसाउनका निम्ति केही जीवित प्राणी वा मासुको टुक्रा राखेर जीवजन्तुलाई लोभ्याउने काम गरिन्छ। त्यसपछि सिकारीहरू रुखमा मचान बनाई लुकेर बस्छन् अनि पशु आउने प्रतीक्षा गर्दछन्। यस प्रकारको पद्धति विशेष गरी बाघ, सिंह, बनेल, चितुवा, पान्थर, गैँडाजस्ता हिंस्रक पशु आदिका सिकारका लागि प्रयोग गरिन्छ।

---

[46] ....., सन् २०१०, 'अ हिस्ट्री अव् हन्टिङ इन द इन्डियन सबकन्टिनेन्ट', पूर्ववत्, पृ. ३

### २.६.२.५ पशु प्राणीले झैँ आवाज निकालेर गरिने सिकार

यो पद्धति विशेष आदिवासी वा जनजाति सम्प्रदायमा प्रचलित छ। जनजातिहरूको प्रकृतिसँग अत्यन्त नजिकको सम्बन्ध हुन्छ। उनीहरूले प्रकृतिमा घटित सम्पूर्ण क्रियालाई अन्वेषण गरी त्यसको अनुकरण गर्न सिक्दछन्। जसमा पशु प्राणीको जस्तै आवाज निकाल्दछ। यो सिकारीको कौशलतामा आधारित विधि हो। सिकारीहरू जङ्गलका हरेक कुरामा अभ्यस्त भइसकेका हुनाले उनीहरूले पशुपन्छीले जस्तै आवाज निकालेर आफूतिर बोलाउने गरिन्छ अनि ती आएका पशुपन्छीको सिकार गर्ने गर्छ। यो विधि विशेष गरी विभिन्न किसिमका चराचुरुङ्गीहरू साथै साना साना पशुहरूका लागि प्रयोग गरिन्छ।

### २.७ सिकारको अभिप्राय

लोकवार्ताका आधारभूत तत्त्वमध्ये अभिप्राय पनि एउटा हो। यसलाई केनेथ डब्ल्यु र मेरी क्लार्कद्वारा लिखित *इन्ट्रोड्युसिङ फोकलोर* (सन् १९६३)-मा लोकवार्ताको एउटा सानो इतिवृत्तको एकाइ मानेका छन्।[47] अङ्ग्रेजीमा यसलाई 'मोटिफ' शब्दका रूपमा प्रयोग गरिएको पाइन्छ। यो शब्द फ्रान्सेली हुँदै अङ्ग्रेजीमा आएको हो। अङ्ग्रेजीमा अर्को शब्द मोटिव पनि रहेको छ, यद्यपि मोटिव र मोटिफ दुवै शब्दको समान अर्थ 'अभिप्राय' वा 'उद्देश्य' नै रहेको छ।[48] लोककथाका अध्येताहरूले मोटिफलाई 'रूढी' पनि भनेका छन्।[49] अभिप्रायमाथि विस्तृत रूपले अध्ययन गर्ने विद्वान् स्टिथ थम्पसन हुन्। अभिप्रायबारे उनको विचार यस प्रकार छन्- 'अभिप्राय त्यो अंश हो जसले लोकवार्ताको कुनै पनि भागको अध्ययन गर्न सक्दछ। जस्तै, लोककलाको शिल्पमा अभिप्राय हुन्छ भने लोकसङ्गीतमा पनि अभिप्राय रहेको हुन्छ, तथापि यसको मूल अध्ययनको केन्द्रबिन्दु लोककथा नै रहेका पाइन्छन्।'[50] उनले संसारका विभिन्न लोककथाहरूका अभिप्रायहरूलाई जम्मा ५०,००० अभिप्रायहरूका आधारमा वर्गीकरण गरेका छन्।[51] यस वर्गीकरणका १९२०-१९६० सङ्ख्याभित्र सिकार सम्बन्धित कथाहरू

[47] वासुदेव पुलामी, सन् २०१८, 'मगर लोककथा र तिनका अभिप्राय', साजिद अली, प्रणय बान्तवा (सम्पा), *हिमालय रिसर्च जर्नल*, खण्ड २ , अङ्क ४, कालिम्पोङ : इस्टर्न हिमालय ग्रीन इनिसिएटिव एन्ड कन्जर्भसन टस्ट्र, पृ. १४

[48] उही, पृ. १४

[49] चूडामणि बन्धु, सन् २००१, *नेपाली लोकसाहित्य*, काठमाडौँ : एकता बुक हाउस, पृ. ६६

[50] कृष्णदेव उपाध्याय, सन् २०१३, *लोक साहित्य की भूमिका*, इलाहाबाद : साहित्य भवन प्रा लि, पृ.१४१

[51] चूडामणि बन्धु, सन् २००१, पूर्ववत्, पृ. ३०२

पर्दछन्। जसमा प्रतिस्पर्धाको गफ, असाधारण नाम, तिनजना अल्छे, ठुलो पशु किंवा ठुलो वस्तुजस्ता कथाहरू रहेका छन्।[52]

साधारणतः अभिप्राय शब्दको प्रयोगलाई 'मोटिफ' अनि 'कथा प्रकार' अङ्ग्रेजीमा टेल्स् टाइप एन्ड मोटिफ एकै रूपमा चलाएको पाइन्छ। किनभने एउटै अभिप्राय भएका धेरै कथाहरू हुन्छन्। लोककथामा एउटै कथाहरू विभिन्न ठाउँ, परिवेश र समयमा त्यसका विविध रूपमा रहेका हुन्छन्। जस्तै, "नायकले एउटा अदृश्य टोपी लगायो अनि वायुपङ्खी घोडामा चढेर सूर्यको पूर्व र चन्द्रमाको पश्चिमतिर पर्ने देशमा गयो।"[53] यसमा टोपीका ठाउँमा जादुको डन्डी, घोडाको ठाउँमा गलैँचा आदि पनि हुन सक्छन्। यसरी एउटै कुरा अलिकति भिन्नै प्रकारले भनिएका हुनाले कथाको प्रकार छुट्ट्याउने एउटा वैज्ञानिक आधार अभिप्राय पनि हो।

तिसको दशकमा साहित्यिक चिन्तनका क्षेत्रमा नवआलोचकहरूको उदय भएपछि साहित्यिक क्षेत्रमा पनि भाषिक चिन्तनमाथि जोड दिन थाले। त्यसपछि भाषाका क्षेत्रमा रूपक, प्रतीक, विम्ब र अलङ्कार आदिको महत्त्वपूर्ण स्थान बनेर गएको देखिन्छ। यी रूपक वा आलङ्कारिक आदिका घटकहरूलाई नै 'साहित्यिक अभिप्राय' भनी नवआलोकहरूले अध्ययन गर्न थालेको पाइन्छ।[54] 'साहित्यिक अभिप्राय' पाठमा बारम्बार दोहोरिने प्रतीकात्मक अवधारणा वा कथानकको संरचना हो। यसले लेखकको सन्देशलाई बलियो बनाउँछ। साहित्यमा मोटिफहरूले लेखनमा गहिराइ थप्दछ र पाठकहरूलाई यसको केन्द्रीय सन्देशतर्फ अग्रसर गराउँदछन्। अभिप्राय एक प्रतीकात्मक अर्थ भएको कथातत्त्व हो जो साहित्यमा दोहोरिने गर्दछ। यो चित्र, भाषा, संरचना वा विरोधाभास आदिका रूपमा पुनःदोहोरिएर आउन सक्छ। *गाइड टु लिटरेरी टर्म्स* नामक शब्दकोशअनुसार- अभिप्रायले चरित्रलाई उद्दिप्त गर्ने काम गर्दछ, यसले उनीहरूलाई अझ राम्रोसँग बुझ्न मद्दत गर्दछ।[55]

कुनै पनि साहित्यकारको अभिप्राय के हो भनेर खुट्ट्याउने एउटा आधार अभिप्राय हो। हेलेन फ्रिन्कले सिकार अभिप्रायको प्रयोग हुगो भोन होफम्यानस्थालको 'द हन्टिङ मोटिफ इन

---

52 सत्येन्द्र, सन् २०१७, *लोक साहित्य विज्ञान*, राजस्थान : राजस्थानी ग्रन्थागार, पृ. २२०

53 उही, पृ. ६६

54 विलियम फ्रिडम्यान, सन् १९७१, 'द लिटरेरी मोटिफ : अ डेफिनेसन एन्ड इभ्यालुएसन', *नोवल : ए फोरम अन फिक्सन*, खण्ड ४, अङ्क २, डुक युनिभर्सिटी : डुक युनिभर्सिटी प्रेस, पृ. १२३, स्रोत- www.jstor.org 14/06/2016 00:34

55 ........,'ह्वाट् इज मोटिफ', *ओरेगन स्टेट गाइड टु लिटरेरी टर्म्स*, स्रोत- www.librelarts.ore 25/03/2022, 10:48

होफम्यानस्थाल्स वर्क्स' शीर्षकको लेख *एमएलएन* जर्नलमा प्रकाशित गरेका छन्। उनले नारी र पुरुषको सम्बन्धलाई सिकार अभिप्रायका आधारमा हेरेका छन्।[56] सिकार अभिप्रायमा पुरुष सर्वशक्तिमान हुन्छ। यसमा नारीको भूमिका निष्क्रिय हुन्छ। किनभने नारीले कहिल्यै सिकार गर्दैन, उनीहरू केवल पुरुषद्वारा प्रताडित हुन्छ। पुरुष सिकारी हो भने नारीलाई निर्बोध पशुको प्रतीक मानिन्छ।[57] त्यसैले सिकारलाई यौनको प्रतीकका रूपमा लिन सकिन्छ भने हतियारलाई यौनाङ्गका रूपमा लिएको पाइन्छ। त्यसरी नै उनले होफम्यानस्थालको *ए थाउजन्ड एन्ड वन नाइट्स* कथामा राजालाई बाज र राजकुमारीलाई मृगसँग तुलना गरिएको छ भनी देखाइएकी छ।[58]

जस्टिन बेन्दरले सन् १९९५ मा  द *हन्टिङ मोटिफ लिटरेचर अव् युनाइटेट स्टेट्स : १७८२-१९९२* नामक शोध प्रबन्धले अमेरिकाको साहित्यमा सिकार अभिप्रायलाई देखाइएको छ। उनले अमेरिकाको साहित्यमा सिकार अभिप्रायलाई दुईवटा आधारमा हेरेका छन्- (क) सिकार समर्थक र (ख) सिकार विरोधीका आधारमा अध्ययन गरेका छन्। यसमा रुटबेल्ट, हेमिन्वे आदि लेखकहरूले सिकारको प्रशंसा  गरेको पाइन्छ भने कुपर, कर्वुड, साल्टर र कार्भर आदि लेखकहरूले वातावरणलाई जागरुक बढाउन सिकार अनावश्यक हत्या र पीडा हो भन्ने ठान्दछन्।

नेपाली साहित्यमा पनि सिकारको अभिप्राय विविध रूपले आएको देखिन्छ। सर्वप्रथमतः सिकारको अभिप्राय औषधिशास्त्र वा धार्मिक उद्देश्यले लेखिएको देखिन्छ। त्यसपछि लेखनाथ पौड्यालको *तरुण तपसी* (सन् १९५३) खण्डकाव्यमा मानवतावादी स्वर, बालकृष्ण समको 'बर्दहामा सिकार' (सन् १९३४) निबन्धमा मनोरञ्जन एवम् साहसी, असीत राईको 'विगतको बादल : वर्तमानको बिहान' (सन् २००६), सुखनमको 'टल्कने आँखा' (सन् २००१), प्रेम योञ्जनको 'मान्छे मार्ने बाजी' (सन् १९८८) कथामा पर्यावरण चेतना तथा सिकार विरोधी अभिप्रायका आधारमा सिकारका प्रसङ्गहरू आएको देखिन्छ।

56 हेलेन फ्रिन्क, सन् १९८०, 'द हन्टिङ मोटिफ इन होफम्यानस्थाल्स वर्क्स', *एमएलएन*, खण्ड ९५, अङ्क ३, द जोन्स हकिन्स युनिभर्सिटी प्रेस, पृ. ६८५, स्रोत- www.jstor.org 03/25/2022, 14:30

57 उही, पृ. ६९१

58 उही, पृ. ६९१

## २.८ लोकसाहित्यमा वर्णित सिकारको प्रसङ्ग

लोकसाहित्यमा सिकारका अनेकौँ प्रसङ्गहरू प्रविष्ट भएको पाइन्छ। लोकसाहित्य शब्द 'लोक' र 'साहित्य'-को योगबाट बनेको हो। यसको अर्थ 'लोकको साहित्य' भन्ने हुन्छ।[59] लोकसाहित्य भनेको लोकले अनुभव गरेको वा लोकले सिर्जना गरेको साहित्य हो। कतिपय विद्वान्हरूले लोकसाहित्यलाई सहरदेखि टाढा गाउँका अशिक्षित र असभ्य समुदायमा रहेको साहित्य भनेका छन्। तर लोकसाहित्यलाई असभ्य र अशिक्षितहरूको साहित्य भन्न सकिँदैन। किनभने लोकमा बौद्धिकताले पाकेका र युगौँदेखि आर्जन गरिल्याएका अनुभव र ज्ञाननिहित लोकसाहित्यलाई अशिक्षित र असभ्य साहित्य भन्न मिल्दैन।[60] तसर्थ लोकसाहित्यलाई अपठित समुदायदेखि पठित र साधारणदेखि असाधारण व्यक्ति-समूहको अनुभव भनेर परिभाषित गर्न सकिन्छ।

सुरुमा मान्छेले आफ्ना परिवारलाई शारीरिक हाउभाउद्वारा वा आवाजद्वारा सिकारमा घटेका घटना तथा भोगेका अनुभव बताउँदा कथाको जन्म भएको, पशुपन्छी मार्दा खुसीले नाच्दै आफ्नो हर्षको भाव व्यक्त गर्दा कविताको जन्म भएको अनि त्यस्तै प्रकारले जनावरको चित्र गुफाको भित्तामा कोर्दा कलाको जन्म भएको कुरा बासु रिमालले गरेका छन्।[61] यसरी लोकसाहित्यको सिर्जना पनि विभिन्न विधाहरूबाट भएको छ। लोकसाहित्यअन्तर्गत लोकगीत, लोकगाथा, लोककथा, लोकनाटक र लोकोक्ति आदि विधाहरूमा सिकारको प्रसङ्ग आएको देखिन्छ। ती प्रसङ्गलाई निम्न विधाहरूमा अध्ययन गरिएको छ-

### २.८.१ लोकगीत

लोकगीत लोकसाहित्यभित्र पर्ने विधामध्ये सर्वप्रिय विधा हो। लोम्याक्सले लोकगीतको जन्म मानव सभ्यताका आरम्भबाट भएको ठहर गरेका छन्। उनीअनुसार- यो कुनै किसिमको वैज्ञानिक विकास नभएको अनि यसमा कुनै किसिमका बौद्धिक कुरा नभएर लोकले अनुभव गरेका कुरा मात्र समावेश

---

59 चूडामणि बन्धु, सन् २००१, पूर्ववत्, पृ. १

60 मनोज लिम्बू, सन् २०१५, पूर्ववत्, पृ. १८

61 बासु रिमाल, सन् १९७५, 'असंवद्धसँग संवद्ध हुँदा', परशु प्रधान, *असंवद्ध*, काठमाडौँ : रत्न पुस्तक भण्डार, भूमिका

गरिएको हुन्छ।[62] लोकगीत भनेको लोकजीवनको लयात्मक अभिव्यक्ति हो। यसमा लोकजीवनका दुःख-सुख, आँसु-हाँसो, आशा-निराशाका साथै लोकको सम्पूर्ण चित्रण समाहित भएको पाइन्छ।

सिकार तत्कालीन मानव जीवनको एउटा अभिन्न अङ्ग भएकाले लोकगीत तथा गीतहरूमा यसको प्रसङ्ग आउन स्वाभाविक देखिन्छ। लोकगीतमा सिकारका प्रसङ्गलाई निम्न प्रकारले हेर्न सकिन्छ-

एकनाले बन्दुक दुईनाले बन्दुक मृगलाई ताकेको
मृगलाई होइन ताकेको मैले मायालाई ताकेको
रेसम फिरिरी रेसम फिरिरी...।

उक्त गीत सन् १९६९ म्युजिक नेपाल एल्बममा रहेको यसको रचना बुद्धि परियारले गरेका अनि यसका गायकहरू सुन्दर श्रेष्ठ र द्वारिकालाल जोशी हुन्। यो लोकभाकामा रचित प्रेमिल गीत हो। प्रेम र सिकार एकाअर्काका असङ्गति हुन्, तथापि मानिसले क्रुर प्रवृत्तिलाई त्यागेर माया-प्रेम गर्नु पर्छ भन्ने अर्थ यस गीतमा रहेको छ। यसबाहेक 'झरनाको चिसो पानी','सिकार खेल्ने सिकारीको' (समला) आदि लोकगीतहरूमा पनि सिकारको प्रसङ्ग रहेको देखिन्छ।

### २.८.२ लोकगाथा

नेपाली समाजमा परम्परादेखि मौखिक रूपमा हस्तान्तरित हुँदै आएका लामालामा वर्णनात्मक गीत र कविताहरू पनि पाइन्छन्। यस्ता गीत वा काव्यलाई लोकगाथा भनिन्छ। अङ्ग्रेजीमा यसलाई ब्यालेड भनिन्छ। यस्ता गीतमा आख्यान पनि हुने हुँदा यसलाई आख्यान गीत पनि भनिन्छ।[63] गुमरले 'जनसाधारणका मौखिक परम्परामा प्रचलित कथात्मक गीतलाई लोकगाथा मानेका छन्।' उनी अझ भन्छन्- 'लोकगाथा गाउनका निम्ति रचिएको त्यस्तो कविता हो जो सामग्रीका दृष्टिले नितान्त व्यक्तिशून्य र सम्भवतः उत्पत्तिका दृष्टिले सामुदायिक नृत्यसँग सम्बद्ध रहेको हुन्छ।'[64] नेपाली समाजमा चैत, सवाई,

[62] गोविन्द आचार्य, सन् २००५, *लोकगीतको विश्लेषण*, काठमाडौँ : पैरवी प्रकाशन, पृ. १
[63] चूडामणि बन्धु, २००१, पूर्ववत्, पृ. १९५
[64] उही, पृ. १९५

धमारी, चाँचरी, कर्खा आदि प्रचलित विभिन्न लोकगाथाहरू रहेका छन्।[65] त्यस कारण गाथा भन्नाले कथात्मक गीत भन्ने बुझिन्छ।

सिकार प्रसङ्गको लोकप्रिय गाथामध्ये जङ्गबहादुरको कर्खा एउटा हो। यसलाई नेपालका भाटहरूले गाउँदै हिँडेका कुरा तुलसी दिवस र चूडामणि बन्धुद्वारा सम्पादित *गन्धर्व लोकवार्ता तथा लोकजीवन* पुस्तकमा चर्चा गरिएको पाइन्छ। यस कर्खामा जङ्गबहादुर राणा सिकार खेल्दै हेटौँडा, मटिहानी, जनकपुर, कोसी, देवीपुरी आदि स्थानसम्म पुगेको पाइन्छ।[66] यसबाहेक डाँफे चरीको सपना, भरथरीको चाँचरी आदि लोकगाथामा सिकारको प्रसङ्ग आएको देखिन्छ।

### २.८.३ लोकोक्ति

लोकले अनुभव गरेका कुरा नै लोकोक्ति हो। लोकोक्ति शब्द लोक र उक्ति मिलेर बनेको हो। यसको अर्थ लोकको उक्ति भन्ने बुझिन्छ।[67] लोकोक्तिको मूल स्रोत लोक अनुभव हो। यो कुनै व्यक्ति विशेषको अनुभव नभएर समुदायले गरेको अनुभव हुन्छ। लोक साहित्यका विधाहरूमध्ये सूक्ष्म आकृति भएका लोकोक्तिका विधाहरू उखान, टुक्का र गाउँखाने कथा हुन्।[68]

मानव जीवन निर्वाहका निम्ति प्रारम्भिक स्रोत सिकार रहेकाले नेपाली जाति पनि यसबाट अलग रहन सक्दैन। उनीहरू सिकार गर्न जाँदा आफ्ना अनुभवहरू लोकोक्तिका माध्यमद्वारा अभिव्यक्त गर्दै आएको देखिन्छ। त्यसैले नेपाली जातिका प्रचलित सिकारसँग सम्बन्धित प्रसङ्गहरू लोकोक्तिमा प्रयुक्त पाइन्छ। जस्तै,

*इलमीको भागमा माछा र मासु, अभागीकी आँखामा आँसु*

(*नेपाली उखान र गाउँखाने कथा*, पृ. ७१)

प्रस्तुत कथनले जाँगर वा उद्यमीलाई दर्साएको छ। मेहनती मानिसलाई कुनै समयमा पनि खानाको दुःख हुँदैन, तर जो मान्छे अल्छी गर्छ त्यसले जीवनमा आँसुबाहेक अरू केही पाउँदैन भन्ने कुरालाई यस

---

65 कृष्णप्रसाद पराजुली, सन् २००४, *नेपाली लोकगीतको आलोक*, (दो संस्क), काठमाडौँ : रत्न पुस्तक भण्डार, पृ. २७९

66 तुलसी दिवस, चूडामणि बन्धु (सम्पा), सन् २००७, *गन्धर्व लोकवार्ता तथा लोकजीवन*, काठमाडौँ : नेपाली लोकवार्ता तथा संस्कृति समाज, पृ. १३७

67 मोतीलाल पराजुली, जीवेन्द्रदेव गिरी, सन् २०११, पूर्ववत्, पृ. ३१२

68 उही, पृ. ३१२

लोकोक्तिमा पाइन्छ। यस कथनलाई पनि सिकारको प्रसङ्‌गमा लिन सकिन्छ। मानिसले माछा मासु खानाका निम्ति सिकार गर्न आवश्यकता पर्दछ अनि सिकार पनि सहजै पाउन सकिँदैन। यसका निम्ति मेहनत गर्नु पर्दछ भन्ने पक्षबाट पनि हेर्न सकिन्छ। त्यसरी नै सिकारसम्बन्धी अन्य लोकोक्तिहरू अल्छीको बल्छी, पाखुरीको जाल, मर्दको दुवाली माछाको काल, स्यालका सिकारमा जाँदा बाघको सर्जाम, अन्धो सिकारी गृहस्थी भिखारी आदि छन्।

## २.८.४ लोकचिकित्सा

लोकवार्ताका विधाहरूमध्ये लोकऔषधि र लोकचिकित्सा एउटा हो। 'लोकऔषधि वा लोकचिकित्सा लोकहितका निम्ति प्रयोगमा ल्याएको उपचार विधि हो' भन्ने सुमन बान्तवाको भनाइ छ।[69] लोकऔषधि वा लोकचिकित्सा वैज्ञानिक चिकित्साभन्दा भिन्नै हुन्छ। यो विश्वास, अनुभव र ज्ञानमा आधारित हुन्छ।

सन् १००० तिर लेखिएको आयुर्वेदलाई चिकित्सासम्बन्धी पहिलो कृति मानिए पनि त्यसभन्दा अघिनै हाम्रा पूर्वजहरूले लोकऔषधिको विकास गरिसकेका थिए। लोकऔषधि र लोकचिकित्सा दुई किसिमका हुन्छन्- (क) जडीबुडीका रूपमा र (ख) मासुका रूपमा।

लोकऔषधि र लोकचिकित्साका निम्ति पनि विभिन्न पशु वा जीवहरूको सिकार गरिन्छ। जस्तै, कमजोर मुटु हुने मानिसले बाँदरको मासु औषधिका रूपमा लिने चलन छ भने दमको बिमारी भएमा मानिसले स्यालको मासु खाने गर्छन्। त्यसरी नै क्षय रोग लागेमा चितुवाको मासु र हर्षाको रोग लागेमा कलचुँडा नामक पन्छीको मासु खानाले रोग निको हुन्छ भन्ने लोकविश्वास छ। यस अर्थमा पनि मानिसले सिकार गरेको देखिन्छ।

## २.८.५ लोकविश्वास

लोकविश्वास शब्द 'लोक' र 'विश्वास'-को मेलबाट बनेको हो। साधारण जनमानसले परम्परागत रूपमा मान्दै आएको कुरा नै लोकविश्वास हो। वास्तवमा लोकको चेतना नै लोकविश्वास हो। यो एउटा पिँढीदेखि अर्को पिँढीमा हस्तान्तरित हुँदै आएको पाइन्छ।

---

[69] सुमन बान्तवा, सन् २०२० ,'लोकचिकित्सा', मोहन पी दाहाल (सम्पा), *नेपाली जर्नल*, वर्ष : १६ अङ्क : १७-१८, उत्तर बङ्‌ग विश्वविद्यालय : नेपाली विभाग, पृ. १९९

प्रकृतिमाथि नेपाली समाजको गहिरो आस्था रहेको पाइन्छ। विशेष गरी खोला नाला, रुखपात, पहाड-पर्वत, वनजङ्गल, चट्टान, भन्ज्याङ आदिलाई देवी देउताको पवित्र वासस्थान ठानी पूजापाठ गर्ने परम्परा नेपाली समाजमा पाइन्छ। सिकार लोक मनोरञ्जनका प्रमुख आधार मात्र नभएर लोकविश्वाससँग पनि यो सम्बन्धित रहेको देखिन्छ। प्रागैतिहासिक समयदेखि नै मानिसहरूको दैवीय शक्तिप्रति आस्था रहेको पाइन्छ। सुरुदेखि नै मानिसहरूले कुनै पनि जीवजन्तुहरू मारेपछि त्यसको अंश वा रगत आदि देवी देवतालाई चढाएर वा 'कानखुर'[70] गरेपछि मात्र सिकार खाने गर्दथे।[71]

## २.९ लोकसंस्कृति

संस्कृतिको सिर्जना लोकले गरेको हो। लोकले पुस्तौदेखि चलाउँदै ल्याएको संस्कृति नै वास्तवमा लोकसंस्कृति हो। लोकसंस्कृति शब्द लोक र संस्कृति शब्दको मेलबाट बनेको हो, जसको अर्थ लोकको संस्कृति हुन्छ। यसलाई अङ्ग्रेजीमा 'फोक कल्चर' भनेको पाइन्छ। लोकवार्ताका अध्येताहरूले लोकवार्तालाई लोकसंस्कृतिकै समानार्थी शब्दका रूपमा प्रयोग गरेको पनि देखिन्छ।[72] संस्कृतिलाई संस्कारकै परिचायकको रूप मानिन्छ। समाज, व्यक्ति र युगलाई समेटेर अघि बढ्दै नयाँ नयाँ कलात्मक अनुभूतिलाई पोषित पार्दै पुरानो मान्यताहरूलाई पनि बचाउने काम लोकसंस्कृतिले गर्दछ।[73]

संस्कृति भन्नाले मादल, डम्फु, च्याब्रुङ, मुर्चुङ्गा, बिनायो, ठेकी, जाँतो, ढिकी, नाम्लो, खुकुरी, कर्द, गुन्यूचोलो, ढाकाको टोपी आदि नेपाली संस्कृति भन्ने गरिन्छ।[74] तर यी केवल संस्कृतिका उपदान मात्र हुन्। वास्तवमा संस्कृति भन्नाले कुनै सिङ्गो जातिको जन्म, क्रमिक विकास, कला, धर्म, रीतिथिति, सभ्यता, बचाइ र सोचाइ, खानपिन, रहन सहनको शैली, भेशभूषा आदि नाना विषय[75]-को समष्टिलाई भनिन्छ।

---

[70] कानखुर भन्नाले कुनै पनि जङ्गली जीवहरू मारेपछि त्यसलाई चिरफार गरी मुटु-कलेजोको टुक्रा, रगत, नङ आदिका केही अंश वन देवी देवतालाई चढाउनुलाई कानखुर भनिन्छ। मरेका पशुमा दैवी शक्तिले बास गर्छ अनि त्यसलाई चढाएपछि खाना सकिन्छ भन्ने विश्वास नेपाली समाजमा रहेको देखिन्छ।

[71] शिवकुमार राई, सन् १९८७, *बडा डिनर*, गान्तोक : नेपाली साहित्य सम्मेलन, पृ. ४-५

[72] चूडामणि बन्धु, सन् २००१, पूर्ववत, पृ. १४

[73] एम पथिक, सन् २०१८, *लोक साहित्य र संस्कृतिका झलक*, दार्जिलिङ : राधा पुस्तक प्रकाशन, पृ. १३

[74] उही, पृ. १४

[75] उही, पृ. १४

लोकसंस्कृतिका विभिन्न अङ्गहरूमध्ये सिकार पनि एउटा अवयव हो। नेपाली समाजका विभिन्न सम्प्रदायहरूले नै नयाँ देउता, सिकारी, बुढेनी (सात बुढेनी), भीमसेन आदिमा विश्वास राखी पूजा अर्चना गरेको देखिन्छ।[76] सिकारी पूजा मगर, गुरुङ, राई, लिम्बू आदि किराती जातिमा अधिक प्रचलित रहेको देखिन्छ। किराती जातिमा विशेष गरी राईहरूले सिकारी देवीको पूजा गर्ने प्रचलन रहेको देखिन्छ। पूजामा खुकुरी, बन्चरो, धनु-काँड आदि हतियारहरूको पूजा गर्ने गर्दछ साथै यसबाहेक मनाङ्गे, थकाली र तामाङहरू (धादिङ क्षेत्र)-ले पनि वर्षमा एकपल्ट सिकारको अभिनय गर्ने प्रथाले लोकसंस्कृतिको परिचय दिंदछन्।[77] त्यसरी नै आज बिहेमा खसी वा सुँगुरको मासु लैजाने प्रथा पनि आदिम संस्कृति उपज मान्न सकिन्छ। सुरुमा कुनै एउटा केटाले केटीसित बिहे गर्न जाँदा मृग मारी त्यसको फिला सगुनको रूपमा लिएर गए होला।[78] पछि त्यहीँ नै नेपाली संस्कृतिका रूपमा पनि प्रचलित भएको मान्न सकिन्छ।

## २.१० परिवेश विमर्शका दृष्टिले सिकार

### २.१०.१ पारिस्थितिकी तन्त्र

प्रकृति केवल मानवको मात्र नभएर सबैको साझा धन हो। यो एउटा जटिल विषय हो। यसर्थ वैज्ञानिक तथा दार्शनिकहरूले यसलाई आआफ्ना दृष्टिकोणले बुझ्ने प्रयास गरिरहेका छन्। एकातिर दार्शनिकहरूले यसलाई आध्यात्मबाट चिन्तन गरिरहेका छन् भने अर्कातिर वैज्ञानिकहरूले यसलाई भौतिकवादी दृष्टिकोणबाट अध्ययन गरिरहेका छन्। प्रकृतिबारे अध्ययन गर्ने साहित्यिक दृष्टिकोण 'परिवेश विमर्श' हो। प्रकृति र मानिसको सम्बन्ध सुरुदेखि नै रहिआएको छ तर साहित्यमा परिवेश विमर्शको अध्ययन गर्ने परम्परा भने धेरै पुरानो होइन। प्रकृतिबाट मानव सिर्जित हुन्छ अनि मानिसले साहित्यको सिर्जना गर्दछ। यसै कारण मानिसले साहित्य सिर्जना गर्न प्रकृतिकै सहायता लिने हुनाले मानव, साहित्य र प्रकृतिमाझ अन्तर्सम्बन्ध रहेको हुँदछ। यस कारण पारिस्थितिकीको स्थान र महत्त्वबारे चिन्तन गरी साहित्यिक लेखनमा नयाँ आयाम दिने पद्धति परिवेश विमर्श हो।[79]

---

[76] समीरण छेत्री 'प्रियदर्शी', सन् १९९९, 'सिकारी कल्ट : गौरवशाली नेपाली संस्कृति विलुप्तितिर', पवन चामलिङ 'किरण' (सम्पा), *निर्माण संस्कृति विशेषाङ्क*, वर्ष १९, अङ्क ३४, नाम्ची : निर्माण प्रकाशन, पृ. ८४९

[77] सीताराम तामाङ, सन् २००४, पूर्ववत्, पृ. ३१

[78] छिरिङ पाञ्जो शेर्पा, सन् २००७, *हिउँ परेको साँझ*, गान्तोक : जनपक्ष प्रकाशन, पृ. २०

[79] देवचन्द्र सुब्बा, सन् २०१६, 'साहित्य र पारिस्थितिकी', कविता लामा (प्र सम्पा), *अनुसन्धान*, वर्ष १ अङ्क १, नेपाली विभाग : सिक्किम विश्वविद्यालय, पृ. १०

पारिस्थितिकी तन्त्र भन्नाले कुनै पनि समुदायहरू र वातावरण बिचको अन्तर्सम्बन्धबारे अध्ययन गर्ने वैज्ञानिक पद्धति हो।[80] यसलाई अङ्ग्रेजीमा 'इको सिस्टम' भनिन्छ। यस शब्दको प्रयोग सर्वप्रथम सन् १९३५ मा ए जी टान्स्ले-ले गरेका हुन्।[81] यो एउटा विशिष्ट पर्यावरणीय व्यवस्था हो। पारिस्थितिकी तन्त्रमा समुदायहरू जस्तै, उद्भिद्, जीवजन्तु तथा सुक्ष्म जीवहरूले वारतावरणदेखि प्राप्य ऊर्जा तथा खनिज पदार्थ आदिलाई एकाअर्कामा आदान प्रदान गरी सन्तुलित भएर बसेको हुन्छ। पारिस्थितिकी तन्त्र दुई किसिमका हुन्छन्[82]-

२.१०.१.१ प्राकृतिक पारिस्थितिकी तन्त्र र

२.१०.१.२ कृत्रिम वा मानव निर्मित पारिस्थितिकी तन्त्र

### २.१०.१.१ प्राकृतिक पारिस्थितिकी तन्त्र

प्राकृतिक पारिस्थितिकी तन्त्र मानवीय हस्तक्षेपद्वारा रहित स्वचलित तन्त्र हो। यो एकदमै मन्द गतिमा हुने गर्दछ। यो जटिल एवम् बृहत् व्यवस्थापन हो। केही कारणवश पास्थितिकी तन्त्र असन्तुलित भए यसको निवारण पनि प्रकृति स्वयम्ले नै गर्दछ। यसअन्तर्गत स्थलीय पारिस्थितिकी तन्त्र र जलीय पारिस्थितिकी तन्त्र गरी दुई किसिमका हुन्छन्।

### २.१०.१.२ कृत्रिम वा मानव निर्मित पारिस्थितिकी तन्त्र

मानिस प्रकृतिको सानो निकाय हो। पारिस्थितिकी तन्त्रको संरक्षण तथा विनाशमा मानव जातिका ठुलो हात रहेको छ। आधुनिक कालमा मानिसले बौद्धिक विकासका कारण विभिन्न तकनिकी एवम् वैज्ञानिक सहायताद्वारा आफ्नो सुविधाका निम्ति छुट्टै पारिस्थितिकी तन्त्रको निर्माण गरेका छन्।[83] यसअन्तर्गत वन्य, घाँसीय मैदान, मरूभूमि पारिस्थितिकी तन्त्र अनि सागरीय पारिस्थितिकी तन्त्र गरी चार किसिमका छन्।[84]

पारिस्थितिकी तन्त्रमा मानिसले आफ्नो सुख सुविधाका निम्ति उपयोग गर्न निर्माण गरेको पाइन्छ। जस्तै, मानिसले पृथ्वीका प्रत्येक ठाउँहरूमा आफ्नो हितका निम्ति नयाँ किसिमका रुखहरू रोप्ने

---

[80] ......, 'ह्वाट् इज इकोलजी', द इकोलजिकल सोसाइटी अव् अमेरिका, स्रोत- www.esa.org 31/05/2022, 10:23

[81] दामोदर शर्मा, हरिश्चंद्र व्यास, सन् २०१६, *आधुनिक जीवन और पर्यावरण*, दिल्ली : प्रभात प्रकाशन, पृ. १५

[82] राज कुमार शर्मा, सन् २०१२,*पर्यावरण समस्या और समाधान*, दिल्ली : कल्पना प्रकाशन, पृ.१७४

[83] दामोदर शर्मा, हरिश्चन्द्र व्यास, सन् २०१६, पूर्ववत्, पृ. २५

[84] राज कुमार शर्मा, सन् २०११, पूर्ववत्, पृ. १७४

गरिन्छ। ती नयाँ उद्भिद्ले त्यहाँका स्थानीय उद्भिद्हरू साथै स्थानीय जीवहरूलाई प्रभावित पार्ने गर्छ। त्यसरी नै आज मानिसले वैज्ञानिक पद्धतिले शुष्क स्थान वा मरुभूमिमा पानी पुऱ्याएर खेतीपाती पनि गरेका छन्। यसबाहेक नगर, हवाई अड्डा तथा सडक आदिको निर्माण गरेर त्यहाँका प्राकृतिक सम्पदाहरूलाई विस्तृत रूपमा नष्ट पार्ने काम गरेका छन्।[85]

सुरुमा मानिसहरू खाद्यका निम्ति प्राकृतिमै आश्रित थिए। तर बिस्तारै बिस्तारै मानिसले आफ्नो खाद्य उमारेर खान सिकेपछि आफ्नो आवश्यकता अनुसारको खेती गर्न थाले। यसरी मानिसले खाद्य उत्पादन गर्न सिकेपछि उनीहरू एउटै ठाउँमा बस्न थाले। फलस्वरूप उनीहरूको सङ्ख्यामा पनि वृद्धि हुन थाल्यो अनि आफ्नो बास र गाँसका निम्ति अन्धाधुनमा रुखहरू काट्न थाले। जसको कारण प्राकृतिक सन्तुलन मात्र नभएर पर्यावरण समेत प्रदूषित भए। यस प्रदूषित वातावरणले मानिस साथै पशु प्राणी सबैलाई प्रभावित पारेको छ। यस कारण मानव निर्मित पारिस्थितिकी तन्त्रले प्रकृतिलाई सर्वाधिक हानि पुऱ्याउने काम गरेको देखिन्छ।

### २.१०.२ पारिस्थितिकी तन्त्रमा सिकारको प्रभाव

सिकारको प्रभाव पारिस्थितिकी तन्त्रमा प्रत्यक्ष रूपले हुने गर्दछ। यसको सोझै प्रभाव खाद्य शृङ्खलामा पर्ने गर्दछ। भारत स्वतन्त्र हुनअघि विभिन्न राजा महाराजाहरू तथा अङ्ग्रेजहरू सिकारका विलासी थिए। भारतीय सिकारको इतिहास हेर्दा पशु प्राणीको हत्या मुगल कालमा सर्वाधिक भएको थियो। मुगल राजाहरूले चितुवालाई मृग साथै अन्य जीवजन्तुको सिकार गर्नका निम्ति पाल्ने गर्थे।[86] यसको फलस्वरूप त्यस समय भारतमा धेरै सङ्ख्यामा जीवजन्तुसँगै चितुवाको सङ्ख्यामा पनि कमी आयो। सन् १९५४ सम्ममा चितुवा भारतदेखि पूर्ण रूपले लुप्त भएर गयो।[87] यसबाहेक यी राजा महाराजाहरूले आफ्ना सौर्य देखाउन उनीहरू ठुल्ठुला जीवहरू जस्तै, बाघ, सिंह आदिको सिकार गर्थे। फलस्वरूप आज भारतमा बाघ र सिंहको सङ्ख्या धेरै नै कम रहेको छ।

---

[85] दामोदर शर्मा, हरिश्चंद्र व्यास, २०१६, पूर्ववत्, पृ. २५

[86] ......, सन् २०१०, 'अ हिस्ट्री अव् हन्टिङ इन द इन्डियन सबकन्टिनेन्ट', पूर्ववत्, पृ ५

[87] रवि चेल्लम, 'वाई द एसियाटिक लायन एन्ड द अफ्रिकन चिता कुड बि पिट्ड अगेन्स्ट इच अदर इन कुनो नेसनल पार्क', द *हिन्दू*,१५/०१/२०२२, 18:00

सिकारले मानिसको क्रुर प्रवृत्तिलाई दर्साउँछ। मानिस सिकार गर्न वनजङ्गलमा जान्छन्। उनीहरूले सिकार गरेर मात्र पारिस्थितिकी असन्तुलन गर्दैनन् तर उनीहरूले आफूसित लगेका सामल तुमल आदि खाएर जताभावी फ्याँक्ने गर्छन्। यसले वातावरण प्रदूषित मात्र नभएर वन्यजीवहरूलाई पनि प्रभावित पार्ने गर्दछ। यसबाहेक आज विश्वमा औद्योगीकरण र सहरीकरणका कारण दिन प्रति दिन वनजङ्गल नाश हुँदै गइरहेको छ। यस कारण वन्यजीवहरू सहर वा बस्तीतिर आउन बाध्य हुन्छ। यसरी बस्तीतिर आउँदा मानिसहरूले मारेका कुराहरू समाचारमा प्रायः आइरहेको देखिन्छ।

## २.११ सिकार सम्बन्धित कानुन

भारत सुरुदेखि नै जैविक विविधताले सम्पन्न देश हो। यहाँको भौगोलिक सम्पदा विभिन्न पहाडपर्वत र वनजङ्गलले ढाकेको छ। उत्तर भारतको यमुना नदीदेखि पूर्वमा त्रिपुरासम्मका विस्तृत भूभागलाई घना जङ्गलले ढाकेको छ। यहाँ पाइने वन्यजीवहरूमा बाघ, गैँडा, हात्ती, हाब्रे (पान्डा), भालु, प्यान्थर, कालो मृग, चितुवा आदि हुन्। मध्य क्षेत्रहरू मध्यप्रदेश, छत्तीसगढ, आन्द्रप्रदेशका केही भागका जङ्गलहरूमा बाघ, जङ्गली भैँसी (बाइसन) र कालो मृग अधिक मात्रामा पाइन्छन्। दक्षिण भारतको तमिलनाडु, केरल तथा कर्नाटक आदिका जङ्गलमा बाघ, हात्ती, जङ्गली भैँसी, हिरण आदि पाइन्छन्। यसबाहेक नीलगिरी पर्वतहरूमा सिंह तथा कोप्रे सिङ्ग भएका बाख्राहरू पाइन्छन्।

सर्वप्रथम सिकारसम्बन्धी संरक्षण गर्ने काम मौर्य शासनकाल (इ पू ३२१-१८५)-देखि नै भएको पाइन्छ। वन संरक्षण र पशु प्राणीहरू संरक्षण राजाले गर्नु पर्छ भनेर कौटल्यको *अर्थशास्त्र*मा उल्लेख गरेका छन्।[88] उनले वन्य क्षेत्रलाई धेरै भागमा बाँडिएको पाइन्छ भनेका छन्। ती हुन्- चारण वन, शिकारगाह, अभयारण्य आदि। अभयारण्य क्षेत्रमा वन्यजीवहरू एवम् पन्छीहरूलाई मार्न प्रतिबन्ध गरिएको थियो। यस क्षेत्रमा सिकार गरेका खण्डमा दण्ड विधानको पनि प्रावधान थियो। उदाहरणस्वरूप हात्तीलाई मारे मृत्युदण्डको प्रावधान थियो।[89]

---

[88] महेन्द्र प्रताप सिंह, सन् २०१०, *भारत के संरक्षित वन क्षेत्र*, नई दिल्ली : नेशनल बुक ट्रस्ट, पृ. ४

[89] उही, पृ. ५

औपनिवेशिक शासनको समयमा जनजातिहरूले विद्रोह गर्नका प्रमुख कारणमध्ये एउटा कारण सिकार हो। किनभने अङ्ग्रेजहरूले तिनीहरूलाई जङ्गल जान र सिकार गर्नमा प्रतिबन्ध लगाएको थियो। फलस्वरूप अङ्ग्रेजहरूसित असन्तुष्ट भई उनीहरूले आन्दोलन गरेका थिए।[90]

वन्यजीव संरक्षणको पहिलो पहल जिम कर्बेट नामक अङ्ग्रेजी सिकारीद्वारा नै भएको देखिन्छ। उनले नै पशु प्राणीहरूको अत्यधिक सिकार गर्नाले एकदिन पृथ्वीमा जीवजन्तु सकेर जाने छ भन्ने बोध गरे। त्यसपछि पशु प्राणी संरक्षणप्रति विचारविमर्श गर्न थालियो।[91] सन् १९१२ मा चरा साथै पशु रक्षा 'ऐन, १९१२' अनि बङ्गाल गैँडा संरक्षण 'ऐन, १९३२' आदि कानुन बनाइयो। यसपछि सिकार गर्न प्रतिबन्ध लगाइयो। पशु प्राणीहरूको संरक्षण हेतु विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय उद्यानहरूको निर्माण गर्न थालियो। सन् १९३६ मा सर्वप्रथम राष्ट्रिय उद्यान 'हैली नेसनल पार्क'-को स्थापना भयो।[92] यहीँ नेसनल पार्क भारत स्वतन्त्र भएपछि जिम कर्बेटका नाममा राखियो। नेसनल वाइल्डलाइफको डेटाबेस (डिसम्बर २०२१)-अनुसार अहिले भारतमा १०६ वटा नेसनल पार्क स्थापित छन्।[93]

१५ अगस्त १९४७ मा स्वतन्त्रतापछि भारत सरकारले वन्यप्राणी तथा वन संरक्षणका निम्ति विभिन्न परियोजनाहरूको स्थापना गरेको पाइन्छ। यसमा भारत सरकारले लगभग विलुप्त हुन गएका विभिन्न वन्यजीवहरूको संरक्षण गर्ने जमर्को गर्‍यो। ९ सितम्बर १९७२ देखि वन्य संरक्षण अधिनियम लागु गरिएको हो। यस अधिनियममा ६६ धाराहरूलाई ७ अध्यायमा वर्गीकरण गरिएको पाइन्छ।[94] यस अधिनियमको प्रावधानअन्तर्गत कुनै पनि पशु प्राणीको सिकार गर्न निषेध गरिएको छ। सन् १९८३ मा नेसनल वाइल्डलाइफ एक्सन प्लानअन्तर्गत वन्यजीवहरूलाई सुरक्षा दिनका निम्ति विभिन्न कार्यक्रम, रणनीति र परियोजनाहरूको सञ्चालन हुँदै आएको पाइन्छ।

भारतमा मनोरञ्जन तथा छालाका निम्ति मानिसहरूले बाघको सिकार अधिक मात्रामा गरेको देखिन्छ। फलस्वरूप देशमा बाघको सङ्ख्यामा ह्रास भएको देखिन्छ। यसै कारण यसको संरक्षणका हेतु भारत सरकारले सन् १९७३ देखि प्रोजेक्ट टाइगर योजनाको सुरुवात गरेको पाइन्छ। यसबाहेक अन्य

---

90 ....., सन् २०१०, 'अ हिस्ट्री अव् हन्टिङ एन द इन्डियन सबकन्टिनेन्ट', पूर्ववत्, पृ. ५

91 उही, पृ ७

92 उही, पृ. ७

93 सन् २०२२, 'नेसनल पार्क्स- वाइल्डलाइफ इन्स्टिट्युट अव् इन्डिया', स्रोत- https://www.wii.gov.in, 21/03/2022, 20 : 41

94 महेन्द्र प्रताप सिंह, सन् २०१०, पूर्ववत्, पृ. १७-२७

परियोजनाहरू यस प्रकारका छन्- गिर सिंह परियोजना, गोही प्रजनन परियोजना, हात्ती परियोजना, प्रोजेक्ट हड्गुल, कस्तुरी मृग परियोजना, मणिपुर मृग परियोजना, ग्रेट इन्डियन बस्टर्ड परियोजना, स्नो लेपर्ड परियोजना, एकसिङ्गे गैँडा, गिद्ध संरक्षण योजना, भालु संरक्षण केन्द्र इत्यादि।[95]

## २.१२ निष्कर्ष

पृथ्वीमा प्रत्येक कुरा एकाअर्कामा निर्भर रहन्छ। प्रकृतिले प्रत्येक कुरा सन्तुलित बनाएर राखेको छ। मानवले सुरुमा फलफुल तथा कन्दमूल आदि खाएर जीवनयापन गर्दथे तर सधैँभरि फलफुल कन्दमूल नपाइनाले तिनीहरू पशुपन्छीलाई मारेर खान बाध्य भए।

सुरुमा तिनीहरूले आहारका निम्ति सिकार गरे तापनि कालान्तरमा त्यहीँ सिकार मनोरञ्जनको साधन बनेको देखिन्छ। विशेष गरी जमिनदार, मुखिया, राजा महाराजाहरूले सिकारलाई मनोरञ्जन साथै बहादुरी देखाउने साधनका रूपमा लिएको पाइन्छ।

पारिस्थितिकीमाथि सङ्कट औपनिवेशिक साम्राज्यको उदय भएपछि द्रुत गतिमा भएको देखिन्छ। युरोपमा औद्योगिक क्रान्तिपछि अधिक मात्रामा काँचो पदार्थहरूको खाँचो परेको देखिन्छ। ती उपनिवेशक देशहरूले विश्वका विभिन्न देशहरूबाट काँचो पदार्थहरूका निम्ति वन जङ्गल मास्ने, पशु प्राणीहरू मार्ने काम गरेको देखिन्छ। यसबाहेक कुलीन वा सामन्ती वर्गले सजावटका निम्ति साथै झोला, पेटी, वस्त्र र विभिन्न सौन्दर्य प्रसाधन आदि निर्माणका निम्ति पशु प्राणीहरूको निर्मम हत्या गर्दै आइरहेको छ। जसको फलस्वरूप विश्व नै पारिस्थितिकी सङ्कटमा परेको छ।

---
[95] उही, पृ. १७-२७

## तेस्रो अध्याय

## भारतीय नेपाली समाज र नेपाली साहित्यमा सिकारको सन्दर्भ

### ३.१ नेपाली समाजको परिचय

समाज एउटा संस्था हो। एउटा निश्चित भौगोलिक क्षेत्रमा विकसित भएका सामूहिक विचारहरूको अभिव्यक्तिद्वारा समाजको निर्माण हुँदछ। समाज निर्माणमा भाषा, संस्कृति, धर्म, भूगोल, अर्थनीति, राजनीतिजस्ता विविध आधारभूत घटकहरूले आवश्यक भूमिका निर्वाह गरेका हुन्छन्। यिनै आधारभूत घटकहरूको सम्मिश्रित रूप नै समाज हो। प्रयोगात्मक *नेपाली शब्दकोश*मा समाजलाई 'एउटै रहनसहन, व्यवस्था, धर्म आदि अँगाल्ने वा एकै स्थानमा बसोबासो गर्ने मानिसहरूको समूह'[96] भनेर परिभाषित गरिएको छ। मानव जातिको उत्पत्ति र यसको प्रारम्भिक इतिहासलाई आकलन गर्दा विश्वका सम्पूर्ण मानव जाति नै एउटा समाजका रूपमा विकसित भएको पाइन्छ। पछि मानव जातिको विकास र विस्तारले देश, राज्य हुँदै मानिसहरूको सानो जमातलाई समाज भन्न थालियो। नेपाली समाज पनि यही बृहत् समाजको एउटा अंश रूप हो। नेपाली समाजमा पनि छेत्री, बाहुन, सार्की, दमाई, कामी, राई, लिम्बू, मगर, तामाङ, थामी, सुनुवार आदि विभिन्न जातिगोष्ठीहरू छन्। यी सबै जात, जातिहरूको मिश्रित स्वरूपद्वारा समग्र नेपाली समाजको निर्माण भएको पाइन्छ।

कुनै पनि समाज वा जातिको अध्ययन गर्दा प्रथमतः त्यस जातिको उत्पत्ति र विकासबारे जान्न आवश्यक हुँदछ। ऐतिहासिक पृष्ठभूमिका आधारमा विविध जातगोष्ठीहरूका सम्मिश्रणबाट नेपाली जाति अनि समाज निर्माण भएको पाइन्छ।[97] नेपाली समाजको निर्माणमा पनि भाषा, संस्कार-संस्कृति, धर्म, वेशभूषा, रहनसहन, रीतिथिति आदिको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ। अतः नेपाली भाषा तथा साझा संस्कार संस्कृति एवम् रहनसहन भएका मानिसहरूको सामूहिक रूप नै नेपाली समाज हो।

---

[96] हेमाङ्गराज अधिकारी, बद्री विशाल भट्टराई, सन् २०१७, पूर्ववत्, पृ. १४०९

[97] जनकलाल शर्मा, सन् २००१, पूर्ववत्, पृ. ४७

## ३.२ नेपाली साहित्यमा सिकारको अवधारणा र विकास

नेपाली समाजमा सिकारको प्रचलन कहिलेदेखि प्रारम्भ भयो त्यसलाई निश्चित रूपमा भन्न सकिँदैन। तर नेपाली समाजले विविध प्रयोजनका निम्ति गुलेली वा मटेङ्ग्रा, खदुवा र धनु-वाण जस्ता पारम्परिक हातहतियारको प्रयोग भने धेरै अघिदेखि गर्दै आएको देखिन्छ। किराती जातिको पवित्र ग्रन्थ एवम् लेप्चाका लोककथाहरूमा अवस्थित सिकारका प्रसङ्गहरूले नेपाली समाजमा प्राचीन कालदेखि नै सिकारको प्रचलन रहेको प्रमाण दिँदछ। भक्त राईले *पूर्वीय दर्शन* (सन् २०१८) पुस्तकमा किराती मुन्दुममा एउटा कालको नामलाई नै सिकारयुग भनेर नामकरण गरिएको उल्लेख गरेका छन्।[98] *अमरकोश*मा किरातलाई 'किरं पर्यन्तभूमिं अतित गच्छतीति किरातः' भनिएको पाइन्छ, जसको शाब्दिक अर्थ 'सिकार गरेर बाँच्ने एउटा पहाडी जाति' भन्ने हुँदछ। अतः उपर्युक्त सन्दर्भहरूका आधारमा हेर्दा सिकारसँग नेपाली जातिको धेरै पुरानो सम्बन्ध रहेको देखिन्छ।

नेपाली साहित्यको प्राथमिक काल सन् ९४३ तिर लेखिएको 'बाज परीक्षा'[99]-लाई सिकारसम्बन्धी लेखिएको पहिलो नेपाली गद्य मान्न सकिन्छ। 'बाज परीक्षा'-मा बाज पाल्ने र त्यसको उपचार गर्ने विधिहरूबारे[100] चर्चा गरिएका हुनाले यसलाई सिकारसम्बन्धी लेखिएको पहिलो नेपाली गद्य मानिन्छ। बालकृष्ण पोखरेलले *पाँच सय वर्ष* (सन् २०१६) पुस्तकमा कर्णाली प्रदेशमा चराचुङ्गीहरूको सिकार गर्नाका निम्ति बाज पाल्ने प्रचलन रहेको उल्लेख गरेका छन्।[101] यसै पुस्तकमा प्रेमनिधि पन्तको 'प्रायश्चित प्रदीप' (सन् १७२३) पनि समाविष्ट छ। 'प्रायश्चित प्रदीप'-लाई नेपाली साहित्यमा सिकारसम्बन्धी लेखिएको दोस्रो गद्य मानिन्छ। यो गद्य पूर्ण रूपले सिकार सम्बन्धित नभए तापनि पशु प्राणीको सिकार गर्नु हुँदैन भन्ने धार्मिक एवम् नैतिक सन्देश दिएको देखिन्छ। नेपाली साहित्यको प्रारम्भिक कालमा संस्कृतको धेरै प्रभाव रहेको पाइन्छ। संस्कृतबाट नेपालीमा अनूदित भएका *महाभारत विराट्पर्व, हितोपदेश मित्रलाभ, बेताल पञ्चविंशति कथाहा, रामायण* तथा *स्वस्थानी* व्रत कथा आदि धार्मिक तथा नैतिक मूल्यका ग्रन्थहरूमा पनि सिकारको प्रसङ्ग प्रस्टसँग आएको पाइन्छ।

---

98 भक्त राई, सन् २०१८, *पूर्वीय दर्शन*, काठमाडौँ : नेपाल प्राज्ञिक अनुसन्धान केन्द्र, पृ. ८२-८३

99 बालकृष्ण पोखरेल, सन् २०१६ (सा संस्क), *पाँचसय वर्ष*, काठमाडौँ : साझा प्रकाशन, पृ. २

100 उही, पूर्ववत्, पृ. २

101 उही,पृ. १५५

प्राथमिक र माध्यमिक कालीन नेपाली गद्याख्यानका विषयवस्तु अधिकांश रूपमा संस्कृतबाट नै आएको पाइन्छ। संस्कृतबाट गृहीत यी वस्तुले नेपाली समाजमा विशेषतः धार्मिक एवम् नैतिक शिक्षा प्रसार गर्ने उद्देश्य राखेको पाइन्छ। तर संस्कृतबाटै प्रभावित भए तापनि प्राथमिक र माध्यमिक कालीन नेपाली गद्याख्यानमा मूलभूत भिन्नता भने पाइन्छ। प्राथमिक कालीन नेपाली गद्याख्यान मूलतः अनुवादमै सीमित थियो भने माध्यमिक काल (सन् १८८३-१९३३)-मा आइपुग्दा नेपाली साहित्यमा अनुवादका साथै मौलिक साहित्यको पनि सिर्जना हुन् थालेको देखिन्छ।[102] माध्यमिक कालमा संस्कृतबाहेक अरबी, फारसी, उर्दू आदिबाट आएका आख्यानले पनि नेपाली गद्याख्यानलाई प्रभावित पारेको देखिन्छ। यस कालमा प्रकाशित सदाशिव शर्माको *वीरसिक्का* (सन् १८८९), गिरीशबल्लभ जोशीको *वीरचरित्र* (सन् १८९९)*, बहत्तर सुघाको कथा*, *तोता-मैनाको कथा* र *पञ्चतन्त्रको कथा* आदि आख्यानहरूमा धार्मिक र नैतिक सन्देश सँगसँगै सिकारका प्रसङ्गहरू पनि प्रस्ट रूपमा आएका छन्। यी आख्यानमा पशुपन्छी, चराचुरुङ्गी, कीटपतङ्ग आदि मानवेतर पात्रलाई मनोरञ्जनका निम्ति प्रयोग गरिएको पाइन्छ। कथामा मानवेतर पात्रलाई मानवीकरण गरी प्रस्तुत गरिएको छ।[103] *वीरचरित्र* (सन् १९६५)-मा किसानले सुगालाई पासोमा पारेर आफ्ना राजालाई दिएको कथा छ। राजालाई दिएको त्यहीँ सुगाले पछि राजकुमारलाई ज्ञान दिँदै विभिन्न ठाउँमा भ्रमण गराएको वृतान्त पाइन्छ। यसअतिरिक्त अज्ञात लेखकको 'एक सिकारीको सच्चा कहानी', पाद्री गङ्गाप्रसाद प्रधानको बाइबलबाट अनूदित 'हांस्को नराम्रो चल्लाको कथाहा' (सन् १९१४), अज्ञात लेखकको 'नरबहादुर गुरुङको कथा' (सन् १९२८) आदि माध्यमिक कालमा लेखिएका सिकार सम्बन्धित कथाहरू हुन्।

आधुनिक नेपाली साहित्यका विविध विधामा सिकारका प्रसङ्गहरू यथेष्ट रूपमा आएको पाइन्छ। यसमध्ये पनि कथा र उपन्यासमा सिकारका प्रसङ्गहरू धेर आएको पाइन्छ। लक्ष्मीप्रसाद देवकोटाको *शाकुन्तल* (महाकाव्य, सन् १९४५), लेखनाथ पौड्यालको *तरुण तपसी* (खण्डकाव्य, सन् १९५३), शिवकुमार राईको *डाँफेचरी* (खण्डकाव्य, सन् १९५४), जस योञ्जनको *एउटा देशको खोजमा* (कविता सङ्ग्रह, सन् १९८५) आदि काव्यमा सिकारको प्रसङ्ग आएको पाइन्छ। लेखनाथ पौड्यालको *तरुण तपसी* खण्डकाव्यमा आएको सिकारको एउटा प्रसङ्ग यस्तो छ-

---

[102] चूडामणि बन्धु (सम्पा), सन् २००३, *नेपाली साहित्यको इतिहास (प्रथम खण्ड)*, काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान, पृ. ४५५-४५६

[103] शान्तिराज शर्मा, सन् १९९७, *कथाको संसार र संसारका कथा*, नेपाली विभाग : उत्तर बङ्ग विश्विद्यालय, पृ. ४४

*न सक्छौ आँशू टपटप टिपी चप्प पिउन*
*न सक्छौ मासूले दिनभर अघायेर जिउन*
*न सक्छौ यो भुत्ला लिइकन कुनै वस्त्र सिउन*
*चुँड्यौ व्यर्थै मेरो मनुज! तिमीले जीवन किन?*

(पृ. ३३)

प्रस्तुत उद्धरणमा प्रकृतिले मानिसको हिंसात्मक प्रवृत्तिलाई निन्दा गर्दै सबैलाई दया र सद्भावना राख्ने आग्रह राखिएको छ। प्रकृतिका निम्ति सबै कुरा नै समान हुन्। त्यसै कारण प्राणीमध्ये सबैभन्दा श्रेष्ठ मानिएको मानिसले कसैको हत्या नगरी सबैप्रति समभाव राख्नुपर्छ भन्ने सन्देश यस काव्यमा पाइन्छ।

सन् १९३४ को *शारदा* पत्रिकामा बालकृष्ण समको 'बर्दहामा शिकार' निबन्ध प्रकाशित भएको पाइन्छ। यस निबन्धमा जुद्धशमशेर राणाले आफ्ना मन्त्री तथा भारदारहरूका साथमा बाघको सिकार गर्न गएको घटना छ। निबन्धको शीर्षकमा नै प्रस्टसँग सिकार शब्दको उल्लेख पाइनाले यसलाई नेपाली साहित्यमा सिकारसम्बन्धी लेखिएको एउटा प्रमुख निबन्ध मानिन्छ। जुद्धशमशेरले जङ्गलमा गएर निर्ममतापूर्वक बाघ तथा अन्य वन्यपशुहरूको सिकार गरेको सन्दर्भ निबन्धमा यसरी आएको छ-

*मेघबाट असिना बर्से जस्तै ढुड्डीका सेता भुवादारी थाकल फुल हात्तीका कपाल र आङबाट झर्न लागे। यसपछि चट्याङ चुटुङ भएर बन्दुकको आवाज आयो। त्यो गोलीले बाघको घाँटीमा प्वाल पारिदियो। त्यताबाट रगतको भुल्को बाहिर आउनुभन्दा अघाडि बाघले फरक्क फर्केर आफ्नो त्यतैपट्टिको खुट्टा टोक्यो अनि रीसले फुलेर जगर ठाडो गरी बलले भेटेसम्म गुनगुनाएर खोक्तै गर्जी बिसै नङ्ग्रा निकालली झम्टँदै एक फालमा श्री ३ महाराजको हात्तीको अघिल्तिर पुगेर अर्को फालमा चारै खुट्टा फाली नागबेली परेर उफ्री चमेरो-उडाइले हात्तीको पुर्पुरोको ठिक सोझोको बिच पारी दुई चार हात पर मात्र के आइपुगेको थियो हडबडको नामै बिर्सेको बाहुलीको अर्को गोलीले त्यसको टाउकोमा चट्याङ्ग वज्र पारेर पृथ्वीमा सधैँको निम्ति तेर्स्याइदियो।*

(पृ. ६३)

प्रस्तुत निबन्ध विवरणात्मक शैलीमा लेखिएको छ। यस निबन्धमा सिकार गर्न गएको समय बाघसँग भएको हिंस्रक घटना अनि अन्त्यमा जुद्धशमशेरले बाघलाई मारेपछि सबैजना खुसी भएर हर्षोल्लास गरेको विस्तृत वर्णन पाइन्छ। यसबाहेक पारसमणि प्रधानको ‘अजीब भोज’ (*रोचकसंस्मरण,* सन् १९६९) पनि सिकारसम्बन्धी लेखिएको निबन्ध हो। यस निबन्धमा प्रधान र उनका साथीहरूले टिस्टा नदीका किनारमा मृगको सिकार गरी खाएको उल्लेख पाइन्छ।

आधुनिक नेपाली उपन्यासमा पनि सिकारका विविध प्रसङ्गहरू आएका छन्। तीमध्ये रूपनारायण सिंहको *बिजुली* (अपूर्ण उपन्यास, सन् १९४२), इन्द्र सुन्दासको *सहारा* (सन् १९९५), प्रकाश कोविदको *तर कहिले* (सन् १९८३), राजबहादुर राईको *रङ्दु कमानको परिवेशभित्र* (सन् २००८) आदि उपन्यास प्रमुख छन्। यी उपन्यासमा अङ्ग्रेजले चिया कमानका मजदुरका सहयोगमा दार्जिलिङ र वरिपरिका क्षेत्रमा सिकार गरेको घटनाको वर्णन पाइन्छ। अङ्ग्रेजहरूलाई सिकार गर्न सहयोग गर्ने स्थानीय सिकारीहरू मालिकको प्यारो हुने गरेको प्रसङ्ग प्रकाश कोविदको *तर कहिले* उपन्यासमा प्रस्टसँग आएको छ। उपन्यासकी पात्र सिम्मा भन्छे-

*मृगे दाजु, तपाई पो शिकारी भएर साहेबको प्यारो हुनुभयो।*

(पृ.२५)

आधुनिक नेपाली कथामा पनि सिकारको प्रसङ्ग यथेष्ट रूपमा आएको पाइन्छ। मातृकाप्रसाद कोइरालाको ‘पीपाको हवल्दार’ (सन् १९८७), ‘शिवकुमार राईका ‘माछाको मोल’ (सन् १९५१), ‘ज्यानमारा?’ (सन् १९५६) ‘हिँउले पुरेको रहस्य’ (सन् १९७६), ‘तिब्बतको हुलाक-पथ’ (सन् १९८७), हायमनदास राई ‘किरात’-का ‘जुडिथ’ (सन् २०००), ‘वारूणी’ (सन् २०१५), एम एम गुरुङको ‘दामसाङगडीको भुईंभालू’ (सन् १९८२), कृष्णसिंह मोक्तानको ‘अज्ञात वीर’ (सन् १९७७), इन्द्रबहादुर राईका ‘जयमाया आफू मात्र लेखापानी आइपुगी’ र ‘जार : भएकै एउटा कथा’ (सन् १९६१), असीत राईका ‘विगतको बादल : वर्तमानको बिहान’ र ‘महापुरुषको अन्त्य’ (सन् २००६), प्रेम योञ्जनको ‘मान्छे मार्ने बाजी’ (सम्पा, सन् १९८८), पारसमणि प्रधानको ‘साढे-सातको कथा’ (सन् १९७४) प्रदीप गुरुङको ‘लाजुम रानी, सुनाखरी र डालिम गढी’ (सन् २००७), विष्णुलाल उपाध्यायको ‘त्यो अस्मरणीय दिन’ (सन् १९९४), बद्रीनारायण प्रधानको ‘शिकारको रहर’ (सन् १९९२), सुखनमका ‘दिन बिग्रेको’ र

'टल्कने आँखा' (सन् २००१) खुसेन्द्र राईका 'खुर्मी' र 'शिकारीहरू' (सन् २०१९) आदि कथाहरूमा सिकारको दृष्टान्त पाइन्छ। यी कथाहरूमा सिकारको दृष्टान्त कतै मूल विषयका रूपमा त कतै प्रसङ्गका रूपमा आएका छन्।

### ३.३ सिकारसम्बन्धी लेखिएका भारतीय नेपाली कथाको सङ्क्षिप्त अध्ययन

विश्वमा सिकारलाई जोखिमपूर्ण वा चुनौतीपूर्ण कार्य मानिन्छ। विश्व साहित्यका कतिपय कृतिहरूलाई हेर्दा सिकारी नै पछि गएर लेखकमा परिणत भएको पाइन्छ। थियोडर रुजबेल्ट (*द वाइडनेस्सेरी हन्टर,* सन् १८९३), जिम कर्वेट (*मेन इटर कुमाऊँ*, सन् १९४४, *मेन इटिङ ल्यापार्ड अव् रुद्रप्रयाग,* सन् १९४७) आदिलाई यसका प्रमुख उदाहरणका रूपमा लिन सकिन्छ। यी सिकारीले आफू सिकार अभियानमा गएको समय भोगेका कतिपय कुराहरूलाई नै वर्णन गरेर कथा लेखेको पाइन्छ। यसअतिरिक्त कतिपय सिकारीले आफ्ना बहादुरी वा योग्यतालाई देखाउन अथवा मनोरञ्जन एवम् सौकका निम्ति पनि सिकार गर्ने गरेको पाइन्छ। यसका लागि उनीहरू हप्ता वा महिना दिनसम्म जङ्गलमा गएर बस्ने अनि त्यहाँ अनुभव गरेका कुरा पछि आफ्ना संस्मरण, यात्रा संस्मरण, दिनचर्चा (डायरी लेखन) तथा आख्यान आदिमा वर्णन गरेको पाइन्छ। विश्वका कतिपय साहित्यमा सिकार र साहित्यको यस प्रकारको पारस्परिक सम्बन्ध देखिए तापनि भारतीय नेपाली कथामा भने त्यस्तो साहित्य अपेक्षाकृत लेखिएको पाइँदैन।

ईश्वर बरालले आफ्नो पुस्तक *झ्यालबाट* (सन् १९९६)-मा *गोर्खा संसार*मा प्रकाशित अज्ञात लेखकको 'नरबहादुर गुरुङ' (सन् १९२८) कथालाई भारतीय नेपाली साहित्यमा मात्र नभएर नेपाली साहित्यमै सिकारसम्बन्धी लेखिएको पहिलो मौलिक कथा हो भनेका छन्।[104] तर यसअघि नै पाद्री गङ्गाप्रसाद प्रधानको 'हांस्को नराम्रो चल्लाको कथाहा' (सन् १९१४) प्रकाशित भएको देखिन्छ। यो कथा पनि सिकारकै विषयवस्तुमा अनुबन्धित भए तापनि प्रधानको यो मौलिक कथा नभएर अङ्ग्रेजीको द *अग्ली डक*[105]-को नेपाली अनुवाद हो। अतः मौलिकतालाई आधार मानेर हेर्नु हो भने 'नरबहादुर गुरुङ'-लाई नै सिकारसम्बन्धी लेखिएको पहिलो नेपाली कथा मान्नु पर्ने हुँदछ।

[104] ईश्वर बराल (सम्पा), सन् १९९६, *झ्यालबाट*, काठमाडौँ : साझा प्रकाशन, पृ. ९२

[105] सलोन कार्थक (सङ्कलन), सन् २००७, *पादरी गंगाप्रसाद प्रधानका उपलब्ध रचनावली,* सिलगढी : एकता बुक हाउस प्रा लि, पृ. ३९३

भारतीय नेपाली कथाका क्षेत्रमा सिकारलाई विषयस्तुका रूपमा ग्रहण गरेर कथा लेख्ने एकजना प्रतिनिधि कथाकार शिवकुमार राई हुन्। उनका *फ्रण्टियर* (सन् १९५१), *यात्री* (सन् १९५६), *खहरे* (सन् १९७६), *बडा डिनर* (सन् १९८७), *शिवकुमार राईका सात कथा* (सन् १९९४) गरी पाँचवटा कथा सङ्ग्रह प्रकाशित छन्। सिकार प्रसङ्गका दृष्टिले पनि राईका यी पाँचवटा कथा सङ्ग्रह उत्तिकै महत्त्वका छन्, किनभने उनका यी सबै सङ्ग्रह भित्रका कथामा सिकारको प्रसङ्ग कुनै न कुनै रूपमा आएका छन्। उनले आफ्ना कथालाई रोचक अनि प्रभावकारी बनाउन सिकारको प्रसङ्गलाई समावेश गरेको देखिन्छ। राईका कथामा सबै वर्गका मानिसहरूले सिकारलाई अपनाएको पाइन्छ।

शिवकुमार राई ग्रामीण परिवेश एवम् स्थानीय जनजीवनसँग भिजेका कथाकार हुन्। राईले आफ्ना कथामा नेपाली जातिको रहनसहन, संस्कार संस्कृति, परम्परा, लोकचिकित्सा, भुत, प्रेत, धामी झाँक्री, लोकोक्ति, उखान तुक्का, जनश्रुति आदिको प्रयोग कथालाई यथार्थ तुल्याउनका निम्ति गरेको देखिन्छ साथै उनले लोकविश्वासहरूलाई पनि सिकारसँग जोडेर हेरेका छन्। उनका ‘तिब्बतको हुलाक-पथ’, ‘माछाको मोल’, ‘हिउँले पुरेको रहस्य’ आदि कथाहरूमा सिकार सम्बन्धित लोकविश्वासहरू आएका छन्। यसबाहेक उनका कथामा खोला नाला, जङ्गल तथा कस्तुरी मृग, डाँफे, मुनाल, घोरल आदि जङ्गली जीवजन्तुहरूलाई पनि पात्रका रूपमा समावेश गरिएको पाइन्छ। यसले प्रकृति, पर्यावरण तथा पशु प्राणीहरूप्रति राईको दृष्टि समावेशी र सकारात्मक रहेको कुरा पुष्टि हुँदछ।

सिकारका दृष्टिले शिवकुमार राईका कथाहरूमध्ये ‘माछाको मोल’ कथा उत्कृष्ट देखिन्छ। यस कथाको प्रमुख पात्र रने खोलामा माछा मारेर नै आफ्नो जीवन निर्वाह गर्दछ। कथामा प्रयुक्त घरूवा, दोभान, गोब्रे दह, जाल, माछाको कुर जस्ता माछा मार्ने क्रियाकलापसँग सम्बन्धित हतियारहरूको प्रयोगले पनि रने दैनिक सिकार गर्थ्यो वा सिकार नै उसको पेसा थियो भन्ने कुरा प्रमाणित हुँदछ।

राईको ‘हिउँले पुरेको रहस्य’ कथा भारतका उत्तरी हिमालयमा पाइने विभिन्न रहस्यमय जीवहरूको खोजी तथा अनुसन्धानलाई विषयवस्तु बनाएर लेखिएको पाइन्छ। ती जीवहरूमध्ये सोक्पा वा हिममानवको उपाख्यान तथा किंवदन्ती विश्वमा नै प्रचलित छ। यहीँ हिममानव वा सोक्पाको खोजी तथा अनुसन्धानका अभियानमा विभिन्न देशका वैज्ञानिकहरू बर्सेनी हिमालयमा आउने गर्दछन्। ‘हिउँले पुरेको रहस्य’ पनि यसको एउटा दृष्टान्त कथा हो। यो कथा सिकारसँग पूर्णतः सम्बन्धित नदेखिए तापनि यहाँ

प्रयुक्त पोली, एसिड, खोर, फलामको साङ्लाजस्ता सिकारमा प्रयोग हुने औजारहरूलाई हेर्दा भने उनीहरूको एउटा उद्देश्य सिकार पनि रहेको देखिन्छ। यसरी नै राईको अर्को कथा 'ज्यानमारा?'-मा उजिरमानले भालु सम्झिएर गल्तीले पुलिसकर्मीलाई मारेको कथा छ। उसले संयोगवश मानिसको हत्या गरेका कारण अन्ततः थानामा गएर आत्मसमर्पण गर्छ। तर अदालतको तर्कपछि भने उजिरमानले उद्देश्यगत रूपमा नै सिपाहीको हत्या गरेको कुरा पुष्टि हुन्छ। यसरी परिबन्दमा परेर दोषी प्रमाणित भएको उजिरमानको मानसिक रूपमा शिथिल हुँदै जान्छ। वस्तुतः उजीरमानले संयोगवश मानिसको हत्या गरेको भए तापनि पशु प्राणीको सिकार भने उसको उद्देश्य नै देखिन्छ। तसर्थ उसले आहारका निम्ति सिकार गरेको वर्णन कथामा यसरी आएको छ-

*मण्डललाई मासुको तिर्सना लागे उजिरमानलाई एक जोडा कार्तोस र बन्दुक दिएर भन्थे, ''ला ला माइला, तल ढुस्सेनी घारीमा जाइहेर्, केही पाउँछस् कि।'' उजिरमान पनि जङ्गल पसेपछि कि त मृग, कि कालिज, नल्याए पनि दुईचार चाँचर, ढुकुर, भ्याकुरा लिएर फिर्थ्यो नै।*

(पृ.५१)

यस उद्धरणमा उजिरमानले जङ्गलबाट पशुपन्छीको सिकार गरी ल्याएको घटनाले भने उसलाई सिकारीका रूपमा चिनाएको छ।

शिवकुमार राईको 'तिब्बतको हुलाक-पथ' कथा पनि सिकारमै आधारित कथा हो। यस कथामा राईले आफूले देखेको तथा भोगेको विषयवस्तुलाई नै वर्णनात्मक शैलीमा प्रस्तुत गरेका छन्। 'तिब्बतको हुलाक-पथ' कथा स्वतन्त्रपूर्व भारतमा तिब्बतसँग हुने गरेको व्यापार वाणिज्यलाई केन्द्रमा राखेर लेखिएको पाइन्छ। यस कथामा 'कुले' एउटा प्रमुख सिकारी पात्र हो। उसले आफ्नो मनोरञ्जनका निम्ति अबोध पशु प्राणीहरूको सिकार गरेको प्रसङ्ग कथामा प्रत्यक्ष रूपमा यसरी आएको छ-

*प्रायः पचास गज जत्ति के हिँडेको थिए, पल्लो पाखोबाट केही आवाज आए जस्तो लाग्यो अनि ओथ्राहरू हल्लिए। म सुनपातीको बुटा पछिल्तिर छलिएर हेर्न लागे, देखे दुई कस्तुरीहरू खुरुखुरु ओह्रालै ओह्रालो मतिर आइरहेछन्। पछिल्तिरको झाँक कस्तुरीलाई निशान साँधेर गोली छोडे, बन्दुकको आवाजले जङ्गलै प्रतिध्वनित भयो। त्यो झाँक बुलुक्क उफ्रियो र हिउँमा पछारियो।*

(पृ. १४ )

यो कथा ब्रिटिस कालीन भारतको पृष्ठभूमिमा सिर्जित छ। ब्रिटिस भारतमा सिकारका निम्ति कुनै सरकारी अनुमतिपत्रको आवश्यकता रहेको पाइँदैन। फलस्वरूप त्यस समय सिकारीहरूले आफ्नो इच्छाअनुसार जङ्गलमा लिसो-पासो तथा धराप आदि थाप्ने र जङ्गली हाँस, मुनाल, डाँफे आदिको सिकार गर्ने प्रचलन रहेको कथामा उल्लिखित आएको छ।

'चुनारगढकी बन्दिनी' ऐतिहासिक पृष्ठभूमिमा आधारित कथा हो। यस कथामा पन्जाबका केसरी राजा रणजित सिंहको शासन कालको वर्णन पाइन्छ। सन् १८४८-४९ को दोस्रो अङ्ग्रेज-सिख युद्धमा पन्जाबका केसरीको मृत्युपछि रानी चन्द्रकुँवरीलाई चुनारगढमा नजरबन्द राखिएको घटना नै यस कथाको मूल विषयवस्तु हो। ब्रिटिस कालीन भारतमा उच्च वर्गीय मानिसहरूले मनोरञ्जनका निम्ति सिकार गर्ने प्रचलन रहेको कुरा पनि यस कथामा वर्णित पाइन्छ।

कथा लेखनका दृष्टिले हायमनदास राई 'किरात' शिवकुमार राईको प्रवृत्तिका नजिक देखिन्छन्। उनका *चौकीदार* (सन् १९५२), *अभागिनीको साथी* (सन् १९५५), बिनायो (सन् १९५६), *बटुवा* (सन् १९५७), *आँधीबेहरी* (सन् १९६१), *पंखी* (सन् २०००), *विजय* (सन् २००८), *मिल्किएका कथाहरू* (सन् २०१५) गरी जम्मा आठवटा कथा सङ्ग्रह प्रकाशित छन्। उनका अधिकांश कथाहरू स्वच्छन्दतावादी प्रवृत्तिका रहे[106] तापनि 'विजय', 'मुनाल', 'जुडिथ' र 'वारूणी' कथामा भने सिकारका विविध प्रसङ्ग रहेको पाइन्छ। यसअतिरिक्त उनका कथाहरूमा किराती मिथकको प्रयोग पनि पाइन्छ। वैदिक सभ्यतालाई भारतको प्राचीन सभ्यता मानिन्छ। कतिपय अध्येताहरूले किराती सभ्यतालाई पनि वैदिक सभ्यता जतिकै अथवा त्योभन्दा पनि प्राचीन सभ्यता हो भनेका छन्।[107] वेदका ऋचा वा मन्त्रहरूको शोध अध्ययन भइसके तापनि किराती मुन्दुमको भने अध्ययन हुन अझ बाँकी नै छ। त्यसैकारण किराती मुन्दुमको पनि अध्ययन अनुसन्धान हुनपर्छ भन्ने कुराप्रति यी कथाहरू अभिमुख भएको पाइन्छ।[108] उनले आफ्ना कथामा किराती योद्धाहरू धनु-काँड, मटेङ्ग्रा, गुलेली बोकेर खोला नाला, पहाड-पर्वत जङ्गल आदि ठाउँहरूमा घुम्दै जङ्गली जीवहरूको सिकार गरेको वर्णन गरेका छन्।

---

106 घनश्याम नेपाल, सन्, २००५, *आख्यानका कुरा*, सिलगढी : एकता बुक हाउस प्रा लि, पृ.१९३

107 हायमनदास राई 'किरात', सन् २००८, *विजय*, गोरुबथान : कथार्थ, भूमिका, पृ. घ

108 उही, पृ. घ

हायमनदास राई 'किरात'-को 'विजय' कथा किराती किंवदन्तीमा आधारित छ। यस कथामा किरात देश, किरातहरूका सरदार र उनीहरूको किपटको विस्तृत वर्णन गरिएको पाइन्छ। गम्भीर राई अग्निहोत्रीले *विजय* कथा सङ्ग्रहका भूमिकामा यसलाई किरातीहरूले महाभारतको युद्धमा कसरी कौरवहरूको पक्षमा लडेका थिए भन्ने घटनाको वर्णनमा आधारित कथा भनेका छन्।[109] कथामा सेवकको छोरो धन्वा र राजाकी छोरी कर्णकुमारीको प्रेम-प्रसङ्ग तथा नवमीमा आखेटोत्सव[110]-को प्रसङ्ग आएको छ। आखेटोत्सवमा गाउँका यसै युवकहरू सिकार खेल्न जाने गरेको प्रसङ्गको उठानले पनि यसलाई सिकार कथा मान्न सकिन्छ। किराती सभ्यतामा सिकारलाई संस्कार संस्कृतिकै रूपमा लिने गरिएको प्रसङ्गले सिकारको अर्को विशेषताको उद्घाटन गरेको देखिन्छ।

'मुन्दुम' किरातीको सभ्यता र संस्कृतिको इतिहास हो। 'वारूणी' कथा मुन्दुममा आधारित छ। किराती सभ्यतामा प्रकृतिलाई सृष्टिकर्ता मानिन्छ। यस कथाले जङ्गली फलफुल, बेल, ऐँसेलु, तरुल आदि खाएर जीवन निर्वाह गर्ने आदिम मानव र उनीहरूको सङ्घर्षलाई प्रस्तुत गरेको छ। 'वारुणी' यस कथाकी प्रमुख पात्र हो। मुन्धुमअनुसार किराती जातिहरू मातृसत्तामा विश्वास राख्छन्। त्यसै कारण कथाकारले पनि यस कथामा मातृसत्तात्मक समाजको चित्रण गरेका छन्। नारीहरूले पनि पुरुषसँगै आफूलाई सिकारमा सङ्लग्न गराएको प्रसङ्ग 'वारूणी' कथामा यसरी आएको छ-

*विशाल अर्ना बन्धनमा परेको थियो। ती श्वेत नारी आफ्नो सम्पूर्ण ताकतले उस्तै विशाल पशुलाई पासोमा पारेर तानिरहेको थिई। दुई शक्तिशाली प्राणीहरूको तानातानमा डोरी छिन्यो। विद्युता हुर्लिई।*

(पृ. १३२ )

किराती जातिको संस्कार संस्कृति एवम् आदिम इतिहासलाई खोतल्नु यस कथाको मूल ध्येय रहेको पाइन्छ साथै किराती नारीहरू अन्यभन्दा साहसी र प्रत्येक चुनौतीको सामना गर्न सक्षम हुन्छन् भन्ने देखाउँदै मातृसत्तात्मक समाजको निर्माणमा आग्रह देखाउनु पनि 'वारूणी' कथाको अर्को प्रमुख पक्ष हो। प्राचीन कालमा नारी-पुरुष सबैले नै सिकारद्वारा आफ्नो जीवन चलाउने गरेको वा उनीहरूको दिनचर्या नै सिकारमा बित्ने गरेको प्रमाण निम्न कथांशले दिँदछ-

---

[109] उही, पृ. ख

[110] आखेटोत्सव- अखोट र उत्सव दुईवटा शब्द मिलेर बनेको छ। 'आखेट' शब्द संस्कृतबाट आएको हो। जसको शाब्दिक अर्थ 'सिकार खेलिने जीवजन्तु' हुन्छ। किरात जातिमा सिकार खेल्ने परम्परा पाइन्छ र उनीहरूले नवमीका दिन धनु-काँड लिएर सिकार खेल्न जङ्गलमा जाने गर्छन्।

*आज केको शिकार गरौं?*

(पृ. १३३)

प्राचीन कालमा सिकार आहारको एउटा प्रमुख माध्यम थियो। सिकारीहरूले दिनभरि सिकार गरेर ल्याएका पशु प्राणीहरू राति मिलीजुली खाने र दिनभरिका घटनाहरू आफ्ना परिवारसँग साझा गर्ने गर्दथे। यस आधारमा हेर्दा कथासँग सिकारको सम्बन्ध प्रारम्भदेखि नै रहेको पाइन्छ। तर आधुनिक कालमा आएर भने यसको प्रक्रिया र उद्देश्यमा परिवर्तन भयो। प्रस्तुत कथामा प्रयुक्त छालाको घुयेँत्रो, ढुङ्गा, चर्मस्त्रान, भाला, बञ्चरो, बेतको डोरी जस्ता सिकारका निम्ति चाहिने उपकरणहरूको विवरणले सिकारको प्राचीन परम्परातर्फ सङ्केत गर्दछ।

हायमनदास राई 'किरात'-को 'जुडिथ' कथा विदेशी प्रेमी-प्रेमिका डग्लस र एडिथको प्रेम प्रसङ्गमा आधारित छ। यस कथामा डग्लस र एडिथले छुट्टीका समयमा जङ्गलमा गएर अर्नाको सिकार गरेको घटना कथामा यसरी आएको छ-

*डग्लस, तिमी यहाँ आऊ। मैले छ महिनाको छुट्टी लिने विचार गरेको छु। तिमीले पनि सात महिनाको छुट्टी लिने। मलाई तार गर्ने। मलाई सिकारमा जाने रहर लागिरहेको छ।*

*डग्लस माथि हानिएर आएको अर्ना आफ्ना घोडा बडाएर एडिथ अघि बढी। पाँच, छ गज पनि दुरीमा नभएको राता आँखा भएको क्रुर जङ्गली राँगोलाई आफ्नो गोलीको तारो बनाएर पनि ऊ लम्कन सकिन।*

(पृ. १०)

सिकारमा केवल पुरुषहरूको मात्र नभएर नारीहरूको पनि त्यतिनै सहभागिता रहने कुरा यस उद्धरणबाट पुष्टि हुँदछ। यस कथामा डग्लस र एडिथ सिकार खेल्न जाँदा अर्नाले एडिथलाई घोडासँगै घाइते बनाएको प्रसङ्ग छ।

नेपाली लोकसंस्कृतिको संरक्षणमा निरन्तर साधनारत एम एम गुरुङको पुरा नाम मार्टिन माइकल गुरुङ हो। उनका *घर-संसार* (सन् १९५८), *टिस्टा बग्छ सँधै जस्तो* (सन् १९८२) गरी दुईवटा कथा सङ्ग्रह

प्रकाशित छन्।[111] *टिस्टा बग्छ सँधै जस्तो* कथा सङ्ग्रहमा जम्मा बाह्रवटा कथाहरू सङ्गृहीत छन्। यी कथाहरू सरल र परम्परित शैलीमा लेखिएका छन्। उनी लोकसंस्कृतिका अध्येता भएकाले पनि उनका कथामा नेपाली लोक जीवन एवम् लोकसंस्कृतिसित सम्बन्धित यावत् थोकहरू जस्तै, जाँतो, हातो, तोङ्बा, देउसी-भैलो, भाइटिका आदिको यथेष्ट प्रयोग भएको पाइन्छ। जीवनमा भएका घटनाहरूले मानिसमा धेरै तिता-मिठा अनुभवहरू जन्माउँछ। 'दामसाङगडीको भुईं भालू' यस्तै यथार्थ घटनामा आधारित कथा हो। दामसाङमा भालु मारेको सत्य घटना नै यस कथाको विषयवस्तु हो। यसमा सिकारको प्रसङ्गलाई संस्मरणात्मक रूपमा प्रस्तुत गरिएको छ।

'दामसाङगडीको भुईं भालू' कथा *टिस्टा बग्छ सँधै जस्तो* सङ्ग्रहमा सङ्गृहीत छ। यसमा कथाकारले दामसाङगढीको ग्रामीण भेकमा खेतीबाली नष्ट गरेका कारण भालुको सिकार गरेको घटनालाई संस्मरणात्मक ढङ्गमा प्रस्तुत गरेका छन्। कथाकार स्वयम् नै यस कथाका सिकारी पात्र भएकाले आफ्नो जीवनको संस्मरणलाई उनले कथात्मक रूप दिएको बुझिन्छ। उनीबाहेक पनवीर मुन्सी र भालुमारा पनि यस कथाका अन्य सिकारी पात्रहरू हुन्। खेतमा मकै खान आएको भालुलाई धेरै दिनको परिश्रमपछि बन्दुकले पडकाएर सिकार गरेको घटनाको वर्णन पाइन्छ। तर सिकारीहरूले भालुलाई मार्न सक्दैनन् र त्यो भालु बिथोलिन्छ। यसरी घाइते भएको भालुले मानिसलाई मार्न पनि सक्छ भनेर उनीहरू गाउँलेलाई घरभित्रै बस्न आग्रह गर्छन्। सिकारका समय सिकारीहरूले अनुभव गरेका विविध घटनाहरूको वर्णन नै यस कथाको मूल विषयवस्तु हो।

कृष्णसिंह मोक्तानले सन् १९४९ मा दार्जिलिङबाट प्रकाशित *हाम्रो कथा* पत्रिकामा 'गरीबको आँसु' कथा छपाएर नेपाली कथाका क्षेत्रमा प्रवेश गरेका हुन्।[112] उनको एउटै मात्र कथा सङ्ग्रह *प्रेम, भ्रान्ति र सत्य* (सन् १९५९) प्रकाशित छ। यसबाहेक विभिन्न पत्र पत्रिकामा उसका 'अन्धकार आज : हाम्रो उज्यालो भोलि', 'अज्ञात वीर' आदि कथाहरू प्रकाशित छन्।[113]

उनको 'अज्ञात वीर' कथाको प्रमुख विषयवस्तु पनि सिकार नै हो। यो कथा मूलतः डुवर्सको राजाभातखुवामा बसोबासो गर्दै आएका नेपालीहरूको सङ्घर्षपूर्ण जीवनमा आधारित छ।

---

111 अभिनाश श्रेष्ठ (सम्पा), सन् २००७, *आधुनिक भारतीय नेपाली कथा*, काठमाडौँ : साझा प्रकाशन, पूर्ववत्, पृ. २७२

112 उही, पृ. २८७-२८८

113 उही, पृ. २८८

राजाभातखुवाका स्थानीय गाउँलेहरूले जङ्गलका हात्ती, बाघ, भालु, चितुवा, गैँडा तथा बनेलजस्ता हिंस्रक पशुहरूको आतङ्कदेखि बाँच्न निरन्तर सङ्घर्ष गरिरहेको कथालाई नै यसमा चित्रण गरिएको पाइन्छ।[114] 'जेठा राई' र 'मदनकुमार' यस कथाका प्रमुख पात्र हुन्। जेठा राई मूलतः राजाभातखुवा गाउँमा बस्ने निम्न वर्गीय पात्र हो। यात्राका क्रममा मदनकुमार र जेठा राईमाझ भएको वार्तालापमा जेठा राई आफू कसरी यस ठाउँमा आइपुग्यो अनि अहिले ऊ यहाँका जङ्गलमा कसरी जङ्गली हात्ती र अन्य जीवहरूको आक्रमण झेल्दै सङ्घर्षपूर्ण जीवन बाँच्न बाध्य छ भन्ने देखाइएको छ। डुवर्सका जङ्गलमा बस्ने मानिसहरू आज पनि हात्तीका आक्रमणका कारण त्रासपूर्ण जीवन बिताउन बाध्य छन्। यस्तै एकदिन तिनजना साहेबहरू राति जङ्गलमा सिकार खेल्न जाँदा जङ्गली हात्तीले आक्रमण गरेको र अन्त्यमा जेठा राईले उनीहरूलाई बचाएको प्रसङ्ग कथामा यसरी आएको छ-

*होसमा आएका बाबुले मलाई छेउमा बोलाएर डराउँदै भने हामीलाई माफ गर्नुहोस्, हामीहरू जङ्गल पसेको कसैले थाहा पाए सर्वनाश हुनेछ। हाम्रो गाडी, बन्दुक अनि नोकरी स्वाहा हुनेछ, यो गुप्त रहोस्।*

(पृ. २९४-२९५)

उक्त उद्धरणमा वन्य अधिकारी र उनका साथीहरूलाई राति सिकार खेल्न जाँदा जङ्गली पशुले आक्रमण गरेको प्रसङ्ग पाइन्छ। यसका साथै उनीहरूले जङ्गलमा गएर अवैध रूपमा विभिन्न पशु प्राणीहरूको सिकार गरेको घटना पनि उक्त कथांशबाट प्रस्ट हुँदछ। यस कथामा कसरी वन जङ्गल र पशु प्राणीहरूको सुरक्षाका निम्ति खटाइएका वन विभागका अधिकारीहरू आफैले पशु प्राणीको सिकार गरिरहेका छन् भन्ने देखाइएको छ। तसर्थ प्रस्तुत कथाले पशु प्राणीको सुरक्षामा सबै सचेत बन्नु पर्ने आग्रह राखेको छ।

नेपाली साहित्यमा इन्द्रबहादुर राईको विशिष्ट स्थान छ। राईले सन् १९५९ मा *रातभरि हुरी चल्यो* कथाबाट कथा लेखन प्रारम्भ गरेका हुन्।[115] उनका *विपना कतिपय* (सन् १९६१), *कथास्थ* (सन् १९७२), *कठपुतलीको मन* (सन् १९८९), *लेखहरू र झ्याल* (सन् २०००), *इन्द्रबहादुर राईका प्रतिनिधि कथा* (सन् २०११) गरी पाँचवटा कथा सङ्ग्रह प्रकाशित छन्। प्रारम्भिक चरणका उनका कथाहरू सामाजिक

[114] उही, पृ. २८९

[115] दयाराम श्रेष्ठ, सन् २०१३, *नेपाली कथा र कथाकार*, काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान, पृ. १५४

यथार्थवादी धाराका छन्। राईका 'जार : भएकै एउटा कथा' र 'छुट्ट्याइयो' कथाले समाजमा रुढ भएर बसेको विषयलाई नवीन दृष्टिबाट सम्बोधन गरेका छन्। उनका कथाका विविध विषयहरूमध्ये सिकार पनि एउटा हो। 'जार : भएकै कथा' र 'जयमाया आफू मात्र लिखापानी आइपुगी' सिकार सम्बन्धित कथाहरू हुन्।

राईको 'जयमाया आफू मात्र लिखापानी आइपुगी' कथामा बर्मेली शरणार्थीहरूको करुण गाथा छ।[116] बर्मादेखि खेदिएका नेपाली शरणार्थीहरूले बाटोमा नदी, पहाड, पर्वत र जङ्गल पार गर्दा भोग्नु परेको पीडाको अभिव्यक्ति यस कथाको केन्द्रीय भाव हो। यी शरणार्थीहरू जङ्गलको बाटो भएर आउँदा बाटोमा चराहरूको सिकार गरी मनोरञ्जन गरेको तथ्य कथामा आएको छ।

उनको अर्को कथा 'जार : भएकै एउटा कथा'-मा रुद्रमानले अर्काकी स्वास्नी भगाउँदा समाजमा उसलाई नामर्द भनिन्छ भने पछि आफूमाथि बाघले झम्टिँदा खुकुरीले प्रहार गरी त्यस बाघलाई मारेको घटनालाई भने पुरुषार्थ भनिएको छ। कतिपय भारतीय नेपाली कथामा जस्तै यस कथामा पनि पशु प्राणीको सिकार गर्नालाई पुरुषार्थका रूपमा लिइएको देखिन्छ। जारको प्रसङ्गद्वारा सिकारको विषयलाई उठान गर्नु यस कथाको उद्देश्य देखिन्छ। 'जार' नेपाली समाजमा प्रचलित शब्द हो। *प्रयोगात्मक नेपाली शब्दकोश*अनुसार 'जार' भन्नाले 'अर्काकी स्वास्नीलाई राजीखुसी साथ लैजाने व्यक्तिलाई पहिलेको लोग्नेले भन्ने शब्द'[117] भन्ने हुँदछ। जारलाई काट्ने रुढी परम्परा पनि नेपाली समाजमा प्रचलित थियो। नेपाली समाजमा प्रचलित यसै परम्परालाई विषयवस्तुका रूपमा ग्रहण गरी लेखिएको कथा 'जार : भएकै एउटा कथा' हो। यसका प्रमुख पात्रहरू रुद्रमान, ठूली र हर्षजितकै वरिपरि यो कथा घुमेको छ। हर्षजित ठूलीको लोग्ने हो। ठूलीलाई प्रेम गरेर भगाउने हर्षजितको जार हो रुद्रमान। वस्तुतः रुद्रमानले बाल्यकालमा मामासित जङ्गलमा सिकार खेलेको प्रसङ्ग कथामा स्मृतिका रूपमा आएको छ-

*निर्जन बाटो जाँदा-जाँदा हिंकू ओडार र हातमा गुलेली, नाम्जामा मटेंग्रा बोकेर अझै उता गइरहे खिलेढुंगा पुगिन्थ्यो। खुलदीको जंगलमा उसले गुरुङ केटाहरूसँग धराप थाप्थ्यो। हिंकू ओडारममा भेडी गोठालाहरूले दाउरा जम्मा गरिराखेका हुन्थे र त्यै बालेर केटाहरूले चामल उसिन्थे। ढिंडो ओडाल्थे।*

(पृ. ३१)

---

116 चन्द्र शर्मा (सम्पा), सन् १९९८, *शिवकुमार राई स्मृति ग्रन्थ*, खरसाङ : शिवकुमार राई स्मृति अकादमी, पृ. १९

117 हेमाङ्गराज अधिकारी, बद्री विशाल भट्टराई, सन् २०१३, पूर्ववत्, पृ. ५१३

यस कथामा पनि गुलेली, मटेङ्ग्रा तथा धराप धापेर पशु प्राणीको सिकार गरेको सङ्केत पाइन्छ। *निर्जन बाटो जाँदा-जाँदा हिंकू ओडार र हातमा गुलेली, नाम्जामा मटेंग्रा बोकेर अझै उता गइरहे खिलेढुंगा पुगिन्थ्यो। खुलदीको जंगलमा उसले गुरुङ केटाहरूसँग धराप थाप्थ्यो* भन्ने कथांशले यस कुरालाई पुष्टि गर्दछ। यसअतिरिक्त प्रस्तुत कथामा सिकारका पारम्परिक विधिसँग सम्बन्धित धेरैवटा शब्दहरू पनि प्रयोगमा आएका छन्।

असीत राईको कथा लेखन यात्रा सन् १९५९ देखि आरम्भ भएको देखिन्छ। उनलाई भारतीय नेपाली साहित्यमा उपन्यासकार, कथाकार तथा साहित्येतिहासकारका रूपमा चिनिन्छ। उनका *वसन्तराग* (सन् १९६३), *अमूल्य पुरस्कार* (सन् १९६७), *अरू नचिनेको म* (सन् १९६७) र *सन्त्रास जीजिविषा* (सन् २००६) गरी जम्मा चारवटा कथा सङ्ग्रहहरू प्रकाशित छन्।[118] उनको *सन्त्रास जीजिविषा* (सन् २००६) कथा सङ्ग्रहमा १९६० देखि २००३ सम्म लेखिएका बत्तिसवटा कथाहरू समाविष्ट छन्। यसमा 'विगतको बादल : वर्तमानको बिहान' र 'महापुरुषको अन्त्य' कथामा सिकारको प्रसङ्ग रहेको पाइन्छ।

'विगतको बादल : वर्तमानको बिहान' कथामा पशु प्राणीको सिकारका कारण पर्यावरणमाथि कस्तो प्रतिकूल प्रभाव परिरहेको छ भन्ने देखाइएको छ। राईले यस कथामा वर्तमानमा प्रकृतिमाथि आएको परिवर्तनलाई विगतका सन्दर्भसित तुलना गरेर हेरेका छन्। वनजङ्गल मासिँदै गएपछि लुइँचे, कालिज, सिमकुखुरा, ढुकुर, थार, मृग, घोरल, चित्तल, बनेलजस्ता पशुपन्छीहरू पनि हराएर गएको कुरा प्रस्टसित कथामा उल्लिखित छ। प्रस्तुत कथाका सन्दर्भलाई आकलन गर्दा पर्यावरणको संरक्षणका निम्ति पशु प्राणीको सुरक्षा अनिवार्य रहेको प्रस्ट हुँदछ।

राईको अर्को कथा 'महापुरुषको अन्त्य'-मा सेनाबाट सेवावृत्ति भएको सुवेदार मानवीरको जीवनमा आधारित छ। मानिसले परिश्रम गरे सबै कुरा सम्भव छ भन्ने कुरा कथाको पात्र सुवेदारका माध्यमद्वारा भन्न लगाइएको छ। यस कथामा सुवेदारले गाउँमा आएर खेतीपाती गरेको, गाई गोठ गरी जीविकोपार्जन गरेको तथ्यलाई विषयवस्तुका रूपमा लिइएको छ। सुवेदार पल्टनमा हुँदा सिकार गरेको कुरा कथामा यसरी उल्लिखित छ-

---

[118] दयाराम श्रेष्ठ, सन् २०१३, पूर्ववत्, पृ. २१५

*पल्टनमा हुँदा कम सिकार खेलिएन, जङ्गली जानवरको मासु खानुसम्म खाइयो, थार, घोरल, बनेल, जरायो, अर्ना के-केको मासु।*

(पृ. १२४)

सेनाबाट अवकास प्राप्त भएपछि गाउँ-बस्तीमा खेतीबारी गरी जीवन निर्वाह गर्ने भूतपूर्व सैनिकले आफूसँग बन्दुक राख्ने परम्परालाई पनि यस कथामा देखाइएको छ। यस कथामा वन्य पशु प्राणीले आफ्नो बाली नष्ट गरेका कारण सिकार गरेजस्तो देखिन्छ। तर वन्य पशु प्राणीले उद्देश्यगत रूपमा मानिसले लगाएको बाली बिगारेको होइन, त्यसै कारण उनीहरूको सिकार गर्नाको साटो भगाउनुपर्छ भन्ने चेतना भने यस कथाको पात्र सुवेदार मानवीरमा आएको देखिँदैन। तसर्थ यस कथालाई नृकेन्द्रित दृष्टिकोणमा आधारित कथा मान्न सकिन्छ। कथामा प्रयुक्त *मेरो आलुबारी जोतेर तहस-नहस पार्ने सैतानलाई आज राति भने एकनाले बन्दुकले लडाई छोडे*[119] भन्ने अंशले प्रकृति र पशु प्राणीप्रति मानवकेन्द्रित धारणालाई प्रस्टसँग देखाएको छ।

सन् १९५६ मा *दीपक* पत्रिकामा सर्वप्रथम 'मेरो अस्तित्व' नामक कविता प्रकाशित गराउने प्रेम योञ्जनको सन् १९६२ मा पहिलो छोटो कथा सङ्ग्रह *आँखी झ्याल* प्रकाशित हुन्छ। त्यसपछि उनका अन्य दुईवटा कथा सङ्ग्रह *अनौठो प्रेम* र *जीवनका पाइला* (सन् १९७०) प्रकाशित छन्। उनका कथाहरूमा मूलतः जीवनका 'जिजीविषा', 'सुख-दुःख', 'आँसु-हाँसो', 'रोदन' र 'विषमता' आदि प्रमुख विषयवस्तुका रूपमा रहेको पाइन्छ। उनको 'मान्छे मार्ने बाजी' कथामा सिकारीको मनोविज्ञानलाई केलाउने प्रयास गरिएको छ।

'मान्छे मार्ने बाजी' सिकार विरोधी कथा हो। यस कथामा सिकारीको मनोवैज्ञानिक पक्षलाई सबल रूपमा देखाइएको छ। सिकारीहरूको एउटा समूह सिकार खेल्न जाँदा सिकार उम्केपछि दोकानमा रक्सी पिँदै सिकारको विषयमा बहस हुन्छ। मान्छेले मान्छेलाई मार्नका निम्ति कारण चाहिन्छ तर कुनै पशु प्राणीलाई भने मानिस कुनै कारणबिना सिकार गर्ने गर्दछ। पशु प्राणीमा पनि प्राण हुन्छ र उनीहरू पनि मानवसरह बाँच्न चाहन्छन् भन्ने कुराप्रति भने मानिस सचेत रहेको देखिँदैन। यसरी कुनै कारणबिना मुक पशु प्राणीहरूको सिकार गर्न जतिको सहज छ, मानिसको हत्या गर्न त्यति सजिलो छैन भन्ने कुरा यस

---

[119] असीत राई, सन् २००६, *सन्त्रास जिजीविषा*, नाम्ची : निर्माण प्रकाशन, पृ. १२४

कथाले देखाएको छ। 'अतिमान' यस कथाको प्रमुख पात्र। उसलाई कथामा सिकारी नामले सम्बोधन गरिएको छ। अतिमानबाहेक सुखदल, भीमे आदि पनि कथाका अन्य सिकारी पात्रहरू हुन्। अतिमानले समय समयमा बाघ, भालुजस्ता पशु प्राणीहरूको हत्या गरेको प्रसङ्ग कथामा निम्न प्रकारले देखाइएको छ-

*नाथु भालु के हो। नसाको सुरमा सुरिएर सिकारी बितेको घटना सुनाउन लाग्यो, पोहोर आ...ने परार त हो, दसहाते बाघलाई दुई गोलीमा सिताएको टुङसुङ केही नथापी हो। बन्दुक यै हो, हात यै हो, ज्यु!*

(पृ. १०८)

जङ्गलका शक्तिशाली पशुहरूमध्ये बाघ सबैभन्दा हिंस्रक पशु हो। साधारणतः बाघको सिकार मचान बनाएर वा टुङमाथि चढेर गरिन्छ। तर अतिमान सिकारीले बाघलाई मचानबिना नै मारेको घटनाले उसको सिकारी वृत्ति प्रकट भएको छ।

पारसमणि प्रधानको सन् १९७४ मा प्रकाशित *साढे सात कथा* कथा सङ्ग्रहभित्रका केही कथामा प्रत्यक्ष वा परोक्ष रूपमा सिकारका प्रसङ्गहरू आएका छन्। उनका 'एउटा छोरीको कथा', 'भुतको कथा', 'चुँडेल' र 'साढे-सातको कथा' आदि कथामा लोककथाको कथानक रूढि तथा लोकशैलीको प्रयोग पाइन्छ।[120] प्रधान स्वयम् सिकार खेल्नमा रुचि राख्थे भन्ने कुराको प्रमाण उनको 'अजीब भोज' (*रोचकसंस्मरण,* सन् १९६९)-मा पाइन्छ। यसअतिरिक्त उनको कथा 'साढे-सातको कथा'-मा सिकारको प्रसङ्ग प्रस्टसँग आएको छ।

'साढे सातको कथा' लोकविश्वासमा आधारित कथा हो। हिन्दू सनातन परम्परामा साढे सात ग्रहलाई अशुभ मानिन्छ। यसै विषयवस्तुमा आधारित 'साढे सातको कथा'-को प्रमुख पात्र माइला मगर साढे सातको दशा लागेपछि त्यसका पिरले घर छोडेर परदेश जान्छ। परदेशमा उसले धेरै सम्पत्ति आर्जन गरे तापनि अन्त्यमा सबै सम्पत्ति ऐस आराममा उडाएर पछि फेरि ऊ अत्यन्त गरिब बन्छ। यस कथामा धन सञ्चय गर्न नजाने सधैँ साढे सातको दशा लाग्दछ भन्ने लोकविश्वासलाई देखाइएको छ साथै यस कथामा

---

120 दयाराम श्रेष्ठ, सन् १९८४, 'प्रधानजीका साढे सात कथा', शिव प्रधान (सम्पा), *डा पारसमणि अभिनन्दन-ग्रन्थ*, गान्तोक : गान्तोक प्रकाशन, पृ. १७२

सिकारको प्रसङ्ग पनि अपेक्षित रूपमा आएको पाइन्छ। कथाको प्रमुख पात्र माइला मगरले गोठमा बसेको समय गुलेली-मटेङ्ग्रा, धनु-काँड अथवा धराप थापेर मृग, जरायो, थार, घोरल, झारल पशुहरू साथै हुकुस, धनेस, ढुकुर, मुनाल, सिम-कुखुरा, डाँफे आदि चराचुरुङ्गीको सिकार गरेको कुरा यस कथामा उल्लिखित छ।

डुवर्सका कथाकार प्रदीप गुरङका अहिलेसम्म *असुरक्षित* (सन् १९८०), *यस्तै अनि यस्तै* (सन् २००१), *बिरिमफूल* (सन् २००७) अनि *वैरी माया* (सन् २०१६) गरी चारवटा कथा सङ्ग्रह प्रकाशित छन्। गुरुङ समाजका विभिन्न घटना वा पक्षहरूको सूक्ष्म निरीक्षण गरी कथा लेख्ने कथाकार हुन्।[121] उनको *बिरिमफूल* कथा सङ्ग्रह (सन् २००७)-मा सङ्कलित 'लाजुम रानी, सुनाखरी र डालिम गढी' कथामा भुटानी सेनाले मदेसमा अर्नाको सिकार गरेको वर्णन पाइन्छ।

'लाजुम रानी, सुनाखरी र डालिम गढी' कथामा अङ्ग्रेजी फौजले षडयन्त्रद्वारा भुटानका राजालाई मारेको साथै राजाको मृत्युसँगै रानीले पनि गढीमा हाम फालेर आत्महत्या गरेको ऐतिहासिक कथावस्तुमा आधारित छ। भुटानी सेनालाई आहारका निम्ति सिकार गर्ने पठाइने प्रचलन रहेको देखिन्छ। सेनाका समूहले शक्तिशाली पशुहरूको सिकार गरे सेनामा उनीहरूको सम्मान हुने गर्दथ्यो। यस दृष्टिबाट हेर्दा भुटानी सेनाका निम्ति सिकार आहारको प्रमुख साधन मात्र नभएर आफ्नो योग्यता देखाउने रणभूमि पनि रहेको बुझिन्छ।

विष्णुलाल उपाध्याय असममा जन्मिएका कथाकार हुन्। उनी एकजना सफल राजनीतिज्ञ पनि हुन्। उपाध्यायले नेपाली र असमीया गरी दुवै भाषामा साहित्य सिर्जना गरेका छन्।[122] उनको एउटै मात्र कथा सङ्ग्रह *उत्सर्ग* (सन् १९९४) प्रकाशित छ। यस सङ्ग्रहभित्र उत्सर्ग, सङ्कटमोचन, दाइजो, ठिमाहा, त्यो अविस्मरणीय दिन र साबी गरी छवटा कथा सङ्कलित छन्।[123] यसमध्ये 'त्यो अविस्मरणीय दिन' कथा सिकारसँग सम्बन्धित छ।

---

[121] लक्ष्मणप्रसाद गौतम, ज्ञानु अधिकारी, सन् २०१२, *नेपाली कथाको इतिहास*, काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान, पृ. २७२

[122] अविनाश श्रेष्ठ, सन् २००७, पूर्ववत्, पृ. १६६

[123] उही, पृ. १६६

'त्यो अविस्मरणीय दिन' कथामा असममा वनजङ्गल फाँडेर पशु पालन गरी जीविकोपार्जन गर्दै आइरहेका नेपालीहरूको मार्मिक जीवनकथा छ। यस कथामा अङ्ग्रेजहरूका बेलादेखि संरक्षित वनक्षेत्र (रिजर्भ फरेस्ट) ऐनअन्तर्गत आरक्षित जमीन भनेर वन्य कर्मचारीहरूले गाउँलेहरूलाई जबर्जस्ती उच्छेद गरेको घटना छ। यस कथामा 'मुखिया बा' असमको काजीरङ्गा नेसनल पार्कको छेउमा वर्षौंदेखि बस्दै आएका मानिसहरूमध्ये एकजना हुन्। असममा उनले धेरै वर्षदेखि गोठमा भैँसी पाल्दै आएको तर वन विभागका कर्मचारीहरूले अचानक उनलाई त्यहाँ भैँसी पाल्न रोक लगाउँदा उनी वन्य अधिकारीलाई विन्ति गर्छन्। काजीरङ्गा नेसनल पार्कमा हात्ती, गैँडा, मृग, बाघ आदि पशु प्राणीहरू पाइने हुनाले तस्करीहरू यहाँ सिकार गर्न आउने गर्दछन्। तसर्थ यी जीव जन्तुहरूलाई बचाउन वन्य अधिकारीहरू एवम् स्थानीय गाउँलेहरूले पनि प्रयास गरेको कुरा कथामा आएको छ।

बद्रीनारायण प्रधानलाई कथाकारका रूपमा चिनाउने उनको सन् १९९२ मा प्रकाशित एउटै कथा सङ्ग्रह *संगत* पाइन्छ। यस सङ्ग्रहमा एघाह्वटा कथाहरू सङ्कलित छन्। सङ्कलन भित्रको *संगत* कथा उनले सन् १९५० तिर लेखेको र अन्य कथाहरू १९९० देखि यता लेखेको भनेका छन्।[124] उनी मूलतः प्रगतिवादी कथाकार हुन्। उनका कथाहरू प्रगतिवादी प्रवृत्तिमा लेखिएका हुँदाहुँदै पनि 'शिकारको रहर', 'अवैध स्नेह', 'ड्राइभर तेजवीरको कथा' र 'च्याउँखिरी र बर्माको जङ्गल' आदि कथाहरूमा सिकारको प्रसङ्ग प्रस्टसँग आएक छन्। प्रधानका कथाहरू मूलतः डुवर्सकै परिवेशमा सिर्जित छन्। यसबाहेक चिया कमान, डुवर्सका जङ्गल, भुटान र बर्मादेखि खेदिएका नेपालीहरू साथै डुवर्सका विभिन्न गाउँमा खेती किसान गरेर जीवन निर्वाह गर्ने नेपाली तथा कमानमा काम गर्ने निम्न वर्गीय पात्रहरूका सङ्घर्षलाई पनि कथामा सम्बोधन गरिएको पाइन्छ।

प्रधानको 'शिकारको रहर' कथामा डुवर्स र जलपाइगुढी जिल्लाको टिस्टा नदीको किनारमा रहेको जङ्गलमा सिकार गरेको सन्दर्भ पाइन्छ। सिकार गर्न पनि उपयुक्त समय र परिवेश चाहिन्छ। कथाको निम्न सन्दर्भबाट बेमौसममा सिकार गर्न गए समस्या आउन सक्छ भन्ने कुरा थाहा लाग्दछ-

*थुक्क, व्यर्थै आए छु यस्तो शिकारमा!!*

(पृ. ९)

---

124 बद्रीनारायण प्रधान, सन् २००२, *संगत*, नाम्ची : निर्माण प्रकाशन, भूमिका

प्रस्तुत उदाहरणमा पौडे दाइ, कृष्ण आदि सिकारीहरू बर्खाको समयमा सिकारमा जाँदा उनीहरूले दुःख पाएको कुरा देखाइएको छ। तसर्थ सिकार गर्न उपयुक्त समय र परिवेशको पनि जानकारी हुन आवश्यक छ भन्ने कुरा माथिका उदाहरणबाट पुष्टि हुँदछ। यसअतिरिक्त कथाका पात्र हरिकृष्ण र पौडे दाइ सिकारमा गएको परिवेशलाई विस्तृत  रूपमा यसरी वर्णन गरिएको छ-

*बिहानीपख उ केही निदाएछ। भोलिपल्ट छ्याङ्ग उज्यालो देखियो। पानी पर्न बन्द भएछ। आकासमा पातला बादल थिए।*

*पूर्वमा सूर्य उदाए। सबै उठेर तयार-तम्मर भए। हरिकृष्णको कारिन्दाले एउटा ठुलो नाउ र एउटा माझी*

*पनि ठिक गरेको थियो। माझीको नाम भदुवा अरे!*

*भदुवा अघिअघि, हरि, पोडे दाइ र सिकारीहरू पछि-पछि थिए। ती दुई तन्नेरीहरू सायद सिपालु सिकारीहरू हुनन्। ती बेसी बोल्दैन थे। आफ्नो-आफ्नो बन्दुक लिएर टिस्टातिर ती हिँडिरहेका थिए।*

(पृ. ७)

सिकार गर्न मानिसहरू गाउँ-घरदेखि टाढा जङ्गल वा एकान्त ठाउँमा जाने गर्दछन्। जङ्गलमा सिकार गर्न गएको समय विभिन्न भुत, प्रेत, मसान आदिसँग भेट भएको प्रसङ्ग पनि भारतीय नेपाली कथामा आएका छन्। सुखनमका कथालाई यसका उदाहरणस्वरूप लिन सकिन्छ। कथामा सिकारसँग सम्बन्धित भएर आएका यी प्रसङ्गहरूले वस्तुतः हाम्रो लोकविश्वासलाई पनि देखाएको पाइन्छ। जीवन नामदुङद्वारा सम्पादित *सुखनमका कथाहरू* (सन् २००१) भित्रका 'टल्कने आँखा' र 'दिन बिग्रेको' कथाहरूमा सिकार र लोकविश्वासका प्रसङ्गहरू प्रस्टसित आएका छन्।

'टल्कने आँखा' सिकार विरोधी कथा हो। 'मानस' यस कथाको प्रमुख पात्र हो। उसले आफ्ना साथीसँग सिकारमा जाँदा पेटमा बच्चा भएका मृगलाई मारेको हुन्छ। तर त्यो मृग मर्न नसकेर पीडा र क्रन्दनका साथ मानसलाई हेरिरहेको हुन्छ, जसले मानसको मनोविज्ञानमा पछिसम्म असर पार्दछ। तर कथाको अन्त्यमा पात्रले सिकारप्रति क्षोभ प्रकट गर्दै आत्मग्लानि गर्नु यस कथाको सफलता हो।

गौरी नेम्बाङको सन् २००१ मा प्रकाशित *फेरि त्यही अनुहार* कथा सङ्ग्रहभित्रको 'उनी को थी...?' कथामा म पात्रले चराको सिकार गरेको प्रसङ्ग छुटपुट रूपमा आएको छ। वस्तुतः यस कथाको मूल विषयवस्तु अर्कै भए तापनि केही सन्दर्भहरूमा सिकारको प्रसङ्ग आएकाले यसलाई पनि सिकार कथाअन्तर्गत नै राखेर हेर्न सकिन्छ।

खुसेन्द्र राईका *खुर्मी* (सन् २०१९) कथा सङ्ग्रहभित्र 'खुर्मी' र 'शिकारीहरू' सिकारसँग सम्बन्धित दुईवटा कथाहरू सङ्कलित छन्। 'खुर्मी' कथामा बोजूले बारीमा काम गरिरहेका समयमा भालु आउँदा त्यसको सिकार गरेको प्रसङ्ग आएको छ भने 'शिकारीहरू' कथामा सरदार, राजनीतिज्ञ तथा इन्जिनियरहरूले सिकार गरेको घटनालाई प्रतीकात्मक रूपमा यसरी वर्णन गरिएको छ-

*अस्तिको बाजी मृगको शिकारमा कस्तो मज्जा आएको थियो! फेरि एक दिन प्रोगाम बनाउनुहोस् है सरदारबाबु। मृगको कुराले कनिष्ठ अभियन्तालाई हिँउदमा शिकार खेल्न गएको सम्झना भयो।*

*बुढोको निशाना तर अब खत्तम भएछ। सहायक अभियन्ताले पुरानो कुरा याद गर्दै भन्यो- अस्तिको पाली बुढोले ठिक निशाना नलगाएर सखुवाघारीभित्र बाँदरजस्तो कम्ती दौडाएन। त्यो कुरा सम्झ्यो कि बुढोसँग रिस उठेर आउँछ।*

*त्यस्तो कोही बेला भइहाल्छ नि। हर्के सरदारले कुटिल मुस्कानको साथ भन्यो- सजिलैसँग मारेको सिकार पनि कुनै शिकार हो र? शिकारलाई बिस्तारै-बिस्तारै आफ्नो जालमा पार्नु पर्छ अनि निशाना साध्नु पर्छ। निशाना चुक्ने कुरै आउँदैन। म बुढो भएर पनि हजुरहरूलाई मज्जा-मज्जाको शिकार खिलाइरहेको छु।*

(पृ. १४१)

यस उद्धरणमा ठेकेदार, सरदार तथा राजनीतिक नेताले आफ्नो मनोरञ्जनका निम्ति मृगको सिकार गरेको प्रसङ्ग पाइन्छ।

यो कथा हेलेन फ्रिन्कको 'द हन्टिङ मोटिफ इन होफम्यानस्थाल्स वर्क्स' नामक लेखसँग मेल खान्छ। फ्रिन्कले होफम्यानस्थालका आख्यानमा वर्णित पुरुष र स्त्री बिचको सम्बन्धलाई सिकार अभिप्रायका आधारमा लेखेका छिन्। होफम्यानस्थालले *ए थाउजन्ड एन्ड वन नाइट्स* कथामा राजकुमारीलाई मृगसँग तुलना गरेका छन्।[125] उनका कृतिहरूमा सिकार र यौन आकर्षण बिचको तुलना गरेका छन् अनि स्त्रीहरूले पुरुषहरूलाई अप्रत्याशित रूपमा आफूतिर तानिरहन्छ भन्ने कुरा हेलेन फ्रिन्कले यस लेखमा लेखेका छन्।[126] त्यहीँ कुरा खुसेन्द्र राईका यस उदाहरणमा पाइन्छ-

*साप तर चीज त एक नम्बर छ हगि! आँखा मृगको जस्तो छ। पछाडिपट्टिबाट हेर्दा यस्तो देखिन्छ कि कुनै एउटा बलियो मुडली मृग छोटो पुच्छर हल्लाउँदै जङ्गलमा निस्फिक्री चरिरहेछ।*

(पृ. १४०-१४१)

यस उद्धरणमा मध्य वर्गीय मानिसहरूले सिकार खेलेको प्रसङ्गको चित्रण पाइन्छ। कथामा गङ्गाले ठेकेदारहरूको विरुद्ध आवाज उठाउँदा उसलाई राति मारेर खोलामा फ्याँकिएको छ अनि त्यसै राति पारि जङ्गलमा सिकारीले बन्दुक पड्काएको आवाज आएको छ। यसरी सिकारीलाई सिकार गर्ने उपयुक्त समय राति भएका हुनाले दुवै प्रसङ्गलाई एकै अभिप्रायमा लिएको देखिन्छ।

## ३.४ निष्कर्ष

साहित्यमा सिकारको लामो इतिहास रहेको पाइन्छ। सुरुदेखि नै सिकारको सम्बन्ध लोककथा र गाथा हुँदै औषधिशास्त्र, धार्मिक सन्दर्भ, नीति-उपदेश तथा बलिप्रथाका विरुद्ध लेखिएको पाइन्छ। जसरी पूर्वमा महाभारत, रामायण आदि पौराणिक ग्रन्थहरूमा सिकारको प्रसङ्ग छ त्यसरी नै पश्चिममा ग्रीक, रोमन, पर्सियन, इजिप्टसन, सुमेरियन आदिका पौराणिक गाथाहरूमा पनि सिकारको उल्लेख रहेको पाइन्छ।[127]

नेपाली साहित्यको विकास संस्कृतका पौराणिक विषयवस्तुबाट आएको छ। यसर्थ सिकारको प्रसङ्गबाट नै नेपाली साहित्यको विकास भएको मान्न सकिन्छ। जस्तै, रामायण, महाभारत, हितोपदेश, पञ्चतन्त्र आदि नेपाली गद्याख्यानहरूमा सिकारको प्रसङ्ग रहेको देखिन्छ। माध्यमिक कालमा

---

[125] हेलेन फ्रेन्क, सन् १९८०, पूर्ववत्, पृ. ६८५

[126] उही, पृ. ६८५

[127] एनड्रयु ई एम विस्मेन, सन् २००७, *चेसिङ द डियर : हन्टिङ आइकोनोग्राफी, लिटरेचर एन्ड ट्रेडिसन अव् द स्कोटिस हाइल्यान्ड*, युनिभर्सिटी अव् इडेनवर्ग, पृ. १७

'नरबहादुर गुरुङ'-को कथा तथा गङ्गाप्रसाद प्रधानका केही बाइबलबाट अनूदित कथाहरूमा सिकारका प्रसङ्गहरू रहेको देखिन्छ।

आधुनिक कालमा पनि सिकारलाई लिएर साहित्य लेखिँदै आएको देखिन्छ। दिवाकर प्रधानले *कविताका कुरा* (सन् २०१३)-को 'डाँफे चरीको प्रसङ्ग' नामक समालोचनात्मक लेखमा कवि वा साहित्यकारहरूका सम्वेदनाको आदि स्रोत पनि वेदनालाई नै मानिन्छ। आदिकवि वाल्मीकिले प्रणय क्रीडामा मग्न क्रौञ्च र क्रौञ्चीमध्ये क्रौञ्च (काराङकुरुङ)-लाई व्याधाले मारेपछि क्रौञ्चीको वेदना देखेर संस्कृत साहित्यको पहिलो कविताको रचना भएको मानेका छन्। त्यसरी नै गुलेलीले लागेको चराको बोली सुनेर लेखनाथ पौड्यालले *तरुण-तपसी* काव्यको सिर्जना गरेको मानिन्छ भनेका छन्।[128] आधुनिक कालमा सिकारको विषयमा निबन्ध, कविता, कथा तथा उपन्यास आदि पनि लेखिएको पाइन्छ। विशेष गरी भारतीय साहित्यकारले अझ बढी लेखिएका छन्। किनभने भारतमा औपनिवेशिक शासनमा अङ्ग्रेज साहेबहरूले सिकार खेलेको विषयलाई लिएर धेरै कृतिहरू लेखिएका छन्। तीमध्ये प्रकाश कोविदको *तर कहिले* (सन् १९८३), इन्द्र सुन्दासको *सहारा* (सन् १९९५) आदि औपनिवेशिक समयको पृष्ठभूमिमा लेखिएका कृतिहरू हुन्। यसबाहेक दोस्रो विश्वयुद्धपछि घर फर्केका सिपाहीहरूले आफूसाथ बन्दुक राख्ने प्रचलनलाई पनि आधार बनाएर कथाहरू लेखिएका छन्। यी सिपाहीहरू फुर्सदको समयमा जङ्गलमा गएर सिकार गरेको प्रसङ्गलाई पनि कथाहरूमा लेखिएको पाइन्छ। जस्तै, शिवकुमार राईको 'ज्यानमारा?' कथाको उजिरमान, प्रेम योञ्जनको 'मान्छे मार्ने बाजी' कथाको अतिमान, असीत राईको 'एउटा महापुरुषको अन्त्य' कथाको सुवेदार आदि पात्रहरू दोस्रो विश्वयुद्धमा लडिसकेका भूतपूर्व सैनिक पात्रहरू हुन्। यी पात्रहरूले पनि फर्सदको समयमा सिकार खेल्न गएको उल्लेख गरिएको छ।

---

[128] दिवाकर प्रधान, सन् २०१३, *कविताका कुरा*, गान्तोक : जनपक्ष प्रकाशन, पृ. १६४-१६५

# चौथो अध्याय

# सिकार प्रसङ्गका आधारमा भारतीय नेपाली कथाको विश्लेषण

## ४.१ भारतीय नेपाली कथामा पाइने सिकारका विविध पक्ष

नेपाली साहित्यको क्षेत्र व्यापक छ। यसलाई निश्चित परिधिभित्र अटाउन सकिँदैन। नेपाली कथामा देखिएका विविध विषयहरूमध्ये सिकार पनि एउटा हो। त्यसै कारण यस विषयलाई लिएर यो शोध अध्ययन गरिएको हो। भारतीय नेपाली कथामा सिकारका प्रसङ्गबारे नेपाली साहित्यको प्राज्ञिक क्षेत्रमा आजसम्म कुनै पनि अध्ययन भएको पाइँदैन।

भारतीय नेपाली कथाहरूलाई अध्ययन गर्दा केही कथाहरूमा सिकारका प्रसङ्ग छुटपुट रूपमा आएको देखिन्छ। यो एउटा नवीन विषय भएकाले यससम्बन्धी शोध अध्ययन गर्ने कुनै सैद्धान्तिक आधारहरू नभए तापनि यसका केही नयाँ अवधारणाहरू अनुसन्धानका निम्ति तयार भएका छन्। यसैका आधारमा दोस्रो अध्यायमा सिकारसम्बन्धी अवधारणाको विशद् अध्ययन प्रस्तुत गरिएको छ।

यसका साथै सिकारसम्बन्धी विविध पक्षहरूको अध्ययन गर्न पनि उत्तिकै महत्त्वपूर्ण देखिन्छ। ती पक्षहरू यस प्रकार छन्-

४.१.१ उद्देश्यका आधारमा

४.१.२ प्रयोजनका आधारमा

४.१.३ विधिका आधारमा

४.१.४ पद्धतिका आधारमा

४.१.५ सिकारमा प्रयोग गरिने प्रमुख साधनहरू

४.१.६ परिवेश विमर्शका आधारमा र

४.१.७ अन्यान्य पक्षका आधारमा

#### ४.१.१ उद्देश्यका आधारमा

#### ४.१.१.१ जीविकोपार्जनका निम्ति

नेपाली जाति भारतका विभिन्न स्थानहरू जस्तै, उत्तराखण्ड, उत्तर प्रदेश, पश्चिम बङ्गाल, उत्तर पूर्वीय राज्यहरूमा क्रमैले सिक्किम, असम, मेघालय, मिजोराम, मणिपुर, नागाल्यान्डजस्ता पहाडी ठाउँहरूमा वर्षौंदेखि बसोबासो गर्दै आइरहेका छन्। भौगोलिक दृष्टिले हेर्दा नेपालीहरू विशेषतः पहाडी ठाउँमा बस्न रुचाउने जाति देखिन्छन्। पहाडी जीवनमा बसोबासो गर्ने हुनाले यस जातिको दैनिक खाद्य सामग्रीहरू जस्तै, धान, कोदो, मकै, साग-सब्जी, तरुल-कन्दमूल, दुध, दही, घिउ, मकै, तथा साग सब्जी[129] आदिका साथसाथै जङ्गलबाट मृग, जरायो, थार, घोरल, धनेस, ढुकुर, मुनाल, वनकुखुरा, लुइँचे, डाँफे आदिको सिकार गरी जीविकोपार्जन गर्दथे। यसबाहेक पशु प्राणीका सिकारलाई बेचेर धन आर्जन पनि गर्दथे। तर भारत स्वतन्त्र भएपछि सिकार गर्नमा कानुनी रूपले पूर्णतः प्रतिबन्ध लगाइयो। भारत स्वतन्त्र हुनअघि सिकार गरी जीविकोपार्जन गर्ने सिकारीहरूबारे वा सिकार प्रसङ्गबारे कथा लेखिएको पाइन्छ। ती कथाहरूमा प्रमुख देखिन्छ- शिवकुमार राईको ‘माछाको मोल’, पारसमणि प्रधानको ‘साढे सातको कथा’, हायमनदास राई ‘किरात’-को ‘वारूणी’, प्रदीप गुरुङको ‘लाजुम रानी, सुनाखरी र डालिम गढी’ आदि कथाहरूमा सिकार गर्नाको मूल उद्देश्य जीविकोपार्जनलाई देखाइएको छ।

शिवकुमार राईको ‘माछाको मोल’ कथाले मानव जीवन मूल्यलाई इङ्गित गरेको छ। यो चरित्रप्रधान कथा हो अनि यसको नायक रने माझी पेसासित सम्बद्ध रहेको छ। रनेकै चरित्रलाई लिएर यस कथालाई जम्मा चारवटा खण्डमा वर्गीकरण गरिएको पाइन्छ। जसमा क्रममै पहिलो खण्डमा रनेको परिचयदेखि उसले खोलामा जाल हानेर माछा मारेको छ, दोस्रो खण्डमा रनेले आफ्ना बाबुलाई सम्झेको छ अनि माछा बजारमा लगेर बेचेको छ, तेस्रो खण्डमा माछा बेचिसकेर घर फर्कँदै गर्दा बाटामा पसल थापेकी स्वास्नीमानिसलाई विवाह गरी घरजम गर्ने कल्पना देखेको छ भने चौथो खण्डमा रने उत्साही भएर फेरि खोलामा गई जाल हानेर माछा पक्रिँदा भेलले बगाएर उसको मृत्यु भएको छ।

यस कथामा निम्न वर्गीय समाजको चित्रण पाइन्छ। बाबुको पालादेखि नै उसको परिवारले माछाको सिकार गर्दै आएको देखिन्छ। माछा बेचेर जीवन यापन गरेको प्रसङ्ग कथामा उल्लिखित

---

[129] पारसमणि प्रधान, सन् १९८२, ‘साढे सातको कथा’, राजनारायण प्रधान (सम्पा), *दार्जिलिङका कथा र कथाकार २*, दार्जिलिङ : नेपाली अकादमी, पृ. १६९

पाइन्छ। पछि छोरो रनेले पनि त्यही माछा मार्ने पेसा अपनाएर खोलामा जाल हानी माछाको सिकार गरेको छ। कथांश यस्तो छ-

*रनेले फेरि एकचोटि जाल घुमाएर त्यो हरियो दहमा फ्याँक्यो। भेलमा परेर अत्तालिएका माछाहरू सबै जालभित्र थुनिए। डढेर अनुहारमा प्रसन्नताको रेखा दगुऱ्यो। त्यसका आँखा रसिला भएर आए। माछाको थुप्रो चोया-चोयामा उन्न लाग्यो।*

(पृ. ८५)

कृषकहरूको आयस्रोत खेतीपाती भएझैँ माझीहरूको आयस्रोत खोलामा माछा मारी कमाएको पैसा हो। यस उद्धरणमा रनेको व्यक्तिगत जीवन खोलासँग जोडिएको देखाइएको छ। खोलाको माछा बेचेर उसले धन आर्जन गरी वैवाहिक जीवनको सुखमय बनाउने कल्पना गर्छ। यस कारण उसले जाल हानेर माछा मार्दा उसको अनुहारमा खुसीका रेखाहरू देखिन्छन्।

यस कथामा पहाडी स्थानमा माछाको सिकार गर्ने माझीहरूको सङ्घर्षशील जीवनलाई अति सुक्ष्म रूपमा देखाइएको छ। माछाको सिकार गर्नु रनेका निम्ति सहज र सुखद निश्चय छैन। जसको प्रमाण यस निम्न उदाहरणबाट पाइन्छ-

*रने बाँसको धिरीमा माछाको झुत्ता लगाएर बजारतिर हिँड्यो। रनेको घुडासम्म निश्रुक्क भिजेको थियो। खोलाको खप्ट्याक खुप्टुक ढुङ्गामा ठोकिएका ठाउँठाउँमा नीलडाम बसेको थियो। घस्रिएको ठाउँबाट रगत चुहिरहेथ्यो। पानीले जाडो असाध्यै जागेको भए तापनि हृदयमा आगोको गर्मी त्यसले अनुभव गरिरहेथ्यो।*

(पृ. ८५-८६)

माथि उल्लिखित शब्दहरूले रनेले भोगेको कष्टपूर्ण जीवनलाई माछाको सिकार गर्ने मानिसहरूको जीवनको प्रतिनिधित्व गरेको छ। यहाँ रनेले माछाको सिकार गरेर माछालाई धिरीमा बोकेको कुरालाई रिन्जी इडेन वाङ्गदीले *फ्रण्टियरका कथाकार शिवकुमार राई* (सन् २०१८) पुस्तकमा चर्चा गरेकी छन्। उनले रनेको चरित्रबाट दार्जिलिङ, सिक्किम र भुटानदेखि सम्पूर्ण उत्तरभारतको पहाडी स्थानहरूमा माछाको सिकार गर्ने माझीहरूको पेसालाई देखाएकी छन् भने त्यहीँ धिरीमा माछा बोकेको प्रसङ्गले बर्मा

सम्मका मानिसहरूको जीविकोपार्जनलाई प्रतिनिधित्व गरेको देखिन्छ।[130] यसबाहेक कथामा रनेले खोलाबाट माछाको सिकार गरी बजारमा बेचर अर्थ आर्जन गरी जीवनयापन गर्ने कुरालाई यस प्रकारले देखाइएको छ-

*चौकमा एउटा मानिसले सोध्यो- ए दाइ, माछा कसरी।*

*आठ आना सेर।*

*खोलाको माछाको पनि यत्रो मोल?*

*दु:ख हेरेर त यो के मोल हो! रनेले नील परेको र चोट लागेको ठाउँ हेर्दै भन्यो।*

(पृ. ८६)

उक्त कथांशलाई 'माछाको मोल' कथाको केन्द्रीय भाव मान्न सकिन्छ। जसमा माछाको मोल समय र परिस्थितिअनुसार परिवर्तन हुन्छ। त्यहीँ खोलाको माछा चौकमा बेच्दा आठआना सेर अनि होटल पुग्दा आठ आनागोटा हुन्छ। तसर्थ जीवन वा व्यक्तिको मूल्य पनि समय र परिस्थितिअनुसार तोकिएको हुन्छ भन्ने कुरालाई यहाँ लक्ष्य गरिएको छ। प्रस्तुत कथामा रनेले माछाको सिकार गरी जीविकोपार्जन गरे तापनि वास्तवमा उसले माछाको सिकार गरेर आफ्नो जीवनको मोल बेचिरहेको छ।

भारतको दार्जिलिङ तथा कालेबुङ जिल्लाका सर्वाधिक भूमि घना वन जङ्गलले ढाकेको छ। दुईवटा ठाउँमा ब्रिटिसहरूको आगमन हुनअघि नै नेपाली, लेप्चा तथा भोटेहरूले त्यस घना जङ्गललाई फाँडेर, सम्म ठाउँ बनाएर गाई गोठ, भेडा गोठ, चौरी गोठ बनाएर बसोबासो गर्न थालेको इतिहास पाइन्छ। उक्त जातिले त्यस जङ्गलमा जीवन निर्वाह गर्ने साधन भनेको जङ्गली फलफुल, कन्दमूल तथा सिकार थियो। गाई गोठमा जीवन बिताउने गोठालेहरूको कथा लिएर पारसमणि प्रधानले 'साढे सातको कथा' लेखेका छन्। यस कथाको मूल पात्र 'माइला मगर' हो। उसलाई साढे सातको दशा लाग्छ। हिन्दू सनातन विचारमा साढे सातको दशा लाग्नु भनेको अशुभ हो। आफूलाई यो दशा लागेको पिरले माइला मगरले यसबाट मुक्ति खोज्न आफ्नो घर-परिवार सबै त्यागेर जङ्गल पस्छ। जङ्गलभित्र उसले एउटा भोटेको गोठ भेट्छ। उसलाई भोटेले त्यहाँ बस्ने ठाउँ दिन्छ। त्यहीँ जङ्गलमा बस्न थालेदेखि माइला मगरले जीवन

[130] रिन्जी इडेन वाङ्दी, सन् २०१८, *फ्रण्टियरका कथाकार शिवकुमार राई*, दार्जिलिङ : विजय कमल प्रधान, पृ. ३०

निर्वाह सिकार गरेर त्यसैको मासु खाँदै गरेको प्रसङ्ग कथामा छ। उनीहरूले सिकार गर्दा के कस्तो उपकरणको प्रयोग गर्थे सो कथामा यसरी चित्रण गरिएको छ-

*गोठमा चौरी गाईहरूको बथान थियो। भेडा-भ्याङलुङ-च्याङ्ग्राहरू उत्तिकै थिए। घोडा-गधा र खच्चरहरू जङ्गलभरी थिए। दुध-घिउ र छुर्पीको पौल थियो। गोठका वरिपरि मकैबारी र सिमलतरुलका घारी थिए; गोठाला साथीहरू घिउ र छुर्पी बोकेर मधेसमा बेच्न लैजान्थे अनि फर्कँदा नुन, लता-कपडा र केही सामल-तुमल किनेर ल्याउँथे। जङ्गलभरि मृग, जरायो, थार, घोरल, झारल चरिरहन्थे, यसर्थ मासुको दुःख थिएन। चराचुरुङ्गीमा हुकुस, धनेस, ढुकुर, मुनाल, सिम-कुखुरा, लुइँचे, डाँफे इत्यादि मनग्गे थिए। गुलेली-मटेङ्गा, धनु-काँडले अथवा धराप थापेर पनि चाहिए जति मारेर ल्याउन सकिन्थ्यो। खानलाई कुनै किसिमको दुःख थिएन।*

(पृ. ११६८-१६९)

उक्त कथांशमा जङ्गलमा बस्दा ती गोठालेहरूले गुलेली-मटेङ्गा, धनु-काँड तथा पासो वा धराप थापी मृग, जरायो, घोरल आदि पशुहरूको सिकार गरेको बुझिन्छ। त्यसरी नै एकदिन सिकार खेल्न आएको एकजना अङ्ग्रेज बाटो भुलेर त्यहीँ छेउको गोठमा पुग्छ र उसलाई माइला मगरले चराको मासु पोलेर खान दिन्छ। यसबाहेक सिकार मारेको मासुलाई सुकाएर पनि खान सकिन्छ भन्ने अर्को उपाय कथामा वर्णित छ-

*माइला मगरले बाटामा खानलाई भनेर जाबीमा केही सिमल-तरुल, मृगको सुकाएको मासु र छुर्पी बोकेको थियो।*

(पृ. १६९)

कुनै पनि पशु प्राणीको मासुलाई धेरै दिनसम्म नबिग्रियोस् भनेर आगोका रापमा वा धुँवामा सुकाएर खानाका लागि सुरक्षित राखिन्छ। विशेष पहाडी क्षेत्रमा बसोबासो गर्ने भोटे, लेप्चा तथा नेपाली आदिले जाडो महिनामा खानाका लागि यो विधि अपनाएको देखिन्छ। यो विधि आज पनि नेपाली समाजमा प्रचलित छ। विशेष दसैँ, तिहार आदि चाडपर्वका छेकमा खसी, राँगा आदिका मासुलाई हप्ता दिनसम्म

धुँवामा राखिन्छ। यसबाहेक कहिलेकाहीँ पैदल यात्रामा वा कुनै यात्रामा पनि यस प्रकारका मासुको प्रयोग गरिन्छ जो उक्त कथामा माइला मगरले मृगको मासु बोकेको प्रसङ्गबाट प्रस्ट हुन्छ।

भक्त राईले *पूर्वीय दर्शन* (सन् २०१८) पुस्तकमा किराती मुन्दुमको चर्चा गरेका छन्। उनले किराती मुन्दुमलाई आदिमयुग, सिकारयुग र कृषियुग गरी तिनवटा युगमा विभाजित गरेका छन्।[131] किराती मुन्दुमअनुसार आदिम कालमा मानिसहरू जङ्गली थिए अनि उनीहरू रुख वा ओडारमा बस्ने गर्दथे। उनीहरूले खेतीपाती गर्न जानेका थिएनन्। त्यस समय उनीहरूको आहार भनेको जङ्गली फलफुल र सिकार गरेर हात परेको मासु हुने गर्दथ्यो। यहीँ समयको पृष्ठभूमि हायमनदास राई ‘किरात’-को ‘वारूणी’ कथामा पनि पाइन्छ। यस कथामा वारुणी, विद्युता, विलज्ज आदि पात्र-पात्राहरूले जङ्गलबाट टिपेर ऐँसेलु, फलफुल खानका साथै थार, खरायो, अर्ना आदि पशु प्राणीको सिकार गरी जीविकोपार्जन गरेको देखाइएको छ। जस्तै,

*आज केको सिकार गरौँ?*

*वारूणी बोली- किन सिकारमा जानु, ऐँसेलु वनमा जाऊँ प्रशस्तै ऐँसेलु पाकेको छ। त्यहाँदेखि देखिने सेता डाँडा हेर्न मन लागेको छ। तिम्रो उड्ने भाला बोक, म बन्चरो बोक्छु।*

(पृ. ३३)

पात्ररूमाझ भएको उक्त संवादबाट उनीहरूले भाला, बन्चरो आदिको प्रयोग गरी सिकार गर्थे भन्ने प्रमाणित हुँदछ।

सृष्टिको आदि कालदेखि नै मानिसहरू गाँस, बास र कपासका समस्याले जुझिरहेको देखिन्छ। पृथ्वीको कुनै पनि कुनाका मानिसलाई भोकमा गाँस, थकाइमा बास र जाडो वा गर्मीमा कपासको आवश्यकता सुरुदेखि नै रहिआइरहेको देखिन्छ। आदिम अवस्थामा मानिस र अन्यान्य पशु प्राणीको जन्म र मृत्युको प्रक्रियामा केही भिन्नता थिएन। त्यस समय मानिसले आफूअघि भेटेका फलफुल, कन्दमूल वा काँच्चै मासु खाने गर्दथे। किनभने उनीहरूलाई त्यस समय आगो के हो, त्यसबारे केही थाहा थिएन। तसर्थ

---

[131] भक्त राई, सन् २०१८, पूर्ववत्, पृ. ८२-८३

खेदेर मारिएको सिकारको मासु काँच्चै खान्थे। किराती मुन्दुमको यही आदिम संस्कृतिमाथि कथाकारले प्रकाश पारेका छन्।

हिन्दू सनातन धर्मअनुसार गाईलाई विशेष महत्त्व दिइन्छ। गाईको मासु खानु यस धर्मावलम्बीका निम्ति पाप हो। प्रदीप गुरुङको 'लाजुम रानी, सुनाखरी र डालिम गढी' कथामा भुटानी सेनाका निम्ति जङ्गली गाईको सिकार गरेको प्रसङ्ग छ। जस्तै,

*जङ्गलमा पालैपालो हुद्दा बनाई सिकारको लागि सेनाको टुक्री पठाइन्छ। सानो होस् वा ठुलो आएपछि एउटा न एउटा सिकार लानै पर्छ। आज जस्तो ठुलो सिकार लान सके सेनामा त्यो टुक्रीको मान-इज्जत बढ्ने चलन छ। तसर्थ, आउने जतिले कि त मिथुन नै लडाउँछन्, कि त अर्ना नै ताक्छन्। ठुलो सिकारले सेनाको खुराकमा गर्ज टार्छ।*

(पृ. १४४)

प्रदीप गुरुङले यो कथा भुटानको ऐतिहासिक पृष्ठभूमिमा लेखेका छन्। भुटानको दक्षिणमा फैलिएको विशाल जङ्गलदेखि अर्ना वा मिथुन पानी पिउन आउँदा सेनाद्वारा सिकार गरिएको छ। सेनाहरूलाई खाद्य सामग्रीका निम्ति सिकार गर्न जाने आदेश भुटानी राजाबाट भएको छ। सिकार मारेर ल्याउने सेनाहरूलाई राजाले समान गर्ने प्रथा कथामा उल्लेख रहेको पाइन्छ।

### ४.१.१.२ मनोरञ्जन वा सौकका निम्ति

मान्छेले सिकार गर्ने उद्देश्य आहारका निम्ति हो। तर आधुनिक युगमा सिकारलाई मनोरञ्जनको प्रमुख साधनका रूपमा लिइएको देखिन्छ। सर्वप्रथम वैदिक कालमा आर्यहरूले सिकारलाई मनोरञ्जन र खेलकुदका निम्ति गरेको देखिन्छ। त्यसरी नै अस्सुरी राजाहरूका ग्रन्थमा अस्सुरी राजाहरूले शाही खेलमा सिंह, मृग तथा अन्य पशुहरूको सिकार गरेका छन् भनी उल्लेख गरेको पाइन्छ।[132] भारतीय ऐतिहासिक दृष्टिकोणले हेर्दा सम्भ्रान्त वा शाही परिवारले सिकारलाई मनोरञ्जन र सौकका रूपमा लिएको पाइन्छ।

---

[132] पलिन एल्बिन्डा, सन् २००८, 'अस्सुरी रोयल हन्ट्स : एन्टलर्ड एन्ड हर्न्ड एनिमल्स फर्म डिस्टेन्ट ल्यान्ड्स', *बुलेटिन अव् अमेरिकन स्कुल्स अव् ओरियन्टल रिसर्च,* नो ३४९, पृ ६१, स्रोत- www.jstor.org 20/06/2022, 09:31

नेपाली साहित्यमा पनि सिकार प्रसङ्गलाई मनोरञ्जन वा सौकका निम्ति पनि लेखिएको पाइन्छ। भारतीय नेपाली कथामा शिवकुमार राईको 'चुनारगढकी बन्दिनी', हायमनदास राई 'किरात'-को 'जुडिथ', इन्द्रबहादुर राईको 'जयमाया आफू मात्र लेखापानी आइपुगी', बद्रीनारायण प्रधानको 'शिकारको रहर', प्रेम प्रधानको 'मान्छे मार्ने बाजी' आदि कथाहरूमा सौक वा मनोरञ्जनका निम्ति सिकार प्रसङ्गको वर्णन भएको देखिन्छ।

भारतमा ब्रिटिस शासकहरूले आफ्नो अङ्ग्रेजी संस्कृति पनि साथ लिएर आए। अङ्ग्रेजहरू पनि सिकारका सौकिन थिए अनि उनीहरू भारतका राजा महाराजाहरूसँगै सिकार खेल्न जान्थे। यहीँ कुरा शिवकुमार राईको 'चुनारगढकी बन्दिनी' कथामा वर्णित छ। यस कथामा राजकुमार उत्तम कुँवरसँग ब्रिटेनका युवराज पाँचौँ जर्ज लगायत अन्य अङ्ग्रेजी शाही परिवारहरू सिकार खेल्न गएको प्रसङ्ग यस्तो छ-

*तिनलाई सिकारको ठुलो शौक थियो। हजारौँ एकरमा फैलिएको त्यस बनाञ्चलमा थरि थरिका जङ्गली पशु पन्छीहरू थिए औ युवराज पाँचौँ जर्ज लगायत अनेकौँ शाही मेहमानहरू कुँवरसित सिकार खेल्न प्रायः आई नै रहन्थे।*

(पृ. ५६)

त्यस बेला यी राजा, महाराजा तथा अङ्ग्रेजहरूले सिकार खेल्न हजारौँ ऐकर जङ्गललाई पार्कका रूपमा आरक्षण गरेर राखिएको हुन्थ्यो। त्यस पार्कमा विभिन्न जङ्गलबाट मृग तथा विभिन्न पन्छीहरू ल्याउने गरिन्थ्यो। यो प्रथा भारतमा अङ्ग्रेजहरूले नै भित्र्याएको देखिन्छ। किनभने इङ्ग्ल्यान्डमा 'वाटरफल पार्क' पनि यस्तै एउटा पार्क हो।[133] जहाँ उनीहरू छुट्टीको समय बिताउन हाँसको सिकार गर्ने गर्दथे। भारतका विभिन्न ठाउँहरूमा पनि उनीहरूले यस्ता पार्कहरूको निर्माण गरेका छन्। तीमध्ये राजस्थानको भरतपुरमा रहेको 'केउलादेव घना राष्ट्रिय पार्क' एउटा हो।[134] यस्ता पार्कहरूमा केवल शाही परिवारका सदस्यहरू मात्रै सिकार खेल्न पाउँथे।

[133] .......,सन् २०१०, 'अ हिस्ट्री अव् हन्टिङ इन द इन्डियन सबकन्टिनेन्ट', पूर्ववत्, पृ. ६

[134] उही, पृ. ६

सिकार खेल्नालाई पुरुषत्वको प्रतीक मानिन्छ। यस कारण सिकारीहरूमा पुरुषहरूको सङ्ख्या अधिक देखिन्छ। यसमा महिलाको सहभागिता कमै रहेको हुन्छ। महिला सिकारी भएको कथा हायमनदास राई ‘किरात’-को ‘जुडिथ’ हो। यस कथामा महिला पात्राले सिकार खेलेको प्रसङ्ग छ। तर यी महिला पात्रहरू भारत भूमिका नभएर अन्य देशका देखिन्छन्। ‘जुडिथ’ मूलतः स्वच्छन्दतावादी धारामा लेखिएको यो कथा विदेशी पृष्ठभूमिमा आधारित छ। यसका पात्र-पात्रा डग्लस र जुडिथ पनि विदेशी नै छन्। अङ्ग्रेजी मेमहरू पनि आफ्ना प्रेमीसँग सिकार खेल्न इच्छुक रहेको कुरा यस कथामा देखाइएको छ। यस कथामा सिकारी नारी पात्रहरूको प्रत्यक्ष सहभागिता रहेको छ।

*डग्लस, तिमी यहाँ आऊ। मैले छ महिनाको छुट्टी लिने विचार गरेको छु। तिमीले पनि सात महिनाको छुट्टी लिने। मलाई तार गर्ने। मलाई सिकारमा जाने रहर लागिरहेको छ।*

(पृ.१०)

यसरी अङ्ग्रेजी मेमहरू पनि सिकार खेल्न आफ्ना प्रेमीसँग जाने गर्दथे। कथाका पात्रहरू यसरी मनोरञ्जनका निम्ति सिकार खेल्दछन् भन्ने प्रमाण यस कथाको उक्त संवादले पुष्टि गर्दछ।

इन्द्रबहादुर राईको ‘जयमाया आफू मात्र लेखापानी आइपुगी’ कथामा बर्मादेखि लखेटिएका नेपालीहरूले जङ्गलमा चराचुङ्गीहरूको सिकार गरी मनोरञ्जन गरेको देखिन्छ। जस्तै,

*अल्लारे केटाहरू रूखका टुप्पातिर र हाँगातिर आएर बसेको बस्ने जुनै चरालाई पनि बन्दुकले चान हान्छन्। एउटा खसे गाडीनै रोकेर खोज्न जंगलभित्र पस्छन्। डर थिएन कसैलाई। सबै हाँसेका छन्। रमाइलो बसाइँ सरेको यात्रा जस्तो थियो। बर्मादेखि वनभोज खान भारत आज जस्तो रमाहट थियो।*

(पृ. ९५)

माथिको कथांशमा नेपालीहरूको ताँतीहरू विभिन्न पहाड पर्वत, खोला नाला, वन जङ्गल आदि पार गर्दै आएको देखिन्छ। अचानक आफ्नो बासभूमि छोडेर भाग्नु पर्दा उनीहरूलाई शारीरिक तथा मानसिक पीडाले सताएको छ। यस्तो अवस्थामा उनीहरूले बर्मादेखि भाग्नु पर्दा उनीहरू आफूलाई पीडित महसुस गरिरहेका हुन्छन्। यसरी बाटामा अनेक हन्टर र दुःख आदि खप्नु पर्दा शारीरिक र मानसिक पीडाले ग्रस्त

भएको बेला मानिसहरू जुवारी र अल्लारे केटाहरू चराचुरुङ्गीको सिकार गरेर मनोरञ्जन गरिएको यस कथामा देखिएको सिकार प्रसङ्ग मनोरञ्जनबाहेक अन्य कुनै उद्देश्यले खेलेको देखिँदैन।

बद्रीनारायण प्रधानको 'शिकारको रहर' कथामा सिकार रहर वा मनोरञ्जनका निम्ति खेलेको वर्णन पाइन्छ। यो विशेष पुँजीवादी वा सम्भ्रान्त वर्गले मनोरञ्जनका लागि खेलेको देखिन्छ। यस्तै सम्भ्रान्तका अनुकरण पोडे दाइमा पनि पाइन्छ। यस कारण चैतन्यले यो कथालाई पुँजीवादीहरूको हठ भनेका छन्।[135] कथामा मानिसहरूले हिँउदमा सिकार खेल्न गएको समयलाई लिएर यो कथा लेखिएको छ। उदाहरण,

*सिकार खेल्न दल बाँधेर जान्छन्। साता दिनसम्म बस्छन्। भेटे राम्रो बनेलको शिकार भेट्छन्। जङ्गलमा बनभात खाँदै ती सिकार खेल्छन्।*

(पृ. ६)

डुवर्स र जलपाइगढी जिल्लामा फैलिएर बगेको टिस्टा नदीको किनारको जङ्गलमा यो कथा केन्द्रित रहेको छ। यस जङ्गलमा मानिसहरू सिकार खेलेर मनोरञ्जन गर्छन्। यसरी दलका दल मानिसहरू मनोरञ्जनका निम्ति सिकार खेल्न आउँछन् अनि जङ्गलमै वनभोज खाएर रमाइलो गर्छन्। यस्तै मनोरञ्जनपूर्ण सिकार प्रसङ्गलाई यस कथामा चित्रण गरिएको पाइन्छ।

*मदेसमा खुब सिकार पाइन्छ नि?*

*सिकारको कुरा सुनेर हरिकृष्ण केही सावधान भयो। उसलाई थाहा थियो, पोडे दाइ, सिकार भनेपछि हुरुक्कै हुन्छन्। उनले सिकार मारेको कहिले देखिएको थिएन।*

*मधेसको जङ्गलमा मानिसहरू सिकार खेल्न आउँछन् अनि जङ्गलमै बदेल मारी खाँदै बस्छन्।*

(पृ. ६)

माथिको कथांशमा मानिसहरू मनोरञ्जनका निम्ति सिकार खेल्न मधेसमा आएर सिकार खेलेको अनि हप्ता दिनसम्म जङ्गलमै बसेर सिकार मारी बनभोज खेलेको वर्णन पाइन्छ। कथाको पात्र पोडे दाइ पनि

[135] चैतन्य, सन् २०१०, 'यथार्थवादी साहित्यको सन्दर्भमा संगत', रूपेश शर्मा (सम्पा), *कालजयी कर्माहरूमा बद्रीनारायण प्रधान,* बाग्राकोट : बद्रीनारायण स्मृति प्रतिष्ठान, पृ. ३४

मनोरञ्जनका लागि सिकार खेल्न उत्साही भएको देखिन्छ अनि उसले हरिकृष्णलाई पनि सिकार खेल्न जाने सल्लाह दिन्छ।

मानिसले सिकारलाई जुवाका रूपमा पनि लिएको देखिन्छ। अङ्ग्रेजहरू भारत आएपछि उनीहरूले व्यापारका निम्ति जङ्गल फाँडी चिया, कफी, साल, टिक आदिका रुखहरू रोप्न थाले। उनीहरूले आफ्ना मजदुरहरूलाई वन्य प्राणीहरूको आक्रमणदेखि बचाउन सिकारीहरूलाई इनामका साथै मासु आदि पनि दिने गर्दथे।[136] अङ्ग्रेजहरू आफै पनि सिकार खेल्न रुचि राखेका हुनाले छुट्टीको समयमा मनोरञ्जन गर्न अङ्ग्रेज साहेबहरू स्थानीय सिकारीसँग सिकार गर्न जान्थे। सिकारमा जाँदा ठुलो वा हिंस्रक पशुको सिकार गर्ने भएकाले समाजमा उनीहरूले सम्मान पाउँदथे। यस कारण अङ्ग्रेज पशु प्राणीभन्दा पनि आफ्ना साथीलाई प्रतिद्वन्द्वीका रूपमा लिएर सिकार गर्दथे।[137] उनीहरूले सिकारमा बाघ, सिंह वा बनेलजस्ता हिंस्रक पशुहरूको सिकार गर्दथे। जुवालाई लिएर पनि भारतीय नेपाली कथाहरू लेखिएको पाइन्छ। प्रेम योञ्जनको 'मान्छे मार्ने बाजी' कथालाई यसको उदाहरणका रूपमा लिन सकिन्छ। यस कथामा इनामका निम्ति सिकार गर्नेलाई डरपोकको संज्ञा दिइएको छ। उदाहरण,

*तिमीले बाघ, भालु मार्दा के पायौ? रुपियाँ? रुपियाँ पैसाको लोभले तिमी शिकार गर्छौ भने झन् तिमी लोभी, डरपोक शिकारी।*

(पृ. ११०)

प्रस्तुत उदाहरणमा अङ्ग्रेज साहेबहरूले कुनै ठुलो पशुको सिकार गरे उनीहरूलाई रुपियाँ पैसा पनि दिने गरेको प्रसङ्ग पाइन्छ। यहीँ लोभले सिकारीहरू पनि वीरताका साथ सिकारमा जाने गर्दथे। यस कथामा अर्काका निम्ति सिकार गर्ने सिकारीहरूलाई लोभी र डरपोक भनी तिरस्कार गरिएको छ।

'मान्छे मार्ने बाजी' कथा पूर्ण रूपमा सिकारसँग सम्बन्धित छ। यसमा अतिमान (सिकारी), भीमे र सुखदल तिनैजना सिकारी पात्रहरू छन्। उनीहरूले सिकार गर्न नसकेपछि पसलमा रक्सी पिउँदै सिकार सम्बन्धित कुराहरू गर्छन्। सुखदलले रक्सी खाएर कुन पशु प्राणीको सिकार गर्न सबैभन्दा साह्रो हो भनी प्रश्न राख्छ। अतिमानले आफ्नो अनुभवअनुसार बाघ, हात्ती तथा गैँडाको सिकार गर्नु साह्रो हो भन्दछ। तर

[136] ......., सन् २०१०, 'ए हिस्ट्री अव् हन्टिङ इन द इन्डियन सबकन्टिनेन्ट', पूर्ववत्, पृ. ५-६

[137] उही, पृ. ६

सुखदलले मान्छे पनि प्राणी भएकाले सबैभन्दा साह्रो मान्छे मार्नु हो भनी आफै उत्तर दिँदछ। तर यस कथामा मानिसको हत्यालाई पनि सिकारकै रूपमा लिएजस्तो देखिए तापनि मानिसको हत्यालाई सिकार मान्न भने सकिँदैन। जसको फलस्वरूप अन्त्यमा गएर अतिमानको मन परिवर्तन हुन्छ र उसले पशु प्राणीको पनि सिकार गर्न छोड्छ। यस कथाले सिकार गर्नु हुँदैन भन्ने सन्देश दिएको छ। जस्तै,

*बन्दुक उचालेर दुई हातले बलले तल फ्याँकिदियो। बन्दुक बज्रेको आवाज पारीपट्टिको ओडारबाट प्रतिध्वनित भयो।*

(पृ. ११६)

उपर्युक्त कथांशमा अतिमानले मानिसको हत्या गर्नु र पशु प्राणीको सिकार गर्नु एकै किसिमको हो भन्ने बोध गरेको छ। तसर्थ कथाको अन्त्यमा उसले आफ्नो जीवनमा कहिल्यै सिकार नगर्ने प्रण गर्छ। अतः यस कथाले पशु प्राणीको सिकार गर्नु अनि मानिसको हत्या गर्नु हुँदैन भन्ने सकारात्मक सन्देश दिएको छ।

### ४.१.२ प्रयोजनका आधारमा

#### ४.१.२.१ अनुसन्धान

भारतको उत्तरी भागलाई नेपाल, चीन र भुटानको सीमावर्ती क्षेत्र अनि विशाल हिमालय पर्वत शृङ्खलाले ढाकेको छ। यस सीमावर्ती क्षेत्रमा विभिन्न रहस्यमय जीवहरूको बसोबासो पनि रहेको पाइन्छ। यी रहस्यमय जीवहरूको अनुसन्धान र खोजी गर्ने क्रम वर्षौंदेखि चल्दै आएको छ। यस उपशीर्षकमा शिवकुमार राईको ‘हिउँले पुरेको रहस्य’ कथाको विश्लेषण गरिएको छ।

शिवकुमार राईको बाल्यकाल उत्तर सिक्किम र तिब्बतको सीमावर्ती क्षेत्रमा बितेको थियो। उक्त कथामा उनले सेर्पा जातिमा प्रचलित विभिन्न किंवदन्तीहरूको चित्रण गरेका छन्। पहाडी क्षेत्रका लोकोपख्यानहरूमा हिममानवको कथा प्रचलित रहेको छ। सेर्पाहरूले हिममानवलाई ‘सोक्पा’ नामले चिन्दछन्। कतिपयले यसलाई ‘यति’ पनि भन्छन्।

इ पू ३२६ मा अलेक्जान्डरले सिन्धु उपत्यका जितेपछि हिमालयमा यतिको खोजी गर्न मानिसलाई पठाएको कुरा लेखक नियति सक्सेनाले ‘हिडेन इन द हिमालयस : अ मिथिकल क्रिएचर

कल्ड द यति' (सन् २०२०) नामक लेखमा उल्लेख गरेकी छन्।[138] सन् १९२० देखि पर्वतारोहीहरूले हिमालय चढ्न सुरु गरेपछि यति वा हिममानवको चर्चा अधिक लोकप्रिय भएर गयो।[139] सन् १९२१ मा सर्वप्रथम अन्वेषक चार्ल्स होवर्ड बरीले हिममानवको पाइलाका छाप देखेको कुराले यस जीवबारे धेर जिज्ञासा बढेर गएको देखिन्छ।[140] त्यसपछि बसेर्नी यसको अनुसन्धानका निम्ति वैज्ञानिकहरू हिमालय पर्वत शृङ्खलामा आउने गर्दछन्। अनुसन्धात्मक कार्यमा आउने वैज्ञानिकहरूको कथालाई लिएर शिवकुमार राईले 'हिउँले पुरेको रहस्य' कथा लेखेका छन्। वैज्ञानिकहरूले हिउँमानवको अस्तित्व पाएको प्रसङ्ग कथामा यसरी आएको छ। जस्तै,

*भखरै परेको हिउँमा तिनीहरूले देखे मानिसको जस्तै पाइलाका डोबहरू। प्रोफेसर हेनरिचले फिता निकालेर नापे, एउटा एउटा पाइला प्रायः पन्द्रह इन्ची लामा र छ इन्च चौडा। एउटा पाइला र अर्का पाइलाको अन्तर प्रायः साढे तिन फिटको थियो। बुक्कानेर साहेबले ती पाइलाहरूका चित्रहरू लिए। त्यहीँ नै त्यस रात क्याम्प हाल्ने निश्चय भयो। कोही तम्बुहरू गाड्न लागे त कोही पोखरीका वरिपरि खोरहरू जोड्न लागे, स्प्रिङ्गका धरापहरू लहरै थापिए। रात पर्दा नपर्दै जम्मै व्यवस्था पुरा गरिए।*

(पृ. २९)

सन् १९२१ मा चार्ल्स होवर्ड बरीले सगरमाथा आरोहण गरेर फर्केपछि उनले पत्रकारहरूलाई सम्बोधन गर्दै हिममानवको पाइला पाएको जानकारी गराएका थिए।[141] सेर्पाहरूले यी पाइलाहरूलाई 'मेतोह-काङ्मी' भन्ने गर्दछन्। जसको अर्थ 'मानव-भालु वा हिममानव' हो।[142] प्रस्तुत कथामा कथाकारले अनुसन्धानका निम्ति आएका वैज्ञानिकहरूले हिममानवको पाइलाका डोबहरू पाएको कुरालाई कथात्मक रूपमा देखाएका छन्। प्रो हेनरिचका दलले हिममानवलाई भेटाएको प्रसङ्ग कथामा वर्णित छ। यी वैज्ञानिकहरूले हिममानवलाई पक्रिन सिकारमा प्रयोग गरिने विभिन्न उपकरणहरूको प्रयोग

---

[138] नियति सक्सेना, सन् २०२०, 'हिडेन इन द हिमालयस : अ मिथिकल क्रिएचर कल्ड द यति', स्रोत- https://.onhisowntrip.com 07/07/2022, 11:17

[139] अनिन्द दास, सन् २०२०, 'हिस्ट्री अव् द यति : इज दि इन्डियन बिगफुट जस्ट अ हिमालयन लेजेन्ड अर अ रियल एनिमल', स्रोत- www.timesnownews.com 15/02/2020, 13 : 39

[140] उही,

[141] उही

[142] उही

गरेका छन्। तर यहाँ सिकार गरिनाका उद्देश्य वैज्ञानिकहरू हिममानवको खोजीमा आएर अनुसन्धानात्मक कार्य सम्पन्न गर्नाका लागि भन्ने कुरा स्पष्ट हुँदछ।

### ४.१.२.२ शक्ति प्रदर्शन

सिकारलाई शक्ति प्रदर्शनको माध्यम मानिन्छ। कुनै पनि व्यक्तिले आफ्नो शक्तिको परिचय दिन सबैभन्दा शक्तिशाली पशुको सिकार गर्दछ। इन्द्रबहादुर राईको 'जार : भएकै एउटा कथा'-मा रुद्रमानले त्यही देखाउन बाघलाई मारेको प्रसङ्ग छ। रुद्रमानले बाघको सिकार गरेको देखेर हर्षजितले 'आजदेखि तँ मर्द भइस्' भन्छ। पुरुषार्थ नै शक्ति प्रदर्शनको मूल कारक रहेको देखिन्छ। 'डरछेरुवा सिकारी हुँदैन' भन्ने मान्यता सिकारीहरूमा आज पनि पाइन्छ। यस्तै शक्ति प्रदर्शनमा आधारित भारतीय नेपाली कथाहरू प्रदीप गुरुङको 'लाजुम रानी, सुनाखरी र डालिम गढी', प्रेम योञ्जनको 'मान्छे मार्ने बाजी'-लाई लिन सकिन्छ।

प्रदीप गुरुङको 'लाजुम रानी, सुनाखरी र डालिम गढी' कथा भुटानको ऐतिहासिक घटनामा आधारित छ। भुटानी सेनाहरूमा आहारका लागि वन्य पशुलाई मार्ने अनि सिकार गर्ने सेनालाई राजाले मान सम्मान दिने प्रचलन थियो भन्ने कुरा यस कथनबाट प्रस्ट हुन्छ-

*जङ्गलमा पालैपालो हुद्दा बनाई सिकारको लागि सेनाको टुक्री पठाइन्छ। सानो होस् वा ठुलो-आएपछि एउटा न एउटा सिकार लानै पर्छ। आज जस्तो ठुलै सिकार लान सके सेनामा त्यो टुक्रीको मान इज्जत बढ्ने चलन छ।* यसर्थ, आउने जतिले कि त मिथुन नै लडाउँछन्, कि त अर्ना नै ताक्छन्।

(पृ. ११४)

भुटानी सेनामा सिकारलाई एउटा शक्ति प्रदर्शन गर्ने माध्यम ठान्दथे। यसै उनीहरू सिकार गर्न आउँदा अर्ना वा मिथुनजस्ता ठुलो पशुको सिकार गर्न रुचि राख्दथे। 'नाकु' यस कथाको प्रमुख पात्र हो। ऊ सेना भएर सिकार गर्न जङ्गलमा आएको छ। एक हुल जङ्गली गाई, गोरु र अर्नाहरू जङ्गलदेखि पानी खान आउँदा उसले घुयेँत्रोमा ढुङ्गा हालेर एकैपटकमा अर्नाको सिकार गर्छ। यसरी अर्नाको सिकार गरेका कारण भुटानी नागरिकहरूले उसको सम्मान गर्दै प्रशंसा गर्छन्। ठुलो पशुको सिकार गर्ने व्यक्तिलाई राजाले सम्मान गरेको प्रसङ्ग कथामा यसरी आएको छ। जस्तै,

*'यति ठुलो सिकार लडाउने बहादुर को हो? राजाले सोधे।*

*'नाकु हो, हजुर।'*

*अर्को सिकारी बोल्यो। नाकु अघि आएर दस्तुर अनुसार अभिवादन जनायो। दीयाहरू जलाउने आइमाईहरू एक सुरमा पहाडी धुन निकाली गाउन थाले। गीतमा बहादुरको प्रशंसा होला।...*

*आइमाईहरूले गाएकै बिचमा राजाको ठुलो स्वर आयो- ''एकै गुयेत्रोमा मिथुन लडाउने नाकुले फिरङ्गीहरूलाई सखाप पार्ने छ। आजदेखि नाकु लड्ने बहादुरहरूको मुखिया भयो।''*

(पृ. ११६)

कुनै पनि देशको सेनामा भर्ती हुनालाई सबैभन्दा पहिला उसको योग्यता जाँचिन्छ। सेनाहरूले आफ्नो योग्यता एवम् बहादुरी देखाउन सिकारमा गएको घटनालाई महत्त्वपूर्ण मानिथ्यो भनी इतिहासमा उल्लिखित छ। १९औँ शताब्दीमा अमेरिकी राष्ट्रपति रुजबेल्टले 'सिकारमा जानु र युद्धमा जानु एउटै हो' भन्ने कथनले पनि सिकार र सेनाको सम्बन्ध अन्योन्याश्रित छ भन्ने बुझिन्छ। यही नियम प्रदीप गुरुङको 'लाजुम रानी, सुनाखरी र डालिम गढी' कथाका पात्र भुटानी सेनासित मिल्न जान्छ, कारण बहादुरीका साथ सिकार गर्ने व्यक्तिले अङ्ग्रेज फौजसँग पनि लड्न सक्छ भन्ने विश्वास भुटानी राजामा पनि थियो।

प्रेम योञ्जनको 'मान्छे मार्ने बाजी' कथामा पनि अतिमान वा सिकारीको बहादुरी देखाइएको छ। अतिमानले भालु, बाघ जस्ता हिंस्रक पशुहरूको सिकार गरेको कुरा उनको यस भनाइबाट स्पष्ट हुन्छ-

*''नाथु भालु त के हो।'' नसाको सुरमा सुरिएर सिकारी बितेको घटना सुनाउन लाग्यो, पोहोर आ...ने परार त हो, दसहाते बाघलाई दुई गोलीमा सिताएको टुङसुङ केही नथापी हो। बन्दुक यै हो, हात यै हो, ज्यु!*

(पृ. १०८)

यस उद्धरणमा 'नाथु भालु त के हो' भन्ने वाक्यांशबाट उसले आफ्नो शक्तिको प्रदर्शन गरेको देखिन्छ। यसबाहेक उसले कुनै टुङ वा मचान नथापी बाघलाई मारेको प्रसङ्गले उसको व्यक्तित्वलाई देखाइएको छ।

### ४.१.२.३ व्यापार वाणिज्य

भारत प्राकृतिक सम्पदाले सम्पन्न देश हो। यसै कारण भारतलाई 'सोने का चिडिया' भनिन्थ्यो। यहाँका वनहरूमा परिवेशअनुकूल बाघ, सिंह, मृग, हात्ती, गैँडा, बनेल, भालु, चौरी गाई, अर्ना, कस्तुरी मृग तथा हाब्रे (पान्डा) जस्ता विविध प्रकारका वन्यजीवहरू पाइन्छन्। भारत स्वतन्त्र हुनभन्दा अघिसम्म अङ्ग्रेजहरूले व्यापारका निम्ति यहाँका धेरै पशु प्राणीहरूको सिकार गरेको उल्लेख इतिहासमा पाइन्छ। तर भारत स्वतन्त्र भएपछि सन् १९७२ को वन्यजीव ऐनअनुसार भारतमा सिकारमाथि पूर्णतः प्रतिबन्ध लाग्यो। त्यसपछि भने भारत सरकारले वन्यजीवहरूको संरक्षणका निम्ति विभिन्न राष्ट्रिय उद्यानहरूको निर्माण गर्न थालिएको पाइन्छ। तर विश्व बजारमा आज पनि वन्यजीवहरूको माग दिन प्रतिदिन बढ्दै गइरहेको छ। यस कारण आज तस्करीहरूले यी राष्ट्रिय उद्यानहरूबाट पनि पशु प्राणीको सिकार गरी व्यापार गरिरहेको देखिन्छ। विष्णुलाल उपाध्यायले 'त्यो अविस्मरणीय दिन' कथामा काजीरङ्गा राष्ट्रिय उद्यानबाट पशुहरूको तस्करी गरेको विषयलाई लिएर कथा लेखिएको छ।

असमको 'काजीरङ्गा नेसलन पार्क' भारतको प्रसिद्ध राष्ट्रिय पार्क हो। यहाँको एकसिङे गैँडा विश्वमा प्रसिद्ध छ। यहाँ हात्ती, बाघ, मृगदेखि लिएर अन्य विभिन्न किसिमका जीव जन्तुहरू पनि छन्। कतिपय तस्करीहरूले यहाँका पशु प्राणीहरूको पनि सिकार गरेको घटना यदाकदा सुन्न पाइन्छ। विश्व बजारमा गैँडाको सिङ र हात्तीको दाँतको मूल्य अधिक भएकाले यसको तस्करी गर्न आउने गर्दछन्। यस्तै तस्करीहरूका विरुद्धमा चलेको मुठभेटलाई कथाकारले वर्णन गरेका छन्-

*त्यो दिनको कुरा; अँधेरी रात; झमझम पानी परिरहेको छ। नजिकै ड्याम्म बन्दुक पड्किन्छ। वनपाले (फरेस्ट गार्ड)-हरूसँग सिकारी फेला पार्न गोठ पाल्नेहरू दगुरेका छन्। सिकारीको बन्दुकको गोली भट्टराई बाको कानका छेउबाट गएजस्तो लाग्यो। पहिले सिकारीको नाउ पक्रे अनि जङ्गलमा पसेर टर्चको उज्यालोले सिकारीहरूलाई पक्रन सफल भएका थिए।*

(पृ. १७१)

यस उद्धरणमा तस्करीहरूले राष्ट्रिय उद्यानबाट हात्तीको दाँत, गैँडाको सिङ आदिको तस्करी गरेको देखिन्छ। यी तस्करीहरूलाई पक्रिन वनपाले (फरेस्ट गार्ड)-हरूसँग स्थानीय मानिसहरू पनि गएको अनि सबै मिलेर तस्करीलाई समातेका घटना प्रस्तुत छ।

त्यसरी नै शिवकुमार राईको 'माछाको मोल' पनि व्यापारका निम्ति सिकार गरेको प्रसङ्गमा आधारित कथा हो। यो कथाको पात्र रनेले माछाको व्यवसाय गरेर घर, गृहस्थी जीवन चलाउने इच्छा गरेको पाइन्छ।

### ४.१.३ विधिका आधारमा

#### ४.१.३.१ परम्परागत

परम्परागत उपकरणहरूको प्रयोग गरेर सिकार मारेको प्रसङ्ग कतिपय भारतीय नेपाली कथामा आएको पाइन्छ। यी कथाहरूमा विशेष गरी भाला, बर्छा, बाँस, जाली, घुयेँत्रो, बन्चरो, आगो आदि उपकरणहरूको प्रयोग गरिएको पाइन्छ। शिवकुमार राईको 'माछाको मोल', हायमनदास राई 'किरात'-का 'वारूणी' र 'दिलवाला', प्रदीप गुरुङको 'लाजुम रानी, सुनाखरी र डालिम गढी', कृष्णसिंह मोक्तानको 'अज्ञात वीर' आदि कथामा पारम्परिक हतियारद्वारा सिकार गरेको पाइन्छ।

शिवकुमार राईको 'माछाको मोल' कथामा रनेले पारम्परिक विधिद्वारा माछाको सिकार गरेको प्रसङ्ग छ। जस्तै,

*रनेले लेउले लिपिएका ढुङ्गामाथि उभिएर यताउति हेर्न लाग्यो। घरुवा जस्ताको तस्तै रहेछ, तर तल दोभानको मुनि भने बाढीले बगाएर लगेछ। एकपटक 'सुइ' गरेर रनेले निराशको सास फेर्‍यो। पुडका मानिस रने फुत्तैफुत्तै हाम फाल्दै निक्कै तलसम्म गयो। गोब्रे दहमा पानी निक्कै बढेको सेतो फिँज फनफनी घुमेको देखी रनेले एक पटक हातको जाललाई मुझाएर बाहिर निकाल्यो। रोढा, बालुवा झारपात सँगसँगै सोहिएर आएका दस बाह्रवटा माछा बगरमा छटपटिन लागे।*

(पृ. ८४)

पहाडी परिवेश हुनाले यहाँ जीवन धान्ने रनेजस्ता निम्न वर्गीय पात्रले आफ्नो सामर्थ्य अनुसारकै विधि प्रयोग गरी सिकार गरेको पाइन्छ। अन्य विधिका तुलनामा पारम्परिक विधिमा सिकारका निम्ति धेरै परिश्रम गर्न पर्ने हुँदछ। माथि प्रस्तुत गरिएका उद्धरणबाट पनि यो कुरा पुष्टि हुँदछ।

पारसमणि प्रधानको 'साढे सातको कथा'-मा माइला मगरले गुगेली, मटेङ्ग्रा, धनु-काँड र धराप आदि पारम्परिक विधिद्वारा मृग, जरायो, घोरलहरू साथै हुकुस, धनेस, ढुकुर, मुनाल, सिम-कुखुरा, डाँफे

आदि पशु पन्छीको सिकार गरेको प्रसङ्ग छ। यसबाहेक उनीहरूले जङ्गलका हिंस्रक पशुहरूबाट बाँच्नका निम्ति पनि सिकारमा पारम्परिक विधिको प्रयोग गरेको देखिन्छ। जस्तै,

*बाघले दुःख दिएको हुनाले एकदिन गोठालाहरू मिलेर बाघ हिँड्ने गौँडामा दर्जन थाप्ने प्रबन्ध मिलाउँदै थिए,*

(पृ. १६९)

जङ्गलमा गोठ बनाएर बसेका मानिसहरूले वन्यजीवहरूबाट आफू र घर पालुवा पशुहरूको रक्षा गर्न दर्जन वा पासो थाप्न पनि पारम्पारिक विधि नै अपनाएको देखिन्छ। पारसमणि प्रधानको 'साढे सातको कथा'-मा पनि यस प्रकारका उल्लेख पाइन्छ।

हायमनदास राई 'किरात'-को 'वारूणी' कथामा पारम्परिक विधिद्वारा सिकार गरिएको कुरा यस प्रकारले देखाइएको छ-

*ऊ रुखको आडमा लुकी अनि डोरी भैँसीतिर फाली। पासो त्यसको सिङ्गमा अल्झियो। त्यो पशुलाई आफ्नो सम्पूर्ण बल लाएर त्यो दैत्य नारीले घसारिल्याएर बलियो रुखमा बाँधी तर अर्को पासो पनि त्यसको सिङ्गमा अल्झियो।*

(पृ. १३१)

आदिम कालदेखि मानिसले बाँच्नलाई पनि सिकार गर्न आवश्यक थियो। सिकार पुरुष र स्त्री दुवैले गर्दथे। कथाकार 'किरात'-को 'वारूणी' कथा आदिम परिवेशलाई लेखिएको छ। उनका कथाका पात्रहरूले सिकार गर्दा ढुङ्गाको बन्चरो, भाला, घुयेँत्रो तथा छालाको पासो आदिको प्रयोग गरेर गरेको देखिन्छ।

मानिस घुमन्ते प्राणी हो। गाई, बाख्रा आदिलाई चराउँदै कहिले लेक र कहिले बेँसी गरी विभिन्न ठाउँमा पुग्थे। नेपाली समाजका मानिसहरू पनि जङ्गल-जङ्गल गाई वस्तु चराउँदा विभिन्न हिंस्रक पशुहरूले उनीहरूलाई आक्रमण गर्थे। आकस्मात आफूमाथि आइपरेका ती जङ्गली पशुको आक्रमणबाट बाँच्न उनीहरूले बाँस, ढुङ्गालाई हतियार बनाएर त्यसको सामना गर्थे। हायमनदास राई

'किरात'-को 'दिलवाला' कथामा राजमान र पदमफुलले जङ्गलमा बाख्रा चराउँदा जाँदा बाघ गर्जेको आवाज सुनेर राजमानले बाँसको भाला र बाँसकै धनु-काँड जस्ता हतियार आफ्नो प्राण बचाउनलाई तयारी राखेको छ-

*राजमानले धनु उठायो अनि दुईपल्ट जसो धनुको ताँदो फडकार्‍यो अनि एउटा बाँसको तीर ताँदोमा चडाएर त्यसलाई ताकेर हान्यो।*

(पृ. २९)

नेपालीमा धनु-काँड किराती संस्कारसँग जोडिएको छ। कथाकार स्वयम् यस सम्प्रदायका हुनाले उनले आफ्नो कथामा सोही हतियारको वर्णन गरेका छन्।

सिकारीहरूले वन्य प्राणीहरूको आक्रमणद्वारा आफ्नो ज्यान जोगाउन आगोको पनि प्रयोग गर्छन्। जस्तै, कृष्णसिंह मोक्तानको 'अज्ञात वीर'-कथामा मधेसका जङ्गलमा वन्यजीवहरू धपाउन जेठा राईले आगो बालेर र राँको बालेर आफ्नो र सिकारीहरूको पनि ज्यान बचाएको छ। जस्तै,

*बत्तीको उज्यालो र राँकोको ज्वाला साह्रै नजिक भयो। जङ्गल हल्लिएजस्तो लाग्यो, छेउमा गएर हेरेको त अच्चम! एउटा जीप गाडी कोल्टे परी भासिएछ, ठुलो कालो हात्ती आफ्नो सुँडले बलले गाडी पल्टाउने चेष्टा गर्दै रहेछ। तिनजना बाबुहरू भुईंमा लडिरहेका जीप गाडी पल्टाउने गर्दै हात्ती बेला बेलामा कराउँदै थियो क्वाँ...क्वाँ...क्वाँ। लौ त मेरो पालो अब भन्दै मैले राँको उचालेर हात्तीको आँखाअघि नचाएर हट हट गरेँ तर एकैचोटि पर्वत ममाथि खस्यो...म भुईंमा चित भएँ, तलबाट राँको हल्लाएर उठे हात्ती कराउँदै जमीन थर्काउँदै भाग्यो।*

*चारैतिर हात्तीका ठुला ठुला पाइला, रुखपात सोहोरेर हिँडेको दाग स्पष्ट थियो। अचेत अनि रगतले सारा शरीर मुछिएको बाबुको काँधमा बन्दुक थियो अर्का चलमलाउन खोज्ने बाबुको हातमा पनि बन्दुक। मैले बुझिहालेँ सिकारीहरू फन्दामा। गाडीको बत्ती बलिरहेकै थियो। तिनीहरूप्रति मलाई कता कता माया लागेर आयो। होसमा आएका बाबुले मलाई छेउमा बोलाएर डराउँदै भने- हामीलाई माफ गर्नुहोस्, हामीहरू जङ्गल पसेको कसैले थाहा पाए सर्वनाश हुनेछ, हाम्रो गाडी, बन्दुक अनि नोकरी स्वाहा हुनेछ, यो गुप्त रहोस्।*

(पृ. १०६)

प्रस्तुत कथा मानव र वन्यजन्तु माझका सङ्घर्षमा आधारित छ। मानव र पशुमाझ सङ्घर्ष हुने प्रमुख कारण कृषि विस्तार हो। कथाकार मोक्तानले धेरै समय तराई वा डुवर्सका ठाउँतिर बिताएका हुनाले उनले त्यहाँका स्थानीय मानिसको जीवनशैलीलाई अति नजिकबाट देखेका छन्। यो कथा डुवर्सका विभिन्न ठाउँहरूमा जङ्गल फाँडेर बस्ती बसाइँ मकै, कोदो, आलु, पाट आदिको खेती गरी जीवन निर्वाह गरेका नेपालीहरूको विषयमा लेखिएको छ। जङ्गलमै बसेका हुनाले उनीहरूले सधैँ वन्य पशुहरूको सामना गरिरहनु परेको र मदेसमा मानिसहरूले हात्ती वा अन्य वन्यजीवहरूको आक्रमणदखि बाँच्न आगोको प्रयोग गरेको पाइन्छ। 'अज्ञात वीर' कथाको पात्र जेठा राईले राजाभातखोवाको जङ्गलमा सिकार खेल्न आएका बाबुहरूलाई हात्तीको मुखबाट बचाउन आगोको प्रयोग गरेको देखिन्छ।

प्रदीप गुरुङको 'लाजुम रानी, सुनाखरी र डालिम गढी' कथामा भुटानी सेनाले अर्नाको सिकार गर्दा प्रयोग गरेको विधिलाई पनि पारम्परिक नै मान्न सकिन्छ। यस कथाका प्रमुख पात्र नाकुले घुयेँत्रोले हिर्काएर अर्नाको सिकार गरेको देखिन्छ। कथामा यस घटनालाई यसरी प्रस्तुत गरिएको छ-

*जनवारहरूको खुर दहिलो भुईँमा बज्रेको आवाज कम हुँदै जाँदा सोही अनुरूप धुलोको कुइरो पात्लिँदै गएको भित्र एउटा मिथुन गोरु हुद्दाको गतिलो नाइके जस्तो भएर उभिन्छ। धुलोसरि भएको आकासलाई सिङ्ग हल्लाउँदै उँभो सुँघछ, मोटा मोटा खुरले भुईँ खोदल्दछ- धुलोसरि। साँझ र जङ्गलको सुनसानमा एकपटक डुँग्रिएर मिथुन गोरुले दिएको यो चुनौती कसलाई दिइएको हो- वन मान्छे जस्ता मान्छेहरूले बुझ्दैनन्। एउटाले मुख चुच्चो पारे घुयेँत्रोको बिचमा बडेमाको पन्जाभरि आँट्ने ठुलो गोलो ढुङ्गा हालेर गुयेत्रो घुमाउन लाग्यो। गतिले तीव्रता पक्रे पछि गुयेत्रो छोडी पठायो-मच्चिएर। आकास सुँघिरहेको मिथुन गोरुको रागपाटे निधारमा गुयेत्रोको ढुङ्गा गएर बज्रियो।*

(पृ. ११३-११४)

भुटानी राजाले युद्धको आपतकालीन स्थितिको गम्भीर संज्ञान लिँदै सेनालाई खाद्य विपतिबाट बचाउन सेनाको टुक्रीलाई आहारको खोजीमा पठाएको देखिन्छ। ती सेनाको टुक्री देशको समतल क्षेत्रमा फैलिएको विशाल जङ्गलमा अर्नाको सिकार गर्न आएको पाइन्छ। ती सेनामा एउटा नाइकेले जङ्गलबाट पानी खान आएको एक हुल अर्नाको सिकारमा घुयेँत्रो प्रयोग गरिएको छ।

#### ४.१.३.२ आधुनिक

भारतीय नेपाली कथामा सिकारका निम्ति पारम्परिक हातहतियारका साथै आधुनिक हतियारहरूको पनि प्रयोग गरिएको पाइन्छ। शिवकुमार राईका 'हिउँले पुरेको रहस्य' र 'ज्यानमारा?', प्रेम योञ्जनको 'मान्छे मार्ने बाजी', असीत राईको 'एउटा महापुरुषको अन्त्य' आदि कथाका सिकारीहरू पहिलो अनि दोस्रो विश्वयुद्ध लडेका सैनिकहरू नै सिकारीका रूपमा चित्रित छन्। यी भूतपूर्व सैनिकहरूले आफूसँगै भएका बन्दुकद्वारा सिकार गरेको देखिन्छ। असीत राईको 'एउटा महापुरुषको अन्त्य' कथामा भूतपूर्व सैनिकले बन्दुकले सिकार गरेको प्रसङ्ग निम्न रूपमा आएको छ-

*मेरो आलुबारी जोतेर तहस-नहस पार्ने शैतानलाई आज राति भने एक नाले बन्दुकले लडाई छोडे; झन्डै पचास किलोको रहेछ।*

*...सुवेदार बुढाले सुबेदारी गफ सुरु गर्छ।*

(पृ. १२४)

प्रस्तुत संवादमा सुवेदारले सेनावृत्ति भएपछि गाउँमा आएर खेतीबारी गरेको स्पष्ट हुन्छ। सुवेदारलाई वन्यजीवहरूले दुःख दिएकाले तिनको सिकारका निम्ति बन्दुक तथा अन्य प्रकारका हतियारहरू आफूसँग राखेको थाहा पाइन्छ। यस्तै सुवेदारले आफ्नो खेती नष्ट गर्न आएको बनेललाई मारेर खाएको कुरा यस कथामा उल्लिखित छ। यसबाहेक सिकारका लागि पोली, एसिड, खोर, फलामका साङ्लाहरू आदिको प्रयोग गरिन्छ। आधुनिक हतियारको सहायताले सिकार गरेको कुरा शिवकुमार राईको 'हिउँले पुरेको रहस्य' कथामा पनि यसरी आएको छ-

*त्यहीँ नै त्यस रात क्याम्प हाल्ने निश्चय भयो। कोही तम्बुहरू गाड्न लागे त कोही पोखरीका वरिपरि खोरहरू जोड्न लागे, स्प्रिङ्गका धरापहरू लहरै थापिए। रात पर्दा नपर्दै जम्मै व्यवस्था पुरा गरिए।*

(पृ. २९)

कथामा अनुसन्धान गर्न आएका वैज्ञानिकहरूले हिममानवलाई देखेको वर्णन यसरी गरिएको छ- 'हिममानवको विशाल शरीर, ससाना हात र खुट्टा र डरलाग्दा आँखा र दाँतहरू भएका अनुहार थिए अनि हेर्दा भालुजस्ता देखिन्थे।'[143]

### ४.१.४ पद्धतिका आधारमा

#### ४.१.४.१ हिर्काएर गरिने सिकार

भारतीय नेपाली कथामा वन्यजीवहरूलाई बन्दुक, घुयेँत्रो, भाला, धनु-काँड आदि हतियारले हिर्काएर सिकार गरेको प्रसङ्गहरू पनि आएको छ। यस्ता हतियारहरूको प्रयोगद्वारा गरेको विषयमा आधारित शिवकुमार राईका 'ज्यानमारा?', 'तिब्बतको हुलाक-पथ', 'हिउँले पुरेको रहस्य', हायमनदास राई 'किरात'-का 'जुडिथ', 'वारूणी', 'दिलवाला', एम एम गुरुङको 'दामसाङगडीको भुईं भालू', इन्द्रबहादुर राईको 'जयमाया आफू मात्र लेखापानी आइपुगी', प्रेम योञ्जनको 'मान्छे मार्ने बाजी' असीत राईको 'एउटा महापुरुषको अन्त्य', विष्णुलाल उपाध्यायको 'त्यो अविस्मरणीय दिन' आदिलाई लिन सकिन्छ।

कथाकार शिवकुमार राईका कथाहरूमा सिकारीहरूको हुलिया प्रायः एक समानको देखिन्छ। जस्तै,

रने यस्तो देखिन्छ- *'पुडको खँदिलो मानिस, औधी पुरानो कालो जीनको दौरा लगाएको तर दस ठाउँ टाले पनि त्यस लुगालाई झुत्रा भन्नु पर्ने, धर्के कालै इष्टकोट पुरै सेतो टाँकको लहर, रङ्ग उडिसकेको, पुरानो खाँडीको टोपी पाँसुलामाथिसम्म सुरुवाल सुर्काएको, रने एक छाँटको देखिन्थ्यो।'*

('माछाको मोल', पृ. ८४)

कुले यस्तो छ- *'पुडको-पुडको, छिटो छरितो र खँदिलो मानिस थियो।'*

('तिब्बतको हुलाक-पथ', पृ. २)

उजिरमान कथामा यस्तो देखिन्छ-*'पुडको पुडको खँदिलो मानिस, छेपारीमा मासु सुम्लै परेर थुप्रिएको, हातका पाखुराहरू बटारिएका थिए, अझ पनि बडो फुर्तिलो र छरितो देखिन्थ्यो।'*

('ज्यानमारा', पृ. ५०)

[143] उही,

यसरी उनका कथाका सिकारी पात्रहरू पुडको पुडको, खँदिलो र छरितो किसिमका छन्। कथाकारले आफ्ना कथाहरूमा सिकारीहरूको जात वा थरको कुनै वर्णन नगरे तापनि यी सिकारीहरूको शारीरिक बनावट र हाउभावबाट उनीहरू विशेष किराती वा मङ्गोल वंशका हुन सक्ने अनुमान लगाउन सकिन्छ।

राईको 'तिब्बतको हुलाक-पथ' कथामा कथाकारका पिताले अङ्ग्रेजको समयमा तिब्बतको र सिक्किमको सिमानामा रहेको नाथङ भन्ने ठाउँमा डाकघरमा जागिर गर्दथे। त्यहीँ जागिर गर्दा उनको अति प्रिय कर्मचारी कुलेलाई छुट्टीको समयमा बन्दुक दिएर कस्तुरी, कालिज, घोरल आदि पशु प्राणीहरूको सिकार गरी ल्याउने गर्दथे। त्यसरी नै राईको अर्को कथा 'ज्यानमारा?'-मा पनि उजिरमानले बन्दुककै सहायताद्वार मृग, कालिज आदि मारेको देखिन्छ। यस कथामा उजिरमान दोस्रो विश्व युद्ध लडेका भूतपूर्व सैनिक भएकाले उसका निसाना कहिल्यै चुक्दैन थियो। यस कारण कहिलेकाहीँ गाउँका मानिसहरूले मासु खान मन लागे उसको पछि लागेर सिकारमा जाने गर्दथे।

हायमनदास राई 'किरात'-को जुडिथ कथामा डग्लस र एडिथले बन्दुकद्वारा अर्नाको सिकार गरेको पाइन्छ। त्यसरी नै उनको 'वारूणी' कथा किराती मुन्दुमको पृष्ठभूमिका रहेको छ। मुन्दुम किरात जातिको उत्पत्तिमा केन्द्रित छ। उत्पत्ति कालमा मानिसहरू जङ्गली प्रवृत्तिका थिए अनि उनीहरूले बाँच्नका निम्ति सिकार गर्ने गर्दथे। आदिम कालमा मानिसहरूले भाला तथा घुयेँत्राले हिर्काएर अर्ना तथा खरायो आदिलाई मारेर खाएको देखिन्छ।

प्रेम योञ्जनको 'मान्छे मार्ने बाजी' कथामा सिकारलाई आत्मसमानका दृष्टिले हेरिएको पाइन्छ। यस कथाका अतिमान पात्रले बाघ, भालु, मृग तथा अन्य विभिन्न पशु प्राणीहरूको सिकार गरिसकेका छन्। कथामा बन्दुकले सिकारीको स्वाभिमानलाई देखाएको छ। यसबाहेक एम एम गुरुङको 'दामसाङगडीको भुईंभालू' कथामा जङ्गलबाट गाउँमा मकै खान पल्केको भालुलाई म पात्रले बन्दुकले मारेको घटना छ।

### ४.१.४.२ जाली वा पासो लगाएर गरिने सिकार

नेपाली समाजमा जाली, पासो वा दर्जन थापेर पनि सिकार गर्ने प्रचलन रहेको देखिन्छ। यी उपकरणहरूका सहायताले माछा, पन्छी आदिदेखि बाघ, हात्तीजस्ता ठुला पशुहरूलाई समात्नका निम्ति प्रयोग गरिएको

पाइन्छ। जाली वा पासोले सिकार गरेको प्रसङ्ग पनि भारतीय नेपाली कथामा आएका छन्। यीमध्ये शिवकुमार राईका ‘माछाको मोल’, ‘हिउँले पुरेको रहस्य’, पारसमणि प्रधानको ‘साढे-सातको कथा’ आदि कथाहरू प्रमुख छन्।

शिवकुमार राईको ‘माछाको मोल’ कथामा रने माझीले सिकारका क्रममा घरुवा र जालीको प्रयोग गरेको छ। अर्को कथा ‘हिउँले पुरेको रहस्य’-मा हिमालयमा बस्ने हिममानवको खोजी तथा अनुसन्धान गर्न आएका वैज्ञानिकहरूले साङ्ला, फलामको खोर आदि थापेको पाइन्छ भने पारसमणि प्रधानको ‘साढे-सातको कथा’-मा जङ्गलमा गोठ बनाएर बसेका भोटे गोठालाहरूलाई बाघले दुःख दिएका हुनाले उनीहरू मिलेर पासो वा दर्जन घटना वर्णित छ।

### ४.१.४.३ खेदेर गरिने सिकार

सिकारका विविध पद्धतिहरू छन्। यसमध्ये खेदेर गरिने सिकार पनि एउटा हो। भारतीय नेपाली कथाहरूमा पनि यस पद्धतिको प्रयोग गरेर लेखिएका कथाहरू यथेष्ट रूपमा पाइन्छन्। हायमनदास राई ‘किरात’-को ‘वारूणी’, ‘जुडिथ’, एम एम गुरुङको ‘दामसाङगडीको भुईं भालू’ आदि कथाहरू यसका प्रतिनिधि कथाहरू हुन्।

हायमनदास राई ‘किरात’-को ‘वारूणी’ कथामा अर्ना वा जङ्गली भैँसीलाई खेदेर सिकार गरेको प्रसङ्ग कथामा यसरी आएको छ-

*विद्युता अति वेगले दगुरिरहेकी थिई। वन पथ, यसरी नै यहाँ मानिसहरू कुदिरहन्छन्। साना तिना रुख लहराहरू यिनीहरूको दौडाइमा परेर उखेन्थे, चुँडिन्थे तर ती कुद्नेहरू केही हुन्नथे। उसका दुवै हात सामु सिधा पारेका थिए, उसको कपाल पनि त्यसर नै सामुतिर निहुरिएको थियो। उसका हातमा भाला अनि बन्चरो थिए। ती प्रस्तर हतियारसँगै बेतको डोरी पनि थियो। उसको छाती, आङ्ग अनि घाँटी चर्मस्त्रानले सुरक्षित थियो तर हा पाखुरा नाङ्गा थिए। एकाएक उसको सामु भीषण अर्ना ‘‘फु’’ गरेर गर्जन्दै निक्ल्यो अनि आक्रमण गर्न ऊतिर झम्ट्यो। ऊ रुखको आडमा लुकी अनि डोरी भैँसीतिर फाली। पासो त्यसको सिङ्गमा अल्झियो।*

(पृ. १३१)

प्रस्तुत कथांशमा आदिम समाजको चित्रण पाइन्छ। आदिम युगमा सिकारका निम्ति प्रयोग गरिने सामग्रीहरू जस्तै ढुङ्गाको भाला, बन्चरो आदिको समावेशले यस कथालाई अन्य कथाभन्दा भिन्न बनाएको छ। सिकार गरिने पद्धतिलाई यस कथामा पनि देखाइएको छ। यस कथामा प्रमुख विद्युता पात्राले अर्नालाई खेदाउँदै सिकार गरेकी पाइन्छ।

'किरात'-को अर्को कथा 'जुडिथ'-मा पनि खेदाएर सिकार गरेको प्रसङ्ग आएको पाइन्छ। यस कथामा डग्लस र एडिथ दुईजना प्रेमी-प्रेमिकाले छुट्टीको समय निकालेर अर्नाको सिकार गरेको प्रसङ्ग छ। उनीहरूले घोडामा चढेर अर्नालाई खेदाउँदै सिकार गरेको देखिन्छ।

एम एम गुरुङको 'दामसाङगडीको भुईं भालू'-मा भालुलाई मारेको घटना छ। यस कथामा 'म' पात्रले धेरै वर्षअघि दामसाङगढीमा मकै खान पल्केको भालुलाई सिकार गरेको देखिन्छ।[144] यस कथामा म पात्रबाहेक चौकीदार, वाङ्दी, दावा, शङ्खे, भालुमारा, आदि पात्रहरू राति भालुलाई रुग्न बसेको घटनाको वर्णन पाइन्छ। म पात्रले राति भालु मकै खान आएको थाहा पाएपछि बन्दुक पड्काएर घाइते बनाइदिन्छ। यसरी घाइते भएर भालु भागेपछि त्यस भालुलाई पछयाउँदै मारेको घटनामा कथामा यसरी लेखिएको छ-

*मेरो पुरा ध्यान भालुपट्टि थियो; घाइते मात्र भयो भने बडो डरको कुरा थियो। वाङ्दी र म भालु दगुरेको पट्टि पैलाउँदै अघाडि बढ्यौँ अनि वरतिर आँगनमा रगतको आहाल देख्दा निक्कै गजबले नै भेट्टाएछ भनी ठान्यौँ। बन्दुक र भालुको गर्जनले मध्यरातमा पनि मान्छेहरू उठ्नलाई बत्ती यता-उता बालेको देख्यौँ र मैले ठुलो आवाजमा भालु घाइते भएको छ कोही बाहिर ननिस्किनु भन्ने गाउँलाई चेतावनी दिएँ। हामी फेरि अघाडि बढ्न मात्र आँटेका थियौँ तल्लो घरबाट अत्तालिएको स्वर सुन्यौँ "भालुले घर ढाल्न आँट्यो गुहार गर छिटो।" हामी सावधानीसित अघाडि बढ्यौँ अनि अलिक पर गोठ र घरको चेपमा एउटा ठुलो कालो आकार देख्यौँ र त्यो भालु नै हो भनी निश्चय गरी दुई फायर फटाफट चलाई दिए।*

(पृ. ४४)

---

[144] एम एम गुरुङ, सन् १९८२, *टिस्टा बग्छ सँधै जस्तो,* दार्जिलिङ : नेपाली अकादमी, पृ. ४५

वन वन्य प्राणीहरूका निम्ति संसाधन हो। पशु प्राणीले जङ्गली फलफुल आदि खाएर बस्ने गर्दछ। मानिसले काठ दाउरा तथा आवश्यक सामग्रीका निम्ति वन जङ्गल नाश गरिरहेको छ। दिन प्रतिदिन जङ्गल पात्लिदै जाँदै छ। जसको प्रत्यक्ष प्रभाव त्यहाँका वन्यजीवहरूलाई पर्ने गर्दछ। वनजङ्गल सकिँदै गएपछि ती वन्य पशु प्राणीहरू गाउँ-बस्तीतिर आएर खेतीपाती नष्ट गर्ने गर्छ। यस्तै गाउँमा मकै खान आएको भालुलाई मारेको प्रसङ्ग छ। कुनै पनि घाइते जीव कतिको हिंस्रक हुन्छ भन्ने कुरालाई यस कथामा पनि देखाइएको छ। मानिसको कारणले गर्दा वन्यजीवहरू पनि असुरक्षित छन् भन्ने कुरा माथिको कथांशमा भालु मारिएको प्रसङ्गबाट प्रस्ट हुन्छ।

### ४.१.५ सिकारमा प्रयोग गरिने प्रमुख साधनहरू

सुरुमा मानिसहरू सिकार गर्न जाँदा हात्ती, घोडा वा रथ आदि साधनहरूको प्रयोग गर्दथे भने आज आधुनिक हातहतियारका साथसाथै गाडी वा जिप र नाउदेखि ठुल्ठुला जहाजहरूको पनि प्रयोग गरिन्छ। केही कथामा सिकारीहरूले प्रयोग गर्ने विविध साधनहरूको चर्चा पाइन्छ। यीमध्ये विष्णुलाल उपाध्यायको 'त्यो अविस्मरणीय दिन' कथामा सिकारीहरूले नाउको प्रयोग गरिएको देखिन्छ। त्यसरी नै वर्तमान समयमा गरिने सिकारको प्रसङ्गलाई कथाकार बद्रीनारायण प्रधानले यसरी देखाएका छन्-

*सामल-तुमल मिलाउनु, शिकारमा जाने मान्छेहरू बटुल्नु, गाडी ठीक गर्नु इत्यादिम तीन दिन लाग्यो। गाडीमा ड्राइभरबाहेक अरू चारजना थिए।*

(पृ. ७)

यस कथांशमा पोडे दाइ, हरिकृष्ण आदि सिकारीहरू टिस्टा नदी छेउको जङ्गलमा सिकार खेल्न जाँदा गाडीको प्रयोग गरेको देखिन्छ।

त्यसरी नै कृष्णसिंह मोक्तानको 'अज्ञात वीर' कथा डुवर्सका परिवेशमा आधारित रहेको छ। यस कथामा तिनजना बाबुहरू मध्यरातमा राजाभातखोवा जङ्गलमा सिकार खेल्न जिप लिएर जान्छ। यसबाहेक असमको काजीरङ्गा राष्ट्रिय उद्यानमा हात्ती, गैँडा, मृग तथा बाघ आदिको सिकार गर्न तस्करीहरूले नाउको प्रयोग गरेको प्रसङ्ग पाइन्छ।

### ४.१.६ परिवेश विमर्शका आधारमा

भारतीय नेपाली कथामा प्रकृति विमर्शका दृष्टिले पनि धेरै कथाहरू लेखिएको पाइन्छ। जसमध्ये असीत राईको 'विगतको बादल : वर्तमानको बिहान', इन्द्रबहादुर राईको 'जयमाया आफू मात्र लेखापानी आइपुगी', सुखनमका 'दिन बिग्रेको', 'टल्के आँखा' आदि कथाहरूमा पर्यावरण चेतना रहेको पाइन्छ।

प्रकृतिमा मानिस तथा पशु प्राणी, उद्भिद् आदि सबै मिलेर पारिस्थितिकी तन्त्र सन्तुलित बनेको हुन्छ। प्रकृतिमा मानव तथा मानवेतर प्राणी माझको अन्तर्सम्बन्धलाई इन्द्रबहादुर राईको 'जयमाया आफू मात्र लेखापानी आइपुगी' कथामा यसरी प्रस्तुत गरेको छ-

*यस्तो घोर जङ्गलमा पुगियो जहाँ एउटा चरा कराएन, एउटा पशु देखिएन। त्यति बेला सबैलाई जस्तो पशु पन्छीलाई पनि मानिसको सहारा चाहिँदो रहेछ, मानिसकै आड पाइने टाढासम्ममा मात्र तिनीहरू बस्न सक्ता रहेछन्।*

(पृ. ९८)

युद्धले मानिसलाई मात्र त्रास दिँदैन अथवा मानिसलाई अव्यवस्थित मात्र पार्दैन। यसले मानवेतर समाजमा पनि उत्तिकै प्रभाव पारेको हुँदछ। युद्ध विभीषिकाले मानवीय जीवनसँगै पशु प्राणीका जगत्लाई पनि प्रभावित पार्दछ। मानव अनि मानवेतर प्राणी बिचका सन्तुलनले नै प्रकृति सन्तुलित भएको हुँदछ। पारिस्थितिकीय सन्तुलनको उत्तरदायित्व केवल पशु प्राणी र उद्भिद् जगत्को मात्रै नभएर यसमा मानिसको सहभागिता पनि उत्तिकै आवश्यक हुँदछ। त्यसैले मानिसका लागि पशु प्राणी अनि पशु प्राणीका लागि मानिसका साथ अनि सम्बन्ध आवश्यक हुन्छ भन्ने परिवेश विमर्शले मान्दछ। उक्त उदारहणमा पनि यसैको सङ्केत देखिन्छ। यस कथाको मूल विषय अन्य भए तापनि कथाको यस भागले कथाकार प्रकृतिप्रति सचेत थिए भन्ने सङ्केत गरेको बुझिन्छ। यसमा मानिस र वन्यजीवहरूको सहअस्तित्वलाई देखाइएको छ। यसले पशु पन्छी पनि मानिसको खोपी वा निस एउटै हो भन्ने दर्साउँदछ। यस कारण मानिस पनि पारिस्थितिकी तन्त्रका अभिन्न अङ्ग हो भन्ने प्रमाणित हुँदछ।

बाँच्नाका लागि खानु आवश्यक छ। जीवन बाँच्नका लागि मानिस अनि मानवेतर प्राणीहरूलाई खाद्यान्नको आवश्यकता पर्दछ। पशु प्राणीहरू प्रकृतिले दिएका वा निर्देश गरेका आहारबाहेक अन्य थोक

केही खाँदैन तर मानिसले आफ्नो आहारभन्दा अधिक खाने साथै संसारमा पाइने सबै प्रकारका प्राणीहरू खाने संस्कारको विकास गरेको छ। यसका कारण प्रकृतिमा अप्राकृतिक रूपले असन्तुलन आएको छ। एउटा प्राणी धरतीबाट लुप्त हुँदा पारिस्थितिकीमा कस्तो प्रभाव पर्छ त्यो साधारण मानिसलाई थाहा हुँदैन। त्यस विषयतिर ध्यान केन्द्रित गर्नका लागि असित राईको 'विगतको बादल : वर्तमानको बिहान' कथा उपयुक्त देखिन्छ। यस कथामा पर्यावरण विनाशमा मानिसहरूको ठुलो हात छ भन्ने कुरा यस प्रकारले देखाइएका छन्-

*अघि-अघि त जङ्गल थियो, जङ्गलभरि बाँसघारीहरू थिए, हिउँदका दिनहरूमा बाँस काटेर चोया बनाएर ल्यायो अनि टोकरी, घुम, डोको, डोक्से बुनेर गोदाममा थुपार्ने, पत्तीको सिजनभन्दा बेसी कमाइ हुन्थ्यो। अब हेर्दै हेर्दै अटब्बे बन-जङ्गलहरू उजाड भए, बाँसघारीहरू मासिए। जङ्गलैभरि थिए- लप्सी, क्यामुना, भद्रासे, काउलो, चुरुम्पा, तीते निङ्ग्रो, काली निङ्ग्रो, तामा, गिट्ठा-भ्यागुर....के-के...., तरकारी खोज्न बजार जानै नपर्ने। माछा खान मन लागे, त्यही महानदी, शिवखोला, बाँदरे खोला, छाँगे खोलामा ढडिया थापी राखे को खाने- असला, बुदुना, कत्ले, काब्रे प्रशस्त। मासु खानु परे गुलेली लिएर गए लुइँचे, कालिच, सिमकुखुरा, ढुकुर, भ्याकुरा केको मासु खान्छौ, अहिले बजार मासु बेचेजस्तो, तर त्यो समय सित्थै ल्याऊ-खाऊ। थार, घोरल, मृग, चित्तल, दुम्सी, बनेलजस्ता जन्तु प्रशस्तै हतियारै बिना खेदेर भीरबाट ढुङ्गाले हिर्काएरै मारिन्थ्यो। जङ्गल सकियो, सब सकियो। राक्षस भन्ने त यही मान्छे नै रहेछन्। मान्छेले....केही राखेन, केही छोडेन, खोला-नाला सुके, धारा र कुवामा पाउनु त कता अब त कलसम्ममा पानी छैन। सरकारले पनि अघि सोचेन, गर्ने बेला हेर्ने बेला केही गरेन, अहिले रेडियो र टिभीमा 'पर्जेवरन, पर्जेवरन' भनेर भयो र?*

(पृ. ११७)

प्रस्तुत उद्धरण पर्यावरण संरक्षणमा केन्द्रित छ। यहाँ प्रकृति विनाशको मूल कारक मानिस तथा उसका क्रियाकलापलाई मानिएको छ। विगतमा जङ्गल हुँदा विभिन्न पशु प्राणी, चराचुरुङ्गी आदि थिए। जङ्गल भएका कारण नै विभिन्न खोला नाला आदि थिए। मानिसले आफूलाई चाहिएको जति खाद्य सामग्रीहरूदेखि आवश्यक वस्तुहरू सबै त्यहीँ जङ्गलबाटै आर्जन गर्दथे। तर मानिसले आफ्ना स्वार्थका

निम्ति जङ्गल विनाश गरेपछि ती सबै पशु प्राणीहरू मासिन पुगे। यसको संरक्षणका निम्ति मानिस तथा सरकार दुवैले सुरुमा सोचेनन् भन्ने कुरा यस कथनमा पाइन्छ।

आज विश्व नै पर्यावरण सङ्कटले त्रस्त देखिन्छ। वनजङ्गल तथा विभिन्न पशु प्राणीहरूका विनाशले आउँदा दिनहरूमा अझ बढी समस्या आउन सक्छ भनेर सरकारले वन तथा पशु प्राणीहरूको संरक्षणमा जोड दिएको छ। यसका निम्ति सरकारले विभिन्न राष्ट्रिय उद्यानहरू बनाएर पशु प्राणी तथा विभिन्न उद्भिद्हरूको संरक्षण गर्ने परियोजनाहरू सुरु गरेको छ। संरक्षणका निम्ति राखिएका यी पशु प्राणी तथा उद्भिद्हरू तस्करीहरूबाट बचाउन परेको घटनालाई लिएर विष्णुलाल उपाध्यायले ‘त्यो अविस्मरणीय दिन’ कथा लेखेको देखिन्छ। जस्तै,

*कुनै दिन चार घरिया सेन्टरबाट गङ्गाधर र कर्णाखिर दुई दाजुभाइले चालिस केजी तौलका हात्तीका दुईवटा दाँत भेटेर विश्वनाथ घाटको वन कार्यालयमार्फत् सरकारलाई सुम्पेका थिए। डेढ केजी गैँडाको खाग जङ्गलमा भेटेर वनविभागको जिम्मा लगाएका थिए। त्यसरी चोरी दाउले काजीरङ्गाको जङ्गलमा पसेर अनमोल काठ काट्ने, माछा मार्ने, सिकार खेल्नेहरूलाई कति खेप पक्रेर वनविभागको जिम्मा लगाएको थियो।*

(पृ. १७१)

राष्ट्रिय उद्यान एउटा विस्तृत क्षेत्रमा फैलिएको हुन्छ जसमा धेरै पारिस्थितिकी तन्त्र हुने गर्दछ। राष्ट्रिय उद्यानहरूको मुख्य उद्देश्य विभिन्न उद्भिद्हरू, पशु प्राणी तथा चराचुरुङ्गीहरूको संरक्षण गर्नु हो। भारतको वन्यजीव ऐक्ट १९७२ अनुसार यी उद्यानदेखि दाउरा काट्न, पशु चराउन तथा कुनै पनि पशु प्राणी र चराचुरुङ्गीलाई मार्न पूर्ण रूपमा प्रतिबन्ध गरिएको हुन्छ। यद्यपि आज विश्वमा वन्यजीवहरूको माग साथै बढ्दो बेरोजगारीका कारणले मान्छे पैसाको लोभमा आएर तस्करी गरेको देखिन्छ।

सिकारको अर्थ हिंसा हो। यस कारण सिकारले पारिस्थितिकीलाई ध्वंस गर्ने काम गरेको देखिन्छ। विशेष गरी सिकारले पर्यावरणको खाद्य शृङ्खलामा असन्तुलन बनाउने गर्दछ। त्यसैकारण पारिस्थितिकीलाई सन्तुलित राख्नाका निम्ति सिकार गर्नु हुँदैन भन्ने कुरा सुखनमले ‘दिन बिग्रेको’ कथामा लोकोक्तिका आधारमा देखाएका छन्-

*निर्धो अबोला पशु प्राणीहरूको ज्यान लिनेमाथि आइपर्छ एकदिन दैवको लाठ्ठी।*

(पृ. १३)

उपर्लिखित वाक्य खोलामा माछा मार्ने, सिकार खेल्ने आदि प्रवृत्तिको उल्लेख गरिएको छ। यसले खाद्य शृङ्खलामा प्रभाव पर्दछ भन्ने तथ्य कथाका माध्यमले देखाइएको छ। प्रकृतिमा मानिसको महत्त्व जति छ त्यति नै मानवेतर प्राणीहरूको पनि छ। तर मानिसले आफ्ना स्वार्थका निम्ति पशु प्राणीको हत्या गर्नाले पारिस्थितिकी असन्तुलित बन्दछ। साथै त्यसको प्रभाव पारिस्थितिकी रूपमा आफैमाथि आइपर्दछ। यसबाहेक उक्त कथामा लोकसंस्कृति अनि मान्यतासँग सम्बन्धित पशु प्राणीको सिकार गर्नु हुँदैन, यसो गरिए वनजङ्गलका देवी देवताहरू रिसाउँछन् भन्ने मान्यता पनि देखिन्छ। यसले मूलतः देवी देवताका नाममा डर देखाएर, सिकार नगर्नु प्रकृतिलाई हानी हुन्छ र प्रकृतिलाई हानी हुनु भनेको आफैलाई हानी हुनु हो भन्ने सङ्केत यस कथाले गरेको छ। यस्तै विश्वासमा आधारित सिकारको प्रसङ्ग निम्न रूपमा आएको छ-

*हत है... कालो मृग पो रहेछ झन्डै हानियो। बिगार हुन्थ्यो। बन्दुक सिसबाट झार्दै भनेँ।*

*निको छ दाज्यु। जङ्गलको धनीले लौ खाऊ कोसेली भनेर दिएपछि केको बिगार। बाटो डोऱ्याउँदै भन्यो।*

*होइन भाइ। जान्यो भने सिकारीले कालो मृग चाहिँ मार्नु हुँदैन। जङ्गलको धनीले बिगारिहाल्छ। मार्ने हुँदा निकै सिकारीहरू बिजोगमा परेका छन्।*

(पृ. ६४)

मृग प्रजातिमा कालो मृग सबैभन्दा दुर्लभ प्राणी हो। यो एकदमै कम्ती भएकाले सुरुदेखि नै यसको संरक्षण गर्ने काम भएको देखिन्छ। यसको सिकार गर्दा एकदिन यो प्रजाति लोप भएर जान्छ अनि त्यसको प्रभाव पारिस्थितिकीमा पर्न जान्छ भन्ने कुरामा लोकले पनि विश्वास गरेको देखिन्छ। उपर्युक्त कथांशका आधारमा प्रकृति सुरक्षा अनि पारिस्थितिकी सन्तुलनको आवश्यकताप्रति लोक पनि सचेत रहेको छ भन्न सकिन्छ।

**४.१.७ अन्यान्य पक्षका आधारमा**

**४.१.७.१ संस्मरणात्मक**

कतिपय कथाकारले आफ्नै जीवनमा घटेका घटना वा यात्राका समयमा देखेका दृश्यलाई विषयवस्तु बनाएर कथा सिर्जना गरेका हुन्छन्। कथाकारले आफ्नो बितेका समय, घटना, वस्तु र महत्त्वपूर्ण कुरा संस्मरणात्मक रूपमा कथामा उल्लेख गरेका हुन्छन्। त्यसैकारण उनीहरूले आफ्ना कथामा विभिन्न स्थान, नद-नदी आदिका घटना र दृश्यहरूको वर्णन गर्दछन्।[145] कतिपय कथाकारहरू सिकार गर्न जङ्गलमा जाने गर्दछन् अनि आफैले सिकार गरेका यथार्थ कथालाई संस्मरणात्मक रूपमा प्रस्तुत गर्छन्। संस्मरण आत्मजीवनीले पाठकहरूलाई तथ्यात्मक सूचना दिने गर्दछ। यसमा व्यक्तिगत जीवनका नीजि अनुभव र अनुभूतिका शृङ्खलाहरूलाई रचनाका रूपमा प्रदान गरिएको हुन्छ।[146] यस्तै संस्मरणमा आधारित भारतीय नेपाली कथाहरूमा एम एम गुरुङको 'दामसाङगडीको भुईं भालू' र शिवकुमार राईको 'तिब्बतको हुलाक-पथ' उदाहरणका रूपमा लिन सकिन्छ।

'तिब्बतको हुलाक-पथ' कथाको पृष्ठभूमि उत्तर सिक्किम र तिब्बतको माझमा पर्ने नाथङ भन्ने ठाउँमा केन्द्रित छ। यस कथामा कथाकारले सानो छँदा तिब्बतमा बिताएका घटनाहरूलाई केही काल्पनिकता र सत्यताको मिश्रण गरेका छन्। कथाकारका पिता अङ्ग्रेजका समयमा डाकघरमा जागिर गर्दथे। उनले आफ्नो अफिसमा प्याकिङ गर्ने एकजना कुले नामक कर्मचारी राखेका थिए जसले उनका निम्ति जङ्गलबाट विभिन्न पशु प्राणीको सिकार गरेर ल्याउने गर्दथे।

त्यसरी नै एम एम गुरुङको 'दामसाङगडीको भुईं भालू' कथामा पनि दामसाङगढीमा भालु मारेको घटनालाई संस्मरण गरी लेखिएको छ। यो कथा प्रथम दृष्टिबिन्दुमा लेखिएको छ। कथाकार स्वयम् नै यस कथाको मूल पात्र रहेकाले उनले धेरै वर्षअघि दामसाङमा भालु मारेको कुरा वर्णनात्मक शैलीमा प्रस्तुत गरेका छन्। यस कथामा कथाकारको साहसिक अनुभवको कथा छ।

नेपाली आख्यानमा सिकारसम्बन्धी कथाहरू लेखिएको भए सिकार कथाकार स्वयम् सिकारी भएर सिकार गरेर कथा भने थोरै लेखिएका छन्। पश्चिमी साहित्यकारहरूमा यस्तो परम्परा धेरै प्रचलित

---

[145] घनश्याम नेपाल, सन् २००३, *निबन्ध-नन्दन*, गान्तोक : जनपक्ष प्रकाशन, पृ. १७

[146] राजेन्द्र सुवेदी, लक्ष्मणप्रसाद गौतम, सन् २००१, *रत्न बृहत् नेपाली समालोचना सैद्धान्तिक खण्ड*, काठमाडौँ : रत्न पुस्तक भण्डार, पृ. २९८-२९९

रहेको देखिन्छ। तीमध्ये जेम्स् फेनिमोर कोपेर, थियोडोर रुजबेल्ट, अर्नेस्ट हेमिङ्वे, जिम कार्वेट आदि साहित्यकारहरूका सिर्जनामा यी कुराको प्रसङ्ग आएको पाइन्छ। एम एम गुरुङको 'दामसाङगडीको भुईं भालू' कथालाई संस्मरणात्मक साथै सिकारीको प्रसङ्गलाई लिएर लेखिएको पहिलो कथा मान्न सकिन्छ। नेपाली साहित्यमा सिकारी स्वयम् कथाकार भएर लेखिएको यो पहिलो कथा हो।

### ४.१.७.२ लोकविश्वास

लोकविश्वास मानिसको आस्थासित सम्बन्धित छ। मानिस प्रकृतिकै अङ्ग हो। यो सुरुदेखि आजसम्म रहेको छ भन्ने प्रमाण लोकविश्वासले दिँदछ। नेपाली समाजमा पनि लोकविश्वासहरू धेरै प्रकारका छन्। तीमध्ये सिकारसम्बन्धी लोकविश्वास पनि एउटा हो। साधारणतः सिकार गर्न गाउँ घरदेखि टाढा जङ्गल वा एकान्त ठाउँमा जाने हुनाले जङ्गलमा भूत प्रेत, चुँडेल, मसान, सोक्पा आदिको बसोबासो गरेको हुन्छ भन्ने कुरा सिकारीहरू विश्वास गर्छ। यसै लोकविश्वासलाई लिएर पनि भारतीय नेपाली कथाहरू लेखिएका छन्। शिवकुमार राईको 'तिब्बतको हुलाक-पथ' कथामा पनि यस्तै लोकविश्वास देखिन्छ। जस्तै,

*कस्तुरी मृग वा वन भेडा फेला पारेको दिन सल्लाको सुकेका हाँगा बिँगाहरू बटुली आगो बाली सुनपाती भैरुङ पातीको धूप हाली कानखुर जंगलमै गर्थ्यो र बोक्न सकिने भए आफै बोकिल्याउँथ्यो, ठुलो सिकार भए पात पतिङ्गरले सिकारलाई ढाकिराखेर गाउँमा सघाउ माग्न आउँथ्यो। सिकार मार्न साथ सिकारीले सबैभन्दा पहिले कानखुर गर्छ, कानखुर नगरी मरेको सिकार छोडिराखे जङ्गलको मालिकले फेरि जिलाएर लैजान्छ भन्ने उनीहरूको विश्वास छ।*

(पृ. ४)

सुखनमका 'दिन बिग्रेको' र 'टल्कने आँखा' कथामा पनि सिकार सम्बन्धित लोकविश्वास पाइन्छ। उनको 'दिन बिग्रेको' कथामा लोकविश्वासको सन्दर्भ पनि पाइन्छ। उनको 'दिन बिग्रेको' कथामा राप्छ बुढाको पुर्खाले भनेको कुरा सत्य ठान्दै भन्छन्-

*दिन बिग्रेको छ भने भेट होइन्दोरैछ नानावलीसित। त्यो दिन मलाई दशाले ग्रस्त पारेको थिए छ। खोला खेप्ने, सिकार खेल्नु साह्रै नराम्रो रैछ। निर्धा अबोला पशु प्राणीहरूको ज्यान लिनेमाथि आइपर्छ एकदिन दैवको लाठ्ठी भन्थे बुढापाकाहरूले।*

(पृ. १३)

प्रस्तुत उद्धरणमा राप्छ बुढाले खोलामा माछा मार्न जाँदा वा जङ्गलमा सिकार खेल्न जाँदा विभिन्न भूत-प्रेत आदि दैविक शक्तिमा विश्वास गरेको देखिन्छ। त्यसरी नै उनको अर्को कथा 'टल्कने आँखा' कथामा सिकारीहरूले कालो मृगलाई मारेको खण्डमा जङ्गली देवताले अनिष्ट गर्छ भन्ने लोकविश्वास देखिन्छ। जस्तै,

*हत है... कालो मृग पो रहेछ झन्डै हानियो। बिगार हुन्थ्यो। बन्दुक सिसबाट झार्दै भनेँ।*

*निको छ दाज्यु। जङ्गलको धनीले लौ खाऊ कोसेली भनेर दिएपछि केको बिगार। बाटो डोऱ्याउँदै भन्यो।*

*होइन भाइ। जान्यो भने सिकारीले कालो मृग चाहिँ मार्नु हुँदैन। जङ्गलको धनीले बिगारिहाल्छ। मार्ने हुँदा निकै सिकारीहरू बिजोगमा परेका छन्।*

(पृ. ६४)

प्रस्तुत उदाहरणमा कालो मृगका संरक्षण गर्नुपर्छ भन्ने भाव पाइन्छ। यसको संरक्षण लोकले नगरे एकदिन यो सकिन्छ भन्ने कुरामा पुर्खाहरू सचेत र सजग थिए। पृथ्वीबाट कुनै प्राणी लोप हुनु भनेको पारिस्थितिकीलाई असन्तुलन हुनु हो। यस कारण यी प्राणीहरूको संरक्षणका गर्नका निम्ति मानिसहरूले जङ्गली देवताले हानि गर्छ भन्ने विश्वास निर्माण गरेको पाइन्छ। यस दृष्टिबाट हेर्दा प्रकृति संरक्षणका निम्ति पनि लोकविश्वासको ठुलो भूमिका रहेको देखिन्छ। तसर्थ प्रस्तुत कथामा सिकारको प्रसङ्ग आए तापनि सिकार गर्नु नराम्रो हो भन्ने भाव नै कथाको मूलमा रहेको पाइन्छ।

#### ४.१.७.३ सिकार विरोधी

सिकार गर्ने परम्परा आदि कालदेखि नै भए तापनि यसका विरुद्धमा पनि सङ्कथनहरू चलिरहेका छन्। यसलाई सिकार विरोधी पक्ष भनेर यस शोधमा राखिएको छ। सिकार गर्ने परम्परा सुरु भएदेखि नै यसका विरोधमा पनि सङ्कथनहरू सुरु भएको अनुमान गर्न सकिन्छ। यसले मानिसको नैतिक मूल्यलाई देखाउँछ। यो विशेषतः धार्मिक पक्षसँग जोडिएको देखिन्छ। तसर्थ यसमा बौद्ध धर्मको 'अहिंसा परमो धर्मः'-को आत्मसात गरेको देखिन्छ। यो मानिसका भावनासँग जोडिएको हुनाले यसमा मानवताको परिचयात्मक गुणलाई देखाइएको हुन्छ।

भारतीय नेपाली कथामा सिकारलाई मानवताका पक्षबाट पनि हेरिएको देखिन्छ। जसमा प्रेम योञ्जनको 'मान्छे मार्ने बाजी' कथालाई लिन सकिन्छ। यस कथामा सिकारीहरूको मनोवैज्ञानिक पक्षलाई देखाइएको छ। कथामा अतिमान (सिकारी), सुखदल, भीमे आदि सिकारी पात्रहरू छन्। उनीहरूले सिकार मनोरञ्जन र स्वाभिमानका लागि गरेको देखिन्छ। मुक प्राणीहरूको सिकार गर्न कुनै सङ्कोच मान्दैनन्। यसलाई कथाकारले सुखदलको माध्यमबाट सिकारी विरुद्ध यसरी भनेका छन्-

*के सिकार मार्ने मान्छे खुनी हैन? मृग, बाघ र कालिजको प्राण हुँदैन? रगत हुँदैन?...*

(पृ. १०९)

प्रस्तुत उद्धरणमा मानवतावादी धारणा पाइन्छ। पशु प्राणीमा पनि प्राण हुन्छ यसै कारण मानिसले पशु प्राणीको हत्या गर्न छोड्नु पर्छ। पशु प्राणीलाई पनि आफूजस्तै प्राणी सोचेर उनीहरूको हत्या होइन तर संरक्षण गर्नु पर्छ वा उनीहरूलाई सुरक्षा दिनु पर्छ भन्ने मानवतावादी दृष्टि यस कथामा पनि रहेको देखिन्छ। तसर्थ यस कथालाई सिकार विरोधी कथाको प्रमुख उदाहरण मान्न सकिन्छ।

मानिसले पशु प्राणीलाई मार्न जतिको सहज तरिकाले सिकार गर्छ त्यति सहस उसलाई मानिसको हत्या गर्न हुँदैन भन्ने भाव निम्न कथांशमा पाइन्छ-

*अतिमान काठझैँ कडा भएर त्यो मान्छेलाई निर्मिमेष हेरिरह्यो। भए भरको साहस बटुलेर उसले आफ्नो निसानलाई हेऱ्यो। उसका आँखामा त्यो मान्छेका आँखाबाहेक अन्य अङ्ग परेन। अतिमानले आँखाबाहेक अरू ठाउँ हेर्ने प्रयास पनि गऱ्यो। उसका आँखा ती आँखादेखि हटेनन्।*

*अतिमानले ती एकोहोरिएका आँखामा त्रास, शङ्का छल्किरहेको देख्यो। त्यहाँ प्रतिशोध र घृणा पाएन। ती आँखा उसलाई निर्दोष शिशुका आँखाझैँ लाग्यो।*

(पृ. ११५)

उक्त कथनमा सिकारीले मानिसको सिकार गर्दा उसले त्यसमा मानवता देखाएको प्रसङ्ग छ। यस कथामा सिकारलाई दुईवटा दृष्टिकोणबाट हेरिएको छ। कथामा पशु प्रेम अथवा प्रकृति प्रेमको सङ्केतहरू पाइन्छन्। पशु प्राणीमा पनि प्राण हुन्छ त्यसलाई पनि स्वतन्त्रता भएर जिउने पूर्ण अधिकार छ भन्ने धारणा

यस कथाको मूल स्वर हो। किनभने यस कथामा अतिमानले पशु प्राणीको सिकार गर्न कुनै सङ्कोच मान्दैन तर मानिसलाई गर्न खोज्दा भने ऊ असफल हुन्छ। यसर्थ मानवता केवल मानिसका निम्ति मात्र नभएर यस पृथ्वीका सम्पूर्ण पशु प्राणी सबैमा रहनु पर्दछ भन्ने सन्देश पनि यस कथाबाट दिइएको पाइन्छ।

## ४.२ निष्कर्ष

भारतीय नेपाली कथाको परम्परालाई हेर्दा ७० को दशकभन्दा अघि सिकारलाई विषयवस्तु बनाएर धेरै कथाहरू लेखिएको देखिन्छ। जसमध्ये शिवकुमार राई, एम एम गुरुङ, हायमनदास राई 'किरात', कृष्णसिंह मोक्तान आदि कथाकारहरू प्रमुख देखिन्छन्। अधिकांश भारतीय नेपाली कथामा सिकारलाई विशेष गरी मनोरञ्जनका रूपमा लिइएको पाइन्छ। यसअतिरिक्त सिकार गर्न जाँदा भूत प्रेतले सताएको विषयवस्तुलाई ग्रहण गरेर पनि कथा लेखिएको पाइन्छ साथै जङ्गली देवी देवता आदिमाथिको आस्थालाई पनि भारतीय नेपाली कथामा चित्रण गरिएको पाइन्छ।

भारतीय नेपाली कथामा यस्ता थोरै कथाहरू छन् जो सिकारी विरोधी वा पर्यावरण संरक्षणका पक्षमा केन्द्रित छन्। केही कथाकारहरूले भने सिकार विरोधी वा पर्यावरण संरक्षणका आधारमा कथाहरू लेखेका छन्। प्रेम योञ्जनको 'मान्छे मार्ने बाजी' कथा मानवतावादी दृष्टिकोणमा आधारित छ भने असीत राईको 'विगतको बादल : वर्तमानको बिहान' कथा पर्यावरण संरक्षणमा आधारित छ। यसबाहेक वर्तमान सिकार गर्न पूर्ण प्रतिबन्ध लगाइएकाले यस किसिमका कथाहरू लेखिन कम अनुमान भने गर्न सकिन्छ। यद्यपि सिकारलाई प्रतीकका रूपमा प्रयोग गरेर लेखिएका कथाहरू गर्न पाइन्छन्। जसमा खुसेन्द्र राईको 'शिकारीहरू' कथा प्रतीकात्मक रूपले लेखिएको छ। अतः भारतीय नेपाली कथामा सिकारका प्रसङ्गहरू विविध रूपमा आएको देखिन्छ।

# पाँचौँ अध्याय

# उपसंहार एवम् निष्कर्ष

## ५.१ उपसंहार

यस लघु शोध प्रबन्धको शीर्षक *भारतीय नेपाली कथामा सिकार प्रसङ्गको विश्लेषणात्मक अध्ययन* रहेको छ। यस शोध कार्यमा सिकारका विविध पक्षहरूहरूको चर्चा गर्दै भारतीय नेपाली कथाको अध्ययन गरिएको छ। मानिस र सिकारको सम्बन्ध आदिम कालदेखि नै रहेको छ। जबदेखि मानिसले भोक लागेको अनुभव गऱ्यो तबदेखि उसले पशु प्राणीहरूको हत्या गर्न सुरु गऱ्यो। यहींदैखि सिकार गर्ने प्रक्रियाको विकास हुन थालेको पाइन्छ। सिकार गर्ने क्रममा मानिसहरू एक ठाउँदेखि अर्को ठाउँमा सरुवा हुन थाले र पछि यिनै मानिसहरू विश्वभरि फैलिन पुगे। तसर्थ सिकार पनि मानिसको यात्रा संस्कृति (ट्राभल कल्चर)-सँग जोडिएर आएको देखिन्छ। प्रारम्भमा आहारका निम्ति सिकार गरिए तापनि पछि यो प्रक्रिया मनोरञ्जनमा परिणत भएको देखिन्छ। तसर्थ सिकार र मानिसको सम्बन्ध उत्पत्ति कालदेखि नै रहेकाले कतिपय स्थितिमा यो संस्कृतिका रूपमा पनि विकास भएको देखिन्छ।

यस लघु शोध प्रबन्धलाई पाँचवटा अध्यायमा विभाजन गरी अध्ययन गरिएको छ। जसमा क्रमैले पहिलो अध्यायमा शोध परिचय, दोस्रो अध्यायमा समाजमा सिकारको अवधारणा र यसको विकास, तेस्रो अध्यायमा भारतीय नेपाली समाज र नेपाली साहित्यमा सिकारको सन्दर्भ, चौथो अध्यायमा सिकार प्रसङ्गका आधारमा भारतीय नेपाली कथाको विश्लेषण अनि पाँचौँ अध्यायमा उपसंहार एवम् निष्कर्ष रहेको छ।

लघु शोध प्रबन्धको पहिलो अध्याय 'शोध परिचय' रहेको छ। यस पहिलो अध्यायअन्तर्गत शोधको शीर्षक, शोध परिचय, शोध समस्या, शोधको उद्देश्य, पूर्वकार्यको सर्वेक्षण अनि समीक्षा, शोध प्रयोजन, शोध विधि, शोध सीमा, लघु शोध प्रबन्धको रूपरेखा र भावी शोधकर्तालाई सुझाउ उपशीर्षकहरू राखिएका छन्। यस शोध अध्ययन गर्ने क्रममा चारवटा शोध समस्यालाई चयन गरी तिनका उद्देश्यहरूको समाधान गरिएको छ। भारतीय नेपाली कथामा सिकारको प्रसङ्गलाई आगमनात्मक शोध विधिद्वारा अध्ययन गरिएको छ।

शोध कार्यको दोस्रो अध्यायमा ‘समाजमा सिकारको अवधारणा र यसको विकास’ राखिएको छ। यस अध्यायअन्तर्गत सिकारको परिचय, सिकारको पृष्ठभूमि, सिकारको उद्देश्य, सिकार र बलिप्रथाको सम्बन्ध, सिकार गरिने विधि र उपकरण, सिकारको वर्गीकरण, सिकारको अभिप्राय, लोकसाहित्यमा वर्णित सिकारको प्रसङ्ग, लोकसंस्कृति, परिवेश विमर्शका दृष्टिले सिकार, सिकार सम्बन्धित कानुन र निष्कर्ष गरी विविध उपशीर्षकहरूमा विभाजन गरी समाजमा सिकारको अवधारणा र यसको विकासलाई हेरिएको छ। यस अध्यायमा सिकारको परिचय र वर्गीकरणलाई ध्यानमा राखेर अध्ययन गरिएको छ। मानिस र सिकारको सम्बन्ध आदि कालदेखिकै हो। प्रारम्भमा मानिसले बाँच्नका लागि सिकार गरे तापनि पछि यसका विधि र उद्देश्यमा परिवर्तन हुँदै गए। आधुनिक कालमा आएर यसलाई मनोरञ्जनको साधन बनाइएको विषयबारे पनि चर्चा गरिएको छ। सुरुदेखि आजसम्म सिकारलाई कसरी हेरिएको छ अनि यसको विकासक्रम कसरी अघि बढेको छ भन्ने कुराको पनि सङ्क्षिप्त चर्चा गरिएको छ। यसबाहेक सिकारका प्रकार साथै यसका निम्ति मानिसहरूले प्रयोग गरेका हातहतियारहरूको पनि सामान्य परिचय राखिएको छ।

यसै अध्यायमा सिकारको अभिप्राय, लोकसाहित्य र परिवेश विमर्शसँग सिकारको सम्बन्ध आदिको पनि अध्ययन गरिएको छ। लोकसाहित्यअन्तर्गत लोककविता, लोकगीत, लोकगाथा, लोकोक्ति आदिमा देखिएका सिकारको प्रसङ्गका बारेमा सङ्क्षिप्त चर्चा गर्दै परिवेश विमर्शअन्तर्गत पारिस्थितिकी तन्त्रका आधारमा सिकारको प्रसङ्गलाई विश्लेषण गरिएको छ।

प्रकृतिले आफ्ना परिवेशअनुकूल खाद्य शृङ्खलाको निर्माण गरेको हुन्छ। यस शृङ्खलामा कहिलेकाहीँ असन्तुलन भए त्यसलाई प्रकृतिले नै सन्तुलित गर्ने गर्दछ। तर मानिसले आफ्ना विलासी वा मनोरञ्जनका निम्ति सिकार गर्ने गर्छ। जसको प्रत्यक्ष प्रभाव पारिस्थितिकी तन्त्रमा पर्दछ। तसर्थ सन् १९७२ देखि भारतमा सिकार गर्न पूर्ण रूपले प्रतिबन्ध लाग्यो र त्यसपछि भने भारत सरकारले पर्यावरण संरक्षणका निम्ति विभिन्न परियोजनाहरू सञ्चालन गर्दै आइरहेको देखिन्छ। दोस्रो अध्यायको अन्तिम उपशीर्षकमा  अध्यायगत निष्कर्ष राखिएको छ। शोधको पहिलो समस्या ‘सिकार प्रथा सुरु हुनाका कारण के हुन सक्छ?’-बारे खोज गरी यसको समाधान पनि यसै अध्यायमा गरिएको छ।

यस लघु शोध प्रबन्धको तेस्रो अध्यायको शीर्षक 'भारतीय नेपाली समाज र नेपाली साहित्यमा सिकारको सन्दर्भ' हो। यस अध्यायअन्तर्गत नेपाली समाजको परिचय, नेपाली साहित्यमा सिकारको अवधारणा र विकास, सिकारसम्बन्धी लेखिएका भारतीय नेपाली कथाको सङ्क्षिप्त अध्ययन गर्नाका साथै अनि अन्त्यमा निष्कर्ष राखिएको छ।

तेस्रो अध्यायको पहिलो उपशीर्षकमा नेपाली समाजको सामान्य परिचय राखिएको छ। नेपाली समाजमा सिकारको अवधारणा सुरुदेखि रहेको कुरा किराती मुन्दुम र लेप्चाहरूको लोककथामा पाइन्छ। यस कारण सिकार र नेपाली समाजको सम्बन्ध पनि सुरुदेखि नै रहेको देखिन्छ भन्ने अध्ययन यस उपशीर्षकमा गरिएको छ। साहित्यमा सिकारको प्रसङ्ग महत्त्वपूर्ण रहेको छ। कतिपय अध्येताहरूले त अझ साहित्यको उत्पत्ति नै सिकारबाट भएको हो भन्ने मत पनि राखेको पाइन्छ। यस अध्यायको दोस्रो उपशीर्षकमा नेपाली साहित्यमा सिकारको प्रसङ्ग संस्कृत, फारसी, अरबी आदि साहित्यका माध्यमबाट भित्रिएको चर्चा गरिएको छ। यस अतिरिक्त नेपाली साहित्यमा सिकारको प्रसङ्ग तथा भारतीय नेपाली कथामा सिकारको विकासप्रक्रियालाई कालक्रमिक रूपमा अध्ययन गरिएको छ। प्राथमिक कालीन नेपाली साहित्यका विविध विशेषताहरूमध्ये सिकार पनि एउटा प्रमुख विशेषता रहेको देखिन्छ। त्यसरी नै आधुनिक नेपाली साहित्यका कविता, निबन्ध, उपन्यास आदि विधामा सिकारको प्रसङ्ग विशेष महत्त्वका साथ आएको पाइन्छ।

यसै अध्यायको तेस्रो उपशीर्षकमा सिकारसम्बन्धी लेखिएका भारतीय नेपाली कथाको सङ्क्षिप्त अध्ययन राखिएको छ। नेपाली साहित्यमा सिकारसम्बन्धी लेखिएको पहिलो कथा 'नरबहादुर गुरुङ' (सन् १९२८) हो भन्ने मत ईश्वर बरालको छ। यस शोध अध्ययनले पनि बराललाई नै आधार मानेको छ। भारतीय नेपाली कथामा सिकारका प्रसङ्गहरूको चर्चा गर्दै शिवकुमार राईको *फ्रण्टियर* (सन् १९५१)-देखि खुसेन्द्रको *खुर्मी* (सन् २०१९)-सम्मका कथा सङ्ग्रहलाई कालक्रमिक रूपमा राखेर यसको विश्लेषण गरिएको छ। शोध समस्याले उठाएको दोस्रो प्रश्न 'नेपाली साहित्यमा सिकारको प्रसङ्ग भित्रिनाका कारणहरू के के छन्?'-को समाधान यस अध्यायमा भएको छ।

लघु शोध प्रबन्धको चौथो अध्याय 'सिकार प्रसङ्गका आधारमा भारतीय नेपाली कथाको विश्लेषण' रहेको छ। यसअन्तर्गत भारतीय नेपाली कथामा पाइने सिकारका विविध पक्ष, उद्देश्यका

आधारमा, प्रयोजनका आधारमा, विधिका आधारमा, पद्धतिका आधारमा, सिकारमा प्रयोग गरिने प्रमुख साधनहरू, परिवेश विमर्शका आधारमा, अन्यान्य पक्षका आधारमा र निष्कर्ष गरी उपशीर्षकहरू राखिएको छ। भारतीय नेपाली कथामा तेह्रजना कथाकारहरू क्रमैले शिवकुमार राई, हायमनदास राई 'किरात', एम एम गुरुङ, कृष्णसिंह मोक्तान, इन्द्रबहादुर राई, असीत राई, प्रेम योञ्जन, पारसमणि प्रधान, प्रदीप गुरुङ, विष्णुलाल उपाध्याय, बद्रीनारायण प्रधान, सुखनम अनि खुसेन्द्र राईका कथामा प्राप्य सिकारको प्रसङ्गलाई यसका विविध पक्षका आधारमा विश्लेषणात्मक अध्ययन गरिएको छ।

सिकारसम्बन्धी कुनै ठोस सिद्धान्त नभएकाले यसका विशेषता, वर्गीकरण, उद्देश्य, प्रयोजन, विधि तथा सिकार विरोधी धारणा आदिका आधारबाट विश्लेषण गरिएको छ। प्रस्तुत लघु शोध प्रबन्धको तेस्रो समस्या- भारतीय नेपाली कथामा अभिव्यक्त सिकार प्रसङ्गले कस्तो समाजलाई देखाइएको छ? अनि नेपाली कथामा अभिव्यक्त सिकारको अभिप्रायलाई कसरी बुझ्न सकिन्छ र यसको प्रभाव परिवेश विमर्शमा कस्तो परेको छ? जस्ता समस्याको समाधान यस अध्यायमा गरिएको छ।

यस लघु शोध प्रबन्धको पाँचौँ अध्याय 'उपसंहार एवम् निष्कर्ष' रहेको छ। उपसंहारअन्तर्गत पहिलो अध्यायदेखि चौथो अध्यायसम्मको समष्टि रूप राखिएको छ भने निष्कर्षमा यस शोधमा प्राप्त निष्कर्षलाई बुँदागत रूपमा राखिएको छ।

### ५.२ निष्कर्ष

यस लघु शोध प्रबन्धमा प्राप्त निष्कर्षलाई बुँदागत रूपमा यसरी राखिएको छ-

१. सिकार र मानिसको सम्बन्ध उत्पत्ति कालदेखिकै हो।

२. सिकारको सामान्य अर्थ कुनै पशु प्राणीको हत्या गर्नु भन्ने हुँदछ। तसर्थ नृकेन्द्री दृष्टिबाट यो औचित्यपूर्ण देखिए तापनि प्रकृतिपरक धारणाका आधारमा सिकारलाई नकारात्मक दृष्टिबाट हेरिन्छ।

३. लोकइतिहासमा ठुला ठुला पशुहरूको सिकार गरेर मानिसले आफूलाई महामानव वा सर्वशक्तिमान प्रामणित गर्ने प्रयास गरेको कुरा विभिन्न किंवदन्ती, मिथक, गाथा आदिमा वर्णन गरिएको पाइन्छ। सिकार प्रसङ्गका दृष्टिले यसलाई नृकेन्द्रित धारणा मानिन्छ।

४. प्राचीन कालमा सिकार गर्नाको प्रमुख कारण आहारको खोजी र आत्मरक्षाका निम्ति थियो भने आधुनिक कालमा यसको उद्देश्य मनोरञ्जन वा सौक रहेको देखिन्छ।

५. सिकार गर्नाले प्रकृति, पर्यावरण अनि खाद्य प्रणाली वा खाद्य शृङ्खला असन्तुलन हुँदछ जसको प्रभाव प्रकृति र मानव जीवन दुवैमा पर्दछ। सिकारले प्रकृति अनि परिवेश विमर्शको खाद्य शृङ्खला असन्तुलन बनाउने हुनाले यसको सकारात्मकभन्दा नकारात्मक प्रभाव धेरै देखिन्छ।

६. नेपाली साहित्यमा सिकार प्रसङ्गलाई मानवीय, मनोवैज्ञानिक, आर्थिक तथा सामाजिक पक्षबाट हेरेर प्रयोग गरिएको पाइन्छ।

७. नेपाली समाजमा सिकार संस्कृतिका रूपमा रहेका केही दृष्टान्तहरू पाइन्छन्। सिकारी देवीको पूजा तथा किरातीहरूको सकेवा पूजाले यस कुराको पुष्टि हुँदछ। नेपाली जातिअन्तर्गत किरातीहरूमा यो प्रथा अद्यावधि रहेको छ, यद्यपि आज पशु प्राणीहरूको सिकार नगेरर सिकार गरेको अभिनय मात्र गरिन्छ।

८. नेपाली लोकवार्ता सम्बन्धित अथवा साहित्यका विविध विधाहरू ज्वरोत्पत्ति तथा लोक औषधिशास्त्र तथा धार्मिकोपदेशका कृतिहरूमा  सिकारको प्रसङ्ग परोक्ष रूपमा रहेको देखिन्छ।

९. सन् ९४३ (सं १०००) तिर लेखिएको ‘बाज परीक्षा’ नेपाली साहित्यमा सिकारसम्बन्धी लेखिएको पहिलो गद्य हो भने सन् १९२८ मा लेखिएको ‘नरबहादुर गुरुङ’ (अज्ञात) कथा सिकारसम्बन्धी लेखिएको पहिलो नेपाली कथा हो।

१०. भारतीय नेपाली कथाकारहरूले सिकार गरेको यथार्थ अनुभवलाई आफ्ना डायरी वा संस्मरणात्मक लेखहरूमा लेखेको पाइन्छ। पारसमणि प्रधानको ‘अजीब भोज’, एम एम गुरुङको ‘दामसाङगडीको भुईंभालू’ यसका दृष्टान्त कथाहरू हुन्।

११. भारतीय नेपाली कथामा सिकारका विविध पक्षहरू आएका छन्, जसमध्ये जीविकोपार्जन, मनोरञ्जन एवम् सौक तथा सिकार विरोधी पक्ष आदि प्रमुख देखिन्छन्। शिवकुमार राईको ‘माछाको मोल’, पारसमणि प्रधानको ‘साढे सातको कथा’, प्रदीप गुरुङको ‘लाजुम रानी, सुनाखरी र डालिम गढी’ कथामा जीविकोपार्जनका निम्ति सिकार गरिएको पाइन्छ। मनोरञ्जनका निम्ति सिकार गरेको प्रसङ्ग शिवकुमार राईको ‘चुनारगढकी बन्दिनी’, हायमनदास राई ‘किरात’-को ‘जुडिथ’ तथा इन्द्रबहादुर राईको ‘जयमाया आफू मात्र लेखापानी आइपुगी’ कथामा आएको

पाइन्छ भने प्रेम प्रधानको 'मान्छे मार्ने बाजी' र सुखनमको 'टल्कने आँखा'-मा सिकारप्रति विरोध भाव रहेको छ।

१२. भारतीय नेपाली कथामा शिवकुमार राईको 'ज्यानमारा'-को उजिरमान, असीत राईको 'महापुरुषको अन्त्य'-को सुवेदार, प्रेम योञ्जनको 'मान्छे मार्ने बाजी'-को अतिमान आदि सिकारी पात्रहरू भूतपूर्व सैनिक हुन्। यी पात्रहरूको प्रयोगलाई हेर्दा उनीहरूको झुकाउ सिकारप्रति सम्बद्ध भएको देखिन्छ।

१३. भारतीय नेपाली कथाको विकासक्रम हेर्दा सन् १९७० को दशकपूर्वका कथामा सिकारको प्रसङ्ग अधिक आएको छ। यस दसकपछि लेखिएका कथाहरूमध्ये सन् २०१९ मा प्रकाशित खुसेन्द्र राईको *खुर्मी*भित्र परेको एउटा कथा 'शिकारीहरू'-मा सिकारको प्रयोग प्रतीकात्मक रहेको छ।

१४. भारतीय नेपाली कथामा सिकारप्रति विरोधी भाव बढ्दै गएको देखिन्छ अर्थात् सिकार गरिनु प्रकृतिप्रति गरिएको ह्रास मानिएको छ। प्रेम प्रधानको 'मान्छे मार्ने बाजी' अनि सुखनमको 'टल्कने आँखा' कथामा यो प्रवृत्ति रहेको देखिन्छ। भारतीय नेपाली कथाकारहरूले आफ्ना कथाको माध्यमबाट सिकार गरिनु राम्रो होइन भन्ने सचेतता रहेको देखिन्छ।

१५. यहाँ विश्लेषित कथाहरूका आधारमा सिकार प्रसङ्गलाई हेर्दा धेरजसो कथामा कथाकारको मानवतावादी दृष्टि रहेको पाइन्छ। विष्णुलाल उपाध्यायको 'त्यो अविस्मरणीय दिन', प्रेम योञ्जनको 'मान्छे मार्ने बाजी' एवम् असीत राईको 'विगतको बादल : वर्तमानको बिहान' आदि कथालाई माथि उल्लिखित दुईवटा विषयका उदाहरण मान्न सकिन्छ।

१६. सिकार प्रसङ्गका दृष्टिले भारतीय नेपाली कथाकारहरू पशु प्राणी तथा प्रकृतिको सुरक्षा र संरक्षणप्रति धेर सचेत छन्। सिकार भन्नसाथ हिंसा बुझिन्छ। यसले पशु प्राणीको हत्या गर्नाका साथै पर्यावरण ध्वंस गर्नामा पनि उत्तिकै अहम् भूमिका निर्वाह गरिरहेको छ। बौद्ध दर्शनअनुसार पशु प्राणी तथा उद्भिद् सबैमा प्राण हुन्छ र उनीहरूले मान्छेले जस्तै जीवन बाँचिरहेका हुन्छन्। जैन धर्मअनुसार पशु प्राणी तथा उद्भिद्बाहेक खोला-नाला, पहाड, पर्वत, तथा माटो आदि सबैमा जीवन हुन्छ यस कारण यी सबैको नाश गर्नु पनि हिंसा हो। तसर्थ धार्मिक दृष्टिकोणबाट सिकारलाई अमान्य ठहर गरिएको छ। अतः भारतीय नेपाली कथामा सिकारका विविध प्रसङ्गहरूको उल्लेख पाइए तापनि मान्छेले सिकार गर्न छोड्नु पर्छ। सबैको प्राणको मूल्य एउटै हो। वरीयताका आधारमा म शक्तिशाली

र तिमीहरू शक्तिहीन हौँ भन्ने नीच सोचदेखि मान्छे माथि उठेर सर्वहित एवम् सर्वजनका निम्ति कर्म गर्नु पर्छ। यो पृथ्वी सबै प्राणी र प्रकृति बाँच्ने र बस्ने ठाउँ हो। सबैले समान रूपले बाँच्ने अधिकार पाउनु पर्छ भन्ने मानवतावादी विचारधाराको समर्थनमा भारतीय नेपाली कथाकार र उनीहरूका कथाको मूल उद्देश्य रहेको यस शोध अध्ययनको निष्कर्ष रहेको छ।

# ग्रन्थसूची

## नेपाली पुस्तकहरूको सूची

गिरी, अमर, सन् २०१७, *भूमण्डलीकरण र साहित्य*, काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स

गुरुङ, नरेन्द्र, सन् २०१७, *लोक दर्पणभित्र भञ्ज्याङका भाकाहरू*, सिलगढी : ग्राफिक्स प्रिन्टर्स्

गुरुङ, प्रदीप, सन् २००७, *बिरिमफूल,* गोरूबथान : कथार्थ

जोशी, गिरिशबल्लभ, सन् १९६५, *वीरचरित्र*, काठमाडौँ : जगदम्बा प्रकाशन

थेमिम, शोभाकान्ति, सन् २००३, *तात्पर्य र साहित्य प्रयोगका सन्दर्भमा प्रकृतिको विश्लेषण* (शोध पत्र), गान्तोक : शोभाकान्ति थेगिम (लेप्चा) मेमोरियल ट्रस्ट

दाहाल, विद्यापति, सन् २०१४, *भारतीय नेपाली साहित्यको इतिहास,* मैसुर : सिआइआइएल

नेपाल, घनश्याम, सन् २०२१, *नेपाली साहित्यको परिचयात्मक इतिहास*, कालेबुङ : उपमा प्रकाशन

पराजुली, कृष्णप्रसाद, सन् २००४, *नेपाली उखान र गाउँखाने कथा*, काठमाडौँ : रत्न पुस्तक भण्डार

पौड्याल, लेखनाथ, सन् २००९, *तरुण तपसी*, काठमाडौँ : साझा प्रकाशन

प्रधान, गुप्त, सन् २००८, *धुमिल पृष्ठ,* दार्जिलिङ : गामा प्रकाशन

बराल, कृष्णहरि, सन् २०१२, *कथा सिद्धान्त*, काठमाडौँ : एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा लि

भट्टराई, रमेशप्रसाद, सन् २०२०, *सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ*, काठमाडौँ : भुँडीपुराण प्रकाशन

मिश्र, सत्यदेव, सन् २०१२, *अमरकोशः,* जयपुर : गजदीश संस्कृत पुस्तकालय

योञ्जन, जस, सन् २००२, *परख*, दार्जिलिङ : श्याम ब्रदर्स प्रकाशन

राई, इन्द्रबहादुर, सन् २०१८, *विपना कतिपय*, दार्जिलिङ : विष्ट पब्लिकेशन प्राइवेट लिमिटेड

राई, एम सी, सन् २०२१, *किराती लोककथाहरू*, दार्जिलिङ : मिरभ कम्प्युकेट प्रिन्टर्स

राई, खुसेन्द्र, सन् २०१९, *खुर्मी*, सिलगडी : साङ्ग्रिला बुक्स इण्डिया लि

राई, प्रकाश, सन् २०१५, *तर कहिले* (नवीकरण र संशोधन), जोरबङ्गलो : बैशालू प्रकाशन

राई, राजबहादुर, सन् २००८, *रङ्दु कमानको परिवेशभित्र*, मिरिक : अरुण सिग्ची

राई, शिवकुमार, सन् १९६१, *यात्री*, दार्जिलिङ : पी एम प्रधान एण्ड सन्स

......., सन् १९७६, *खहरे*, गान्तोक : जनपक्ष

........, सन् १९८९, *बडा डिनर*, गान्तोक : नेपाली साहित्य सम्मेलन

......., सन् १९९४, *शिवकुमार राईका सात कथा*, दार्जिलिङ : नेपाली साहित्य सम्मेलन

......, सन् २०१५, *मिल्किएका कथाहरू*, गोरूबथान : नवयुग नेपाली पुस्तक मन्दिर

शर्मा, मोहनराज, सन् २००१, *कथाको विकासप्रक्रिया,* काठमाडौँ : साझा प्रकाशन

शर्मा, हरिप्रसाद, सन् २०१०, *कथाको सिद्धान्त र विवेचना*, काठमाडौँ : साझा प्रकाशन

सुब्बा, देवचन्द्र, सन् २०२१, *नेपाली कवितामा परिवेश,* कालेबुङ : उपममा

सुब्बा, मनप्रसाद अनि रेमिका थापा, सन् २०१२, *किनारा विमर्श*, दार्जिलिङ : गामा प्रकाशन

**हिन्दी पुस्तकहरूको सूची**

गौतम, पुष्प राज अनि विद्या गौतम, सन् २०१२, *ग्लोबल वार्मिंग : समस्या और समाधान*, दिल्ली : उर्जा प्रकाशन

चातक, गोविन्द, सन् २०००, *पर्यावरण परंपरा और अपसंस्कृति*, नई दिल्ली : तेज प्रकाशन

नम्र, अमन (अनु), सन् २००६, *हमारा पर्यावरण*, नई दिल्ली : नेशनल बुक ट्रस्ट

व्यास, अरुणा, सन् २०१६, *लोक संस्कृति, समाज एवं पारिस्थितिकी संतुलन*, जयपुर : राजस्थान हिन्दी ग्रन्थ अकादमी

सिंह, सुधा, सन् २०११, *पर्यावरण शिक्षा*, इलाहाबाद : लोकभारती प्रकाशन

**अङ्ग्रेजी पुस्तकहरूको सूची**

किङ्ग, डी एन्थोनी, सन् २००७, *कलोनियल अर्वन डेभल्बमेन्ट*, लन्डन एन्ड न्युयोर्क : रुटलेज टेलर एन्ड फ्रान्सिस ग्रुप

थम्सन, एस, सन् १९५५-१९५८, *मोटिफ-इनडेक्स अव् फोक-लिट्लेचर*, ब्लुमिन्टन : इन्डियाना युनिभर्सिटी प्रेस

.........., सन् २००६, *किलिङ एनिमल्स*, उर्वना एन्ड सिकागो : युनिभर्सिटी अव् इल्लिनोइस प्रेस

हाम्स, रोविट, सन् १९८७, *गेम्स अगेनस्ट नेचर : एन इको-कल्चरल हिस्ट्री अव् द नुनु अव् इक्वेटोरियल अफ्रिका,* क्याम्ब्रिज : क्याम्ब्रिज युनिभर्सिटी प्रेस

पोप, सेक्टोन, सन् २००५, *हन्टिङ विथ द वोऊ एन्ड एरो*, प्रोडक्ट वाइ एरिक एल्ड्रेड, मरभिन ए होडजेस, टोन्या एल्लिन, चार्ल्स फ्रेन्कस एन्ड अनलाइन डिस्ट्रिव्युट

मिल्टोन, केय, सन् १९९६, *इन्भाइरोमेन्टलिज्म एन्ड कल्चरल थ्योरी,* लन्डन एन्ड न्युयोर्क : रुटलेज टेलर एन्ड फ्रान्सिस ग्रुप

**सम्पादित नेपाली पुस्तकहरूको सूची**

अधिकारी, रामलाल (सम्पा), सन् १९८८, *नेपाली कथा-यात्रा*, नई दिल्ली : साहित्य अकादमी

अर्याल, भैरव (सम्पा), सन् २०१०, *साझा कथा*, काठमाडौँ : साझा प्रकाशन

गौतम, लक्ष्मणप्रसाद र ज्ञानु अधिकारी, सन् २०१२, *नेपाली कथाको इतिहास,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान

खतिवडा, लेखराज र महेन्द्र भण्डारी, सन् २०२०, *आधुनिक नेपाली कथाका उत्तरवर्ती चरणका प्रवृत्ति,* काठमाडौँ : नेपाली प्रज्ञा प्रतिष्ठान

गिरी, जीवेन्द्र देव (सम्पा), सन् २०१५, *नेपाली लोकवार्ता*, काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान

चेम्जोङ, इमानसिंह (सम्पा), सन् २०१६, *किराती दन्त्यकथा*, काठमाडौँ : साझा प्रकाशन

छेत्री, तुलसीबहादुर, अन्य (सम्पा), सन् १९७७, *सम्मेलन कथा-संग्रह*, दार्जिलिङ : नेपाली साहित्य सम्मेलन

ज्ञवाली, सूर्यविक्रम (सम्पा), सन् २०१२, *भानुभक्तको रामायण*, दिल्ली : अकादमी र नेपाली साहित्य सम्मेलन प्रकाशन

त्रिपाठी, बासुदेव (सम्पा), सन् २००९, *साहित्य सिद्धान्तः शोध तथा सृजनविधा*, काठमाडौँ : पाठ्य सामग्री पसल

नामदुङ्ग, जीवन, सन् २००१, *सुखनमका कथाहरू*, दार्जिलिङ : साझा पुस्तक प्रकाशक

पौड्याल, नवीन (सम्पा), सन् २०११, *अनुशीलन*, चन्दन नगर : ओरियन प्रेस इन्टरनेसनल

प्रधान, प्रेम (सम्पा), सन् २०१०, *केही अध्याय केही विवेचना*, दार्जिलिङ : साझा पुस्तक प्रकाशन

बराल, ईश्वर (सम्पा), सन् १९९६, *झ्यालबाट,* काठमाडौँ : साझा प्रकाशन

बोहरा, गणेशबहादुर (सम्पा), सन् २०१२, *वातावरणीय शिक्षा*, भोटाहिटी : विद्यार्थी पुस्तक भण्डार

वाङ्गदी, रिन्जी इडेन (सम्पा), सन् २०१८, *शिवकुमार राईका कथाहरूको अध्ययन*, दार्जिलिङ : विजय कमल प्रधान

सुवेदी, राजेन्द्र र लक्ष्मणप्रसाद गौतम (सम्पा), सन् २०११, *रत्न बृहत् नेपाली समालोचना*, काठमाडौँ : रत्न पुस्तक भण्डार

**सम्पादित अङ्ग्रेजी पुस्तकहरूको सूची**

बेबत्रा, कैलाश चन्द्र (सम्पा), सन् २०११, *डिस्कनेरी अव् फोरेस्ट्री एन्ड वाइल्डलाइफ साइन्सेस*, नई दिल्ली : कन्सेप्ट पब्लिसिङ प्रा लि

**जर्नल एवम् पत्र पत्रिकाहरूको सूची**

कार्कीढोली, वीरभद्र र तोपधन राई (सम्पा), सन् १९९५, *प्रक्रिया सामयिक विविध विषय रचनाहरू,* गान्तोक : शान्ति प्रकाशन

......., सन् २००६, *स्थापना, वर्ष-९, अङ्क १५,* गान्तोक : शान्ति प्रकाशन

छेत्री, राजकुमार, अन्य (सम्पा), सन् २०१४, *चरित्र*, वर्ष : २८, पूर्णाङ्क : १३, कालेबुङ : चरित्र प्रकाशन,

दाहाल, मोहन पी (सम्पा), सन् २०१७, *अभिज्ञान*, वर्ष ६ अङ्क ७, नेपाली विभाग : उत्तर बङ्ग विश्वविद्यालय,

........., सन् २०१६, *नेपाली अकादमी जर्नल,* वर्ष १२, अङ्क १२, नेपाली विभाग : उत्तर बङ्ग विश्वविद्यालय

पाण्डे, लिखत (सम्पा), सन् २००९, *भृकुटी समालोचनात्मक एवम् अनुसन्धानात्मक साहित्यिक-सांस्कृतिक त्रैमासिक*, पूर्णाङ्क ६, काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेशन्स्,

विष्ट, सञ्जय, सन् २०१०, *चरित्र कथा विशेषाङ्क*, कालेबुङ : चरित्र विशेषाङ्क

शर्मा, पुष्प (सम्पा), सन् २०१७, *अनुसन्धान*, वर्ष १, अङ्क २, नेपाली विभाग : सिक्किम विश्वविद्यालय,

सुब्बा, देवचन्द्र (सम्पा), सन् २०१८, *अनुसन्धान*, वर्ष २, अङ्क ३, नेपाली विभाग : सिक्किम विश्वविद्यालय,

**नेपाली शोध प्रबन्धहरूको सूची**

राई, चन्द्रिका, सन् २०१९, *शरद छेत्रीका कथामा मानवेतर पात्र प्रयोगको विश्लेषणात्मक अध्ययन*, उत्तर बङ्ग विश्वविद्यालय : नेपाली विभाग

सापकोटा, कृष्णकुमार, सन् २०२२, *स्वातन्त्र्योत्तर नेपाली कथामा उत्तरउपनिवेशवाद*, सिक्किम विश्वविद्यालय : नेपाली विभाग

सुब्बा, देवचन्द्र, सन् २०१९, *नेपाली ऋतु काव्यहरूको परिवेशपरक अध्ययन,* उत्तर बङ्ग विश्वविद्यालय: नेपाली विभाग

**अङ्ग्रेजी शोध प्रबन्धहरूको सूची**

जुड्किन, रायन रुस्सेल, सन् २०१२, *नोवेल भेनेरी : हन्टिङ एन्ड द एरिस्ट्रोक्रेटिक इमेजिनेसन इन मेडिवल इङ्ग्लिङ लिटरेचर*, ओहियो : दि ओहियो स्टेट युनिभर्सिटी

विलियम्स, जेरिको, सन् २०१७, द *अमेरिकन हन्टिङ स्टोरी एन्ड द फरमेसन अव् इन्भाइरोमेन्टल लिटरेचर,* मोर्गनटाउन : डिपार्टमेन्ट अव् इङ्ग्लिस

**वेब स्रोतहरूको सूची**

डुनडेस, एलेन, सन् १९९७, 'द मोटिफ-इनडेक्स एन्ड द टेल टाइप इनडेक्स : अ क्रिटिक्स', *जरनल अव् फोकलोर रिसर्चस,* खण्ड ३४, अङ्क ३, इन्डियाना युनिभर्सिटी प्रेस, पृ. १९५-२०२, स्रोत- http://www.jstor.org, 13.06.2014, 21:49

नेल्सन, फ्रेड, अन्य, सन् २००५, 'द एथिक्स अव् हन्टिङ', *फ्रन्टियर्स इन इकोलजी एन्ड द इन्भाइरोमेन्ट,* खण्ड ३, अङ्क ७, युएसए : इकोलजिकल सोसाइटी अव् अमेरिका, स्रोत-www.jstor.org, 06/01/2022, 13:23

पार्थसारथी, डी, बिन्ती सिंह, सन् २०१८, ‘इन्ट्रोडक्सन : कल्चर, प्लेस एन्ड इकोलजी’, *इन्डियन एन्थ्रोपलोजिस्ट*, खण्ड ४८, अङ्क २, इन्डियन एन्थ्रोपलोजिकल एसोसिएसन, स्रोत- www.jstor.org 08/01/2022, 10:18

फ्रिडमन, विलियम, सन् १९७१, ‘द लिटरेरी मोटिफ : अ डेफिनेसन एन्ड इभ्यालुएसन’, *नोभेल : अ फोरुम अन फिक्सन,* खण्ड ४, अङ्क २, डुक युनिभर्सिटी प्रेस, स्रोत- http://www.jstor.org, 14.06.2014, 00:34

रिचेल, अ मिलर, सन् १९७९-१९८०, ‘रिगल हन्टिङ : ड्राइडेन्स इनफ्लुयन्स अन विन्डसोर-फोरेस्ट’, *एट्इन्थ सेन्चुरी स्टडिज*, खण्ड १३, अङ्क २, अमेरिका : द जोन्स हप्किङ्स युनिभर्सिटी प्रेस, स्रोत- www.jstor.org, 20/05/2022, 14:21

.........., सन् २०१७, ‘मेन-इटर ल्योपार्ड अव् रुद्रप्राग’, जेएसएल लाइब्रेरी, स्रोत- www.jsllibraryEdu. 24/05/2022, 10:33